# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक

वर्ष १ अङ्क ८ | २०७३ साउन २४ गते सोमबार | Monday, Aug 08, 2016 | पृष्ठ ८ | मूल्य रु. १०|-


## जनयुद्धका सहिदमाथि किन अन्याय ?

**काठमाडौं ।** शान्तिप्रक्रिया सुरु भएको १० वर्ष पुगिसक्दा पनि जनयुद्धका सहिद परिवारलाई राहत वितरणमा सरकारले कन्जुस्याई गरिरहेको छ ।

देशमा आमूल परिवर्तनको सपनासहित जनयुद्धको शंखघोष गरेको माओवादी पार्टीका दुई नेता तीन पटक देशको कार्यकारी प्रधानमन्त्री बनेपनि उनीहरुले सहिद, घाइते, अपांग, वेपत्ता पारिएका परिवारलाई दिने भनिएको १० लाख अझैसम्म उपलब्ध गराएको छैन ।

विभिन्न सरकारका पालामा राज्यका तर्फबाट केही राहत उपलब्ध गराइएपनि पूर्वसहमति र प्रतिबद्धताअनुसार राहत नपाउँदा जनयुद्धका सहिद परिवार निराश बनेका छन् । शान्ति प्रक्रियाको सुरुवातसँगै दलहरुबीच जनयुद्धका सहिद, वेपत्तालाई १० लाख राहत उपलब्ध गराउने सहमति बनको थियो ।

शान्तिप्रक्रियासँगै १० वर्षे जनयुद्धको नेतृत्वकर्ता प्रचण्ड दुई... *बाँकी ८ पेजमा*

## आन्दोलन छोडेर मन्त्रालय ताक्दै मधेसी मोर्चा

**काठमाडौं ।** सत्तारुढ दाहाल-देउवा गठबन्धनसँग ३ बुँदे सम्झौता गरेपछि आन्दोलनलाई बीचैमा छाडेर मधेसी मोर्चाका नेताहरु मालदार मन्त्रालय ताक्न थालेका छन् । प्राप्त समाचार अनुसार मधेसी मोर्चाका नेताहरुले सरकारमा सहभागी हुन ८ वटा मन्त्रालय पाउनुपर्ने सर्त अघि सारेका छन्। सरकारमा जानका लागि ८ मन्त्रालयको माग गरेको तमलोपाका एक नेताले जानकारी दिए । संघीय गठबन्धनकै नेतृत्वमा सरकारमा जाने तयारी भइरहेको ती नेताले बताए । यो गठबन्धनमा जातीय मोर्चासहित २९ दल सामेल छन् । मोर्चाका नेताहरुले परराष्ट्र, स्थानीय विकास, भौतिक योजनासहित अरु साना मन्त्रालयमा दाबी गरेका छन् । सात मधेसी दल रहेको मोर्चाका ३९ र सङ्घीय गठबन्धनमा मोर्चासहित ४७ जना सांसद रहेका छन् ।

संघीय गठबन्धनको आन्दोलनलाई नजिकबाट हेरिरहेका राजनीतिक विश्लेषकहरुले भने संघीय गठबन्धनसहित मधेसी मोर्चा आफ्ना ११ बुँदे माग सम्बोधन हुने पर्याप्त आधार नहुँदै सरकारमा जान खोजेर गल्ती गरेको बताएका छन् । आन्दोलनलाई बीचैमा छाडेर फेरि सत्तास्वार्थमा लाग्नु मधेसी जनतामाथिको अर्को धोका हुने उनीहरुको विश्लेषण छ ।

# क्रान्तिकारी माओवादीले गऱ्यो संघर्षको घोषणा

- भाद्र १५ मा सुकुम्बासी समस्याबारे प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउने
- भाद्र २४ गते राष्ट्रिय स्वाधीनता र अपरकर्णालीबारे देशव्यापी विरोध प्रदर्शन गर्ने

◆ **वर्गदृष्टि संवाददाता**
*काठमाडौं ।*

नेकपा (क्रान्तिकारी माओवादी) ले देशव्यापी संघर्षको घोषणा गरेको छ । २०७३ साउन १६ देखि १९ गतेसम्म पार्टी कार्यालय बुद्धनगरमा बसेको पार्टीको केन्द्रीय समितिको बैठकले लिइएका निर्णयहरु सार्वजनिक गर्दै यस्तो घोषणा गरेको हो । पार्टी अध्यक्ष मोहन वैद्य'किरण'ले हस्ताक्षर गर्दै अपर कर्णाली, सुकुम्बासी समस्या, भ्रष्टाचार, कमिसनखोरी, महंगी, कालोबजारी, भूकम्पपीडितहरुको राहत तथा पुनर्निर्माणलगायतका विषयमा केन्द्रीत रहेर देशव्यापी संघर्ष गर्ने जनाउनु भएको छ ।

"राष्ट्रिय स्वाधीनता र अपर कर्णाली लगायत जलविद्युत् परियोजनाबारे व्यवस्थित रूपमा सङ्घर्षलाई विकसित तुल्याउने र त्यसबारे यही भाद्र २४ गते देशव्यापी विरोध प्रदर्शन गर्ने जनाएको छ ।" श्रावण २० गते जारी गरिएको विज्ञप्तीमा भनिएको छ, "सुकुम्बासी समस्याबारे प्रधानमन्त्री समक्ष ज्ञापनपत्र बुझाउने र भाद्र १५ गते देशका विभिन्न जिल्लाहरूमा विरोध प्रदर्शन गर्ने ।"

पार्टीका बरिष्ठ नेता सिपी गजुरेल' गौरव'को नेतृत्वमा संयुक्त मोर्चा समिति निर्माण गर्ने निर्णय गरेको क्रान्तिकारी माओवादीले संयुक्त मोर्चा तथा विभिन्न जवस मोर्चाहरूमार्फत् भ्रष्टाचार, कमिशनखोरी, महङ्गी, कालाबजारीको विरोध र भूकम्पपीडितहरूका लागि नवनिर्माणको व्यवस्था लगायतका विषयलाई लिएर सङ्घर्षको कार्यक्रम दिने जनाएको छ । उसले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका ज्वलन्त विषयलाई लिएर आवश्यक तयारीसहित सङ्घर्षका अन्य कार्यक्रम दिँदै जाने पनि विज्ञप्तीमा उल्लेख गरेको छ । स्थानीय रूपमा राज्य र जिल्लाहरूको स्थितिमाथि आवश्यक ध्यान दिँदै त्यसअनुरुप सिर्जनात्मक रूपमा आवश्यक पहल गरी सङ्घर्षका कार्यक्रमहरू सञ्चालन गर्ने पनि बैठकले निर्णय गरेको छ ।

### क्रान्तिको घनिभूत तयारीमा जुट्ने

बैठकले क्रान्तिको घनिभूत तयारीमा सिंगो पार्टीपंक्तिलाई प्रभावकारी रुपमा परिचालन गर्ने पनि निर्णय गरेको छ । अध्यक्ष किरणद्वारा बैठकमा सङ्गठन, सङ्घर्ष लगायत विविध विषयमा प्रस्तुत भएको मौखिक प्रस्ताव परिमार्जन तथा संशोधनसहित पारित गरेको बैठकले क्रान्तिको तयारी तथा सङ्घर्षको विकासका निम्ति विचार, सङ्गठन र आर्थिक व्यवस्थापनका काममा केन्द्रित तथा घनीभूत रूपमा सिङ्गो पार्टी पङ्क्तिलाई प्रभावकारी रूपमा परिचालित गर्ने निर्णय हो । क्रान्तिका निम्ति आवश्यक पर्ने तीन जादुगरी हतियारको आवश्यकतामाथि जोड दिँदै त्यसदिशातर्फ पार्टी दृढतापूर्वक अघि बढ्ने तयारीमा लागेको पार्टीका एक केन्द्रीय सदस्यले जानकारी दिए । बैठकले केन्द्रीय समितिका कतिपय रिक्त स्थानहरूमा कतिपय जिम्मेवार कमरेडहरूलाई थप गरी समावेश पनि गरेको छ । यसैगरी केन्द्रीय... *बाँकी ८ पेजमा*

## अहिलेको सरकारबाट दक्षिणतिर खुसीयाली



■ **शंकर सुवेदी** ⁄ चितवन

नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य'किरण'ले अहिलेको सरकार परिर्वतनबाट दक्षिणतिर खुशीयाली छाएको बताएका छन् । क्रान्तिकारी पत्रकार महासंघ चितवनले आइतबार भरतपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष किरणले यस्तो बताएका हुन् । भारततिर इसारा गर्दै सरकार उसैको इसारामा परिर्वतन भएको उनले बताए ।

अघिल्लो सरकारले भारतसंगको निर्भरता घटाउँदै अर्को छिमेकी मुलुक चिनसँग गरेको पारवहन सम्झौताले राम्रो सुरुवात गरेको बताउँदै अध्यक्ष किरणले सरकारले अपरकर्णालीको जिम्मा भारतलाई दिने कार्यको कडा शब्दमा विरोध ... *बाँकी ७ पेजमा*

# प्रचण्डसँग भारत र चीनको दोहोरो चासो

◆ **वर्गदृष्टि संवाददाता**

**काठमाडौं ।** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड दोस्रो पटक प्रधानमन्त्री बनेसँगै भारत र चीनको दोहोरो चासो ह्वात्तै बढेको छ ।

प्रचण्ड प्रधानमन्त्री हुने हल्लाचलेसँगै दक्षिण भारतमा खुसियाली छाएको समाचार भारतीय सञ्चारमाध्यमहरुले नै प्रकाशन प्रसारण गर्नुले प्रचण्डको नेतृत्वप्रति दक्षिणी छिमेकीको चासो झल्किन्छ ।

त्यतिमात्रै होइन् निवर्तमान प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारलाई माकेले दिएको समर्थन फिर्ता भएसँगै भारतको एक चर्चित पत्रिकाको अनलाइन संस्करणले नेपालमा भारतको पुनरोदय हुँदै भनेर समाचार प्रकाशित गरेको थियो भने सोही अनलाईनले माकेका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री बनाउन सहयोग माग्दै माकेका नेता मातृका यादव दिल्ली पुगेर त्यहाँका शीर्ष नेताहरुसँग बिन्ती बिसाएको समाचार समेत प्रकाशित भएको थियो ।

माकेका नेता यादवले छातीको उपचारका लागि भन्दै दिल्ली गएर भारती नेताहरु डीपी त्रिपाठी, करण सिंहलगायतका नेताहरुलाई भेटेर प्रचण्डलाई प्रधानमन्त्रीमा सहयोग गरिदिन आग्रह गरेका थिए ।

नेपालको संसदबाट निर्वाचित हुने प्रधानमन्त्रीका लागि भारतको सहयोग माग्नुले सत्ताको चाबी नेपालभित्र नभएको प्रष्टिन्छ । प्रचण्डलाई यसले दक्षिण भारतको नेपालमा सत्ता राजनीतिमा देखिने चासो प्रष्ट पारेको छ । त्यतिमात्रै नभई ओली सरकारविरुद्धको अविश्वासको प्रस्तावमाथि मतदान हुने दिन ओलीले संसदमा सम्बोधन सुरु गर्नुभन्दा अघि नै भारतको टेलिभिजन च्यानल आजतकको अनलाईन संस्करणमा नेपालका प्रधानमन्त्री केपी ओलीले पदबाट राजीनामा दिएको समाचार प्रकाशित गरेको थियो ।

त्यसको दुई घन्टापछि मात्रै प्रधानमन्त्री ओलीले संसदबाट राजीनामाको घोषणा गरेका थिए र नेपाली सञ्चारमाध्यममा समाचार आएको थियो । यसैगरी भारतीय अर्को टेलिभिजन च्यानल जी न्युजमा नेपालको पछिल्लो राजनीतिक घटनाक्रम र प्रचण्डले सपथ ग्रहण गर्ने र मन्त्रीपरिषद् विस्तारसम्मका समाचार प्राथमिकताका साथ प्रसारण भइरहेका छन् ।

... *बाँकी ८ पेजमा*

# प्रचण्ड सरकार, भ्रष्टाचार र राष्ट्रिय स्वाधीनताको प्रश्न

माओवादी केन्द्रले एमालेसँगको गठबन्धन तोडेर नेकासँग मिलेर सरकार गठन गरेको छ । नेकाको टेकोमा प्रचण्ड प्रधानमन्त्री बनेका छन् । स्थानीय चुनावसम्म प्रचण्ड प्रधानमन्त्री बन्ने त्यसपछि सरकारको नेतृत्व नेकालाई दिने सहमति भएको कुरा बाहिर आएको छ । यसबाट के प्रष्ट हुन्छ भने वास्तवमा माके नेकालाई सरकारको नेतृत्व दिने माध्यम बन्न पुगेको छ । प्रचण्ड प्रधानमन्त्री भएपनि वास्तवमा सरकारको कामकारबाही नेकाको नीतिअनुसार चल्ने कुरा प्रष्ट छ ।



रामसिंह श्रीस

संसदीय व्यवस्था शोषक वर्गको व्यवस्था हो । नेपालको सन्दर्भमा दलाल, नोकरशाही पुँजीपति र सामन्तवर्गको हितमा काम गर्ने व्यवस्था हो । त्यसकारण यो व्यवस्था रहँदासम्म जुनसुकै पार्टीको सरकार आएपनि नेपाली मजदुर किसान लगायत आम शोषित पीडित जनताको हितमा काम हुन सक्दैन । तैपनि तुलनात्मक रुपमा सही सरकार आएमा मात्रात्मक रुपमा भएपनि देश र जनताको हितमा केही राम्रा कामहरु हुन सक्छन् । तर अहिलेको सत्तासिन पार्टी नेका र माकेको चरित्र र विगतलाई हेर्दा यो सरकारबाट आशा गर्ने ठाउँ छैन ।

### भ्रष्टाचारको प्रश्न

आज देश भ्रष्टाचारले आक्रान्त छ । भ्रष्टाचारले संस्थागत रुप लिंदै गएको छ । जनताहरु सानोभन्दा सानो काम पनि घुस नखुवाएसम्म, दलालहरुलाई नपकडेसम्म गराउन सक्दैनन् । प्रशासनको क्षेत्र होस्, विकास निर्माणको क्षेत्रमा होस् जता हेरेपनि भ्रष्टाचार नै भ्रष्टाचार देखिन्छ । राजनीतिक भ्रष्टाचार व्यापक भएर गएको छ । यो अवस्थाको अन्त्य कसले गर्ने ? भ्रष्टाचारलाई नियन्त्रण र निर्मूल पार्ने काम सरकारको हो । २०४६ सालभन्दा पहिले पञ्चायती व्यवस्थाको नाममा राजावादीहरुले गर्नुसम्म गरे । २०४६ सालदेखि अहिलेसम्मको अवस्थाको मूल्यांकन गऱ्यौं भने भ्रष्टाचारमा कमी आएन । भ्रष्टाचारका रुपहरु फेरिए, पात्रहरु फेरिए भ्रष्टाचारमा कमी आउने भन्दा झन् फस्टाएर गएको छ ।

देशको विद्यमान भ्रष्टाचारको यो अवस्थालाई यो सरकार नियन्त्रण गर्ने र निर्मूल पार्ने दिशातिर जान सक्ला ? जनताले के आशा गर्ने ? नेका र माकेको विगत र विद्यमान चरित्रलाई हेर्दा भ्रष्टाचार अझ सुसंगत ढंगबाट अगाडि बढ्ने अनुमान गर्न सकिने आधारहरु छन् । ०४६ सालदेखि अहिलेसम्म सबभन्दा लामो समय सरकार चलाउने पार्टी नेका नै हो । यही पार्टीको नेता तथा मन्त्रीहरु भ्रष्टाचारका ठूल्ठूला काण्डमा कुनै न कुनै रुपमा मुछिएकै छन् । कतिपय कांग्रेस नेताहरुले जेल सजाए पनि खाए । तर जो भ्रष्टाचारमा जेल सजाए खाए त्यस्ता भ्रष्ट नेतालाई तिनका कार्यकर्ताहरुले फूल र अबिरले स्वागत गर्दछन् । तिनै नेताहरु नेकामा अहिले पनि हावी छन् ।

एमाओवादीले पहिले पनि प्रचण्ड र बाबुरामको नेतृत्वमा सरकारको नेतृत्व गरेको थियो । त्यो बेला एमाओवादीको नेतृत्वको सरकारले भ्रष्टाचार निर्मूल गर्ने प्रयत्न त गरेनन् नै बरु उल्टै उसकै मन्त्रीहरु पनि भ्रष्टाचारमा मुछिएका थिए । कतिपयलाई त अख्तियारले पत्र पनि काट्यो । अख्तियारले पत्र काटेका व्यक्तिहरु नै अहिले मन्त्री भएका छन् । यिनीहरुको हिजोको व्यवहार र आजको उनीहरुको चरित्र हेर्दा यिनीहरुले भ्रष्टाचार रोक्छन् भनेर आशा गर्ने कुनै ठाउँ छैन ।

अब रह्यो प्रतिपक्षको भूमिका । अहिले मुख्य प्रतिपक्षी एमाले बनेको छ । ०४६ सालदेखि अहिलेसम्म

... *बाँकी ७ पेजमा*

# भारतीय ज्यादतीका विरुद्ध लडेका तिलाठीबासीलाई डा. केसीको उपचार

◆ **वर्गदृष्टि संवाददाता**

**सप्तरी ।** एक हप्ता अघि भारतले सप्तरीको तिलाठीस्थित दशगजा क्षेत्रमा खाँडो नदी थुनेर एकतर्फी रुपमा बाँधेको बाँध तिलाठीबासीले भत्काइदिएपछि तिलाठीबासीको चर्चा एकाएक देशव्यापी बन्यो । भारतीय ज्यादतीका विरुद्ध लड्ने साहस देखाएका तिलाठीबासीको देशभक्त नेपालीले उच्च प्रशंसा गरे । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले त विज्ञप्ती नै जारी गरेर तिलाठीबासीलाई अभिनन्दन गरे । र, सो पार्टीले तिलाठीबासीको समर्थनमा काठमाडौंको भोटाहिटीमा एक सभा नै आयोजना गरेको थियो । विभिन्न राजनीतिक पार्टीसंवद्ध विध्यार्थी र युवाहरुले पनि तिलाठीबासीको पक्षमा प्रदर्शन गरेका थिए । चिकित्सा क्षेत्रभित्र भएको भ्रष्टाचार र अनियमित्ताका विरुद्ध सत्याग्रह गर्दै आएका डा.गोविन्द केसी पनि तिलाठीबासीको समर्थन र सम्मानमा त्यहीं पुगेका छन् र भारतीय हस्तक्षेप विरुद्ध लडेका घाइते र बाढी पीडितहरुलाई निःशुल्क उपचार गरेका छन् ।

'एक नेपालीले अर्को नेपालीलाई परेको बेला सहयोग गर्नैपर्छ, अन्यथा नेपाली हुनुको मतलव के ?' चिकित्सा तथा स्वास्थ्य क्षेत्रमा देखिएको बिकृति तथा भ्रष्टाचार हटाउने अभियानमा लागेका डा. केसीले हाम्रा स्थानीय संवाददातासँग भने "अहिले सप्तरीका जनता बाढीको चपेटामा छन् । यहाँ सहयोगको आवश्यक्ता महसुस भएकाले सहयोग गर्न आएको छु ।" उनले... *बाँकी ८ पेजमा*

## सम्पादकीय

# मधेश आन्दोलनको बिसर्जन ?

वर्गीय आन्दोलनसँग नजोडिएका जातीय, क्षेत्रीय तथा लैङ्गिक आन्दोलनहरु अन्ततः सम्झौतामा गएर टुंगिन्छन् । मधेस आन्दोलन पनि अन्ततः प्रचण्ड-देउवा सत्तारुढ गठबन्धनसँग गरिएको तीनबुँदे सम्झौतासँगै टुंगिन पुगेको छ । यो सम्झौतासँगै मधेश आन्दोलनमाथि एकपटक फेरि धोका हुन पुगेको छ । सैयौं मधेसी जनताको बलिदानको जगमा खडा भएको मधेस आन्दोलन फेरि सत्ता स्वार्थमै अल्झिएर बिसर्जित हुन पुगेको छ ।

पटक-पटक भएका मधेश आन्दोलनले धेरै प्रश्नहरुलाई सतहमा ल्याइदिएको छ । आन्दोलनबाट मधेशी जनता अधिकारका निम्ति जागृत भएपनि आजसम्म भएका आन्दोलनहरु त्यहाँका वास्तविक जनताका लागि हुन सकेका छैनन् । नेताहरु सत्तामा पुग्ने र मालदार मन्त्रालय हात पारेर निहीत स्वार्थ पूर्ति गर्ने माध्यम मात्रै बन्न पुगेका छन् ती आन्दोलनहरु । मधेशका जनताले पटक पटक प्रश्नहरु गर्ने गरेका छन्, तीन तीनपटक गरेको मधेश आन्दोलनले मधेसी जनताको दैनिक जीवनमा के परिवर्तन ल्याउन सक्यो ? त्यसको जवाफ दिन सक्ने हैसियतमा मधेसी दलका नेताहरु छैनन् । किनकि, सत्तास्वार्थले गर्दा उनीहरुले त्यो हैसियत गुमाइसकेका छन् ।

अहिलेसम्म भएका मधेश आन्दोलनमा सैयौं मधेशी योद्धाहरुले बलिदान गरे । हजारौं घाइते भए । लाखौं जनता सडकमा उत्रिए । तर यस आन्दोलनका नेताहरुले जनतालाई पटक पटक धोका दिँदै आए र यो पटक पनि दिए । त्यसो त पछिल्लो आन्दोलनमा नेताहरुले प्रदर्शन गरेको अकर्मण्यता र शक्तिकेन्द्रितको दौडधुपपछि जनताको आकर्षण र सहभागिता ह्वात्तै घटिसकेको थियो । जनताले नेताहरुलाई पत्याउन छाडेपछि नेताहरु सुरक्षित अवतरणको खोजिमा दिनरात लागेका थिए । सडकबाट खुल्लामञ्चहुँदै पाटी प्यालेसमा आइपुगेको आन्दोलन सत्ता गठबन्धनमा पुऱ्याएर बिसर्जित तुल्याइदिए ।

फोरम र राज्यबीच ०६३ मा भएको सम्झौताबमोजिम जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरियो । संविधानसभाको प्रत्यक्ष निर्वाचनका लागि छुट्याएको २४० सिट मध्ये ११८ सिट तराई मधेसमा परे। समानुपातिक निर्वाचनमा पनि उस्तै पद्धति अपनाइयो। जसले मधेसको सिट बढायो । ६०१ सदस्यीय संविधानसभामा सबै दलबाट गरी मधेसी समुदायको २१० अर्थात ३४ प्रतिशत भन्दा बढीको प्रतिनिधित्व सम्भव भयो । तर वास्तविक अर्थमा मधेसी जनताले यो परिवर्तनबाट कुनै राहत पाएको महसुस गर्न सकेनन्, सकेका छैनन् ।

अन्तरिम संविधानमा ४० प्रतिशत प्रत्यक्ष निर्वाचन प्रणालीबाट र ६० प्रतिशत समानुपातिकबाट प्रतिनिधित्वको व्यवस्था गरिएको थियो । जसलाई अहिलेको संविधानमा उल्टाइएको छ । नेपालको संविधान ०७२ मा ६० प्रतिशत प्रत्यक्ष निर्वाचनबाट र ४० प्रतिशत समानुपातिकबाट प्रतिनिधित्वको व्यवस्था गरिएको छ। यी लगायत मधेसी मोर्चाले अगाडि सारेका ११ बुँदे माग सम्बोधन गर्न यो संविधान संशोधन अनिवार्य छ । संविधान संशोधनका लागि संसदमा पक्षमा दुईतिहाइ मत पुऱ्याउनुपर्ने प्रावधान छ। प्रतिपक्ष एमाले र राप्रपाको समर्थनविना संविधान संशोधन सम्भव देखिन्न । संविधान संशोधन आफ्ना मागहरु सम्बोधन हुने बलियो आधार नदेखिदै मधेसी दलका नेताहरु सत्तामा जान आतुर र आकांक्षी देखिए ।

घटनाक्रमले के सावित गऱ्यो भने मधेसवादी दलका नेताहरुले सञ्चालन गरेको आन्दोलन र उनीहरुले गर्दै आएको राजनीतिको स्वतन्त्र हैसियत रहेनछ । अन्ततः उनीहरु पनि शक्तिकेन्द्रका गोटी नै सावित हुन पुगे । प्रधानमन्त्रीको अघिल्लो चुनावमा आन्दोलन छोडेर स्व.शुशिल कोइरालाको पक्षमा सदनमा मतदान गर्न आउनु र अहिले प्रचण्डको पक्षमा मतदान गर्नु उनीहरुको स्वविवेकी निर्णय थिएन र होइन ।

सप्तरीको तिलाठीबासीले दशगजामा भारतीय ज्यादतीका विरुद्ध वीरतापूर्वक प्रतिरोध गर्दैगर्दा मधेसवादी पार्टीका नेताहरु भारतीय दूतावास धाउँदै थिए । मधेशका हुन् वा पहाडका सबै संसदीय राजनीतिक पार्टीहरुमा विदेशीको दलाली गर्ने प्रवृत्ति नाङ्गो रुपमा उजागर भएको छ । आफ्ना निहीत शासकीय महत्वकांक्षा पूरा गर्न उनीहरु पूरै देशै बेच्न पनि पछि पर्दैनन् भन्ने घातक प्रवृत्ति देखिएको छ । ओली, दाहाल, देउवा वा यादव आज एउटै वर्गस्वार्थका सारथी बनेका छन् । अभिजातवर्गीय शासकीय राजनीतिक महत्वकांक्षाबाहेक उनीहरुसँग श्रमजीवि, शोषित उत्पीडित जनसमुदायलाई अधिकारसम्पन्न बनाउने कुनै रोडम्याप छैन ।

शोषित-उत्पीडित जनता चाहे पहाडका हुन् वा मधेसका उनीहरुको वर्ग चरित्र एउटै छ, उनीहरुले बाँचिरहेको जीन्दगी उस्तै अभावग्रस्त छ । जीन्दगीका भोगाइ र अनुभूतिहरु उस्तै छन्, प्रचण्ड र उपेन्द्रहरु, देउवा र महन्थ ठाकुरहरुको जीवनस्तर उस्तै भएजस्तै । यसर्थ, मधेसमा अब आन्दोलन वा संघर्षको नयाँ थालनी हुन जरुरी छ । पटक पटकको धोका र गद्दारीबाट निर्मम पाठ सिकेर वास्तविक अर्थमा जनतालाई अधिकारसम्पन्न बनाउन 'वर्गसंघर्ष' बाहेक अर्को विकल्प छैन । वर्गमुक्ति आन्दोलनको नेतृत्वमा जातीय, क्षेत्रीय आन्दोलनहरुलाई जाडेर लान सकिएको खण्डमा मात्र वास्तविक अर्थमा जनताले मुक्ति पाउन सक्छन्, जनता अधिकारसम्पन्न हुन सक्छन् । अन्यथा, जनताले रगत बगाएर निर्णायक हैसियतमा पुऱ्याएका आन्दोलनहरु यसरी नै बिसर्जित र विघटित हुँदै जानेछन् ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा

विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


# अवसरवादविरुद्धको लडाईं र क्रान्तिकारी योजनाको कार्यान्वयन तथा विकास

**हरिभक्त कँडेल'प्रतिक'**


यतिवेला नेपाली कम्युनिष्ट आन्दोलन विशेष, जटिल र ऐतिहासिक मोडबाट गुज्रिरहेको छ । केही महिना अगाडि सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठकले, क्रान्तिकारी धाराका रुपमा रहेको यसै पार्टीलाई समाप्त पार्न रचिएका भित्री र बाहिरी तीव्र चलखेल र विभिन्न षड्यन्त्रका विरुद्ध भीषण दुईलाइन संघर्षको सामना गर्नुपऱ्यो । आफूलाई क्रान्तिकारी कम्युनिष्ट धाराका प्रतिनिधि भनी अभिव्यक्ति दिइरहेका कतिपय कमरेडहरु समेत दक्षिणपन्थी-अवसरवादी हावाहुरीका विरुद्ध डटिरहन सकेनन् । अन्ततः उनीहरु नवसंशोधनवादीहरुको संसदवादी चंगुलकै मतियार भए । उनीहरु ढले र पार्टीले संगठनात्मक रुपमा ठूलै क्षति व्यहोर्नु पऱ्यो । तथापि, वैचारिक/राजनीतिक रुपमा भीषण दुईलाइन संघर्षमा दक्षिणपन्थी नवसंशोधनवाद-अवसरवादमाथि ठूलो सैद्धान्तिक विजय हासिल गर्न सफल भएको छ । नवसंशोधनवाद र त्यसको पुच्छरको रुपमा प्रयोग भएको वादल गुटले पार्टीलाई समाप्त पार्नमा निकै प्रयत्न गरेको थियो । भर्खरै सम्पन्न ऐतिहासिक राष्ट्रिय भेलाद्वारा यस प्रकारको निर्मम संघर्षबाट हामीले निर्णायक ऐतिहासिक विजयका निम्ति एउटा स्पातिलो नयाँ ढंगको पार्टी निर्माणको लागि जग खडा गर्न सफल भएका छौं । यो समग्र क्रान्तिकारी आन्दोलन, पार्टीका सबै स्तरका नेता, कार्यकर्ता लगायत पार्टीका लागि खुशी र गौरवको विषय हो । यो राष्ट्रिय भेलाले साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद तथा तिनीहरुबाटै पैदा भएको दक्षिणपन्थी अवसरवादले खडा गरेका विभिन्न षड्यन्त्र र चुनौतीहरुको दृढतापूर्वक सामना गर्दै नयाँ जनवादी क्रान्ति तयारीको काममा अगाडि बढ्न गरेको प्रतिबद्धताले समग्र पार्टीपंक्तिलाई उत्साहित तुल्याएको छ ।

**अवसरवादविरुद्धको लडाइं**

कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी धारा र दक्षिणपन्थी अवसरवादी धाराको लडाइँ कहिले सुषुप्त त कहिले भीषण रुपमा पार्टी स्थापनाकालदेखि नै राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा चल्दै आएको इतिहास छ । कम्युनिष्ट पार्टी विपरीततहरुको एकत्व भएकोले यहाँभित्र चल्ने अन्तरसंघर्ष अर्थात् दुई लाइन संघर्षले पार्टीलाई जीवन्त र गतिशील बनाउने काम गर्दछ । क्रान्तिकारी आन्दोलन विभिन्न मोडहरुमा हुने गरेका भीषण दुईलाइन संघर्ष र वर्गसंघर्षकै बीचबाट अगाडि बढ्ने गरेको छ । यहाँ नेपाली कम्युनिष्ट आन्दोलनको सबै चर्चा नगरी केवल तत्कालीन एकीकृत माओवादी पार्टीबाट विद्रोह गरी नेकपा-माओवादीको स्थापनाको आवश्यकतादेखि हालसम्मको मुख्यतः सबभन्दा पछिल्लो वादल गुटसँगको संघर्षको सामान्य चर्चा गरिने छ ।

लामो समयसम्म क्रान्तिकारीहरुले प्रचण्ड र बाबुराममा रहेको वर्गीय-राष्ट्रिय आत्मसमर्पणवाद, पार्टीका आधिकारिक निर्णयहरुको परित्याग, सर्वहारावर्गीय आचरणको परित्याग, महान जनयुद्धका उपलब्धिहरु र जनमुक्ति सेना नेपालको विसर्जनलगायतका विरुद्ध क्रान्तिकारीहरुले दुईलाइन संघर्ष चलाइरहे । प्रचण्ड-बाबुराम मण्डलीलाई क्रान्तिकारी रुपान्तरणको लागि गरिएको अन्तर्संघर्ष क्रमशः कमजोर र निस्तेज पार्ने अवस्था देखिएपछि तथा दक्षिणपन्थी नवसंशोधनवादीहरुले आफ्नो पकड बढाउँदै गएको अवस्थामा पार्टीभित्र रहेर थप दुईलाइन संघर्ष मैत्रीपूर्ण बन्न नसक्ने अवस्था पैदा भएकोले क्रान्तिकारीहरुका लागि मालेमावादको रक्षा, प्रयोग र विकासका लागि सिद्धान्तनिष्ठ पार्टी, त्यसको क्रान्तिकारी रणनीति र कार्यदिशा-कार्यनीति लागू गर्न, सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्न विद्रोह बाहेक अर्को विकल्प रहेन । त्यसैले क्रान्तिकारीहरुले विद्रोहको बाटो रोजे र नेपाल कम्युनिष्ट पार्टी-माओवादीको जन्म भयो ।

पार्टी एकता र फुटबारे अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा धेरै चर्चा परिचर्चा भएका छन् । पार्टीभित्र एकताको आधार सिद्धान्त, विचार, रणनीति, कार्यदिशा, कार्यनीति र कार्यक्रमको एउटै बुझाइ हो । यी र यस्ता विषयलाई अलग गरेर एकताको कुरा गर्नु पाखण्ड मात्र हो । पार्टी एकता भन्नु एउटा प्रिय र राम्रो कुरा हो । तर एकताको आवरणमा उपयोगितावाद, संसदवाद, आत्मसमर्पणवाद र बिसर्जनवादको प्रयोग भएको अवस्थालाई फुटवाद भनिन्छ । तत्कालीनको फुट यसैसँग सान्दर्भिक छ । यसबारे लेनिन भन्नुहुन्छ, "एकता धेरै राम्रो कुरा हो र एकता धेरै राम्रो नारा हो । परन्तु मजदुरहरुको उद्देश्यका लागि जुन वस्तु आवश्यक छ, त्यो मार्क्सवादीहरुको एकता हो न कि मार्क्सवादीहरु र मार्क्सवादको विरोध तथा त्यसलाई विकृत गर्नेहरुसितको एकता ।"१



हरिभक्त कँडेल'प्रतिक'

फुटवादवादीहरुले एकतालाई क्रान्तिकारी उद्देश्य पूरा गर्ने नभै क्षणिक स्वार्थ र फाइदाका लागि सिद्धान्तको परित्याग गर्ने, व्यवस्थापनको नाममा जागिर खाने, प्रतिक्रियावादी व्यवस्थाको साझेदारी बन्ने, संसदवाद र मिलेरुवाँवादको भद्दा रुपमा आत्मसाथ गरी वर्गसमन्वयको बाटो अँगिकार गर्ने, मार्क्सवादले कहिँ कतै प्रयोग नगरेको मन्त्रीमण्डलवादको नाङ्गो प्रयोगले मालेमावादको परित्याग गरेको कुरालाई स्पष्ट पारेको छ । नेकपा (माओवादी केन्द्र)ले अहिले यही प्रयोग गरिरहेको छ ।

लेनिनले फुटको स्रोतको रुपमा निम्नपुँजीवादी चिन्तन, अवसरवाद, साम्राज्यवादीहरुसँगको साँठगाँठ र विभिन्न प्रकारका निहीत स्वार्थप्रेरित सम्बन्ध, आर्थिक लेनदेनलाई बताउनु भएको छ । यसबारे लेनिन भन्नुहुन्छ, "जब कुनै पार्टी संशोधनवादको भासमा फसिसकेको हुन्छ, त्यो बेला त्यससितको सम्बन्ध विच्छेद् गर्नु अनिवार्य रुपमा आवश्यक हुन्छ । ...."जनसाधारणलाई अवसरवादसँग सम्बन्धविच्छेदको अपरिहार्यता तथा आवश्यकता सम्झाउनु, अवसरवादका विरुद्ध निर्मम संघर्ष चलाएर उनीहरुलाई क्रान्तिका लागि शिक्षित दीक्षित तुल्याउनु । यो हो विशुद्ध मजदुर आन्दोलनमा एकमात्र मार्क्सवादी लाइन ।"२ लेनिनको उपरोक्त उक्तिले दक्षिणपन्थी अवसरवादसँगको लडाईंको महत्व र आवश्यकतालाई मालेमावादीहरुले कसरी लिनुपर्दोरहेछ भन्ने कुरालाई छर्लङ्ग पार्दछ ।

भर्खरै पार्टी परित्याग गरेर क्रान्तिबाट पलायन र विसर्जनवादी वादलगुटसँगको दुईलाइन संघर्ष पार्टी जीवनमा कहिँकतै देखिएन, भोगिएन र अन्तर्राष्ट्रिय रुपमा पनि इतिहासको कुनै अनुभव भेटिदैन । यस गुटले पार्टी नीति, नेतृत्व र निर्णयहरुको ठाडो उलंघन मात्र गरेन, नाङ्गो रुपमा गुटबन्दीमा उत्रियो र आफै रहेको पार्टीलाई समाप्त पार्न विपक्षी पार्टीसँग साँठगाँठ गरी सबै प्रकारका छलछाम, षड्यन्त्र एवं सफेद झुठको साहरा लिएर मार्क्सवाद-लेनिनवाद-माओवादको विरोध गर्ने अर्थात् त्यसप्रति विश्वासघात गर्ने सर्वहारा एकतालाई हानी नोक्सानी पुऱ्याउने सबै दुष्कर्म गरे । वर्गीय र उत्पीडित समुदायको मुक्तिको लागि संघर्ष होइन कि आफ्नो दुनो कसरी सोझ्याउन सकिन्छ, त्यसैमा तल्लिन भई प्रचण्डसँग आफ्नो स्थिति सुनिश्चित गर्ने धन्दा नै एउटा मात्र सुत्र बन्न पुग्यो । यी र यसरी क्रान्तिकारी सिद्धान्त र पार्टीको परित्याग गरी संसदीय आहालमा डुबुल्की मार्न पुगे । पार्टीलाई क्रान्तिकारी दिशामा कसरी अगाडि बढाउने ? कार्यदिशालाई कसरी समृद्ध गर्न सकिन्छ ? पार्टीको आन्तरिक एकतालाई कसरी मजबुत बनाउने ? आदि विषयमा यो गुटले छलफल गर्न नै चाहेन । यसको समग्र ध्याउन्न कसरी प्रचण्डको नवसंशोधनवादी पार्टीमा कति छिटो विलय गराउन सकिन्छ भन्ने मात्रै रह्यो । अनि आफू र आफ्नो गुटलाई प्रचण्डको प्रतिक्रियावादन्मुख पार्टीमा बिसाए । संसारमा कहिं नभएको भिडतन्त्र दुईहजारको पार्टी केन्द्र बनाउन पुगे । बुर्जुवा पार्टीले नगरेको मूल्य मान्यताहीन काम उनीहरुले गरे । यसबाट उनीहरु साम्राज्यवाद र त्यसैको टट्टुको रुपमा राम्रो चाटुकार बने । जसले कुनै औचित्यपूर्ण हैसियत राख्न सक्ने कुरै भएन । प्रचण्डले संविधानसभाको नारालाई कार्यनीतिका नाममा रणनीति बनाएझै यस विसर्जनवादी गुटले पार्टीको निर्वाध आत्मसमर्पण गर्न पुगे । त्यसैमा चोबल्न अझै पनि विभिन्न पद, प्रतिष्ठा, सुविधाको प्रलोभन दिएर हाम्रो पार्टीका कार्यकर्ताहरुलाई घेराहाल्ने र क्रान्तिकारी धारको प्रतिनिधि संस्था नेकपा (क्रान्तिकारी माओवादी)लाई समाप्त पार्न न्वारनदेखिको वल लगाई प्रतिक्रियावादीको गोटीको रुपमा काम गरिरहेका छन् । यसले अवसरवाद कतिसम्म नाङ्गो र निर्मम हुँदै रहेछ, आफूभित्रको इगो र कुण्ठालाई कति तल्लो हदसम्म पुगेर प्रयोग गर्न सक्दोरहेछ, त्यो छर्लङ्ग भएको छ । महान लेनिनले भनेझैं अवसरवाद प्रतिक्रियावादकै अंग हो भन्ने कुराको यस सन्दर्भमा पुनर्पुष्टी भएको छ ।

राष्ट्रियताको दुहाई दिने यस गुटले साम्राज्यवाद र विस्तारवादको पनि सहमतिमा सरकार परिवर्तनको खेलमा पटक पटक गरेका विना श्रृङ्खला र तथ्यहीन केवल सत्तावादी लिप्साले उनीहरुको गन्तव्य स्पष्ट भएको छ । अहिलेको नेकपा (माके), जनता ठग्ने ट्रेडमार्कमा सबैले बुझ्ने गरी बदलिएको छ । यसले राष्ट्रिय सार्वभौमिकता र स्वाभिमानको प्रश्नलाई भनै ठूलो संकट र दलदलमा परिणत गरिदिएको छ । संसदवाद कै मतियार ओली गुट जतिको पनि राष्ट्रवाद प्रचण्ड र उनको पार्टीमा रहेनछ भन्ने कुरा घाम जत्तिकै छर्लङ्ग भएको छ । यी माथिका घटनाक्रम र यथार्थतालाई नियाल्दा माके पार्टी यथास्थितिवादी मात्र नभएर प्रतिगमनको मात्रामा टाउको उठाएको अवस्थालाई प्रष्ट्याउँछ । अब नेकपा (माके) पार्टीभित्र क्रान्तिकारीहरुको अस्तित्वको प्रश्न प्रायः समाप्त हुँदै गएको छ । यदि त्यहाँ अझै पनि आफूलाई क्रान्तिकारी भन्ने साथीहरु छन् भने तिनीहरुले आफ्नो अस्तित्वको लडाइँ लड्नेहरु र विद्रोहको आवाजलाई बुलन्द गर्नेहरु छन् । यति मात्र भिनो आशा गरौं ।

**क्रान्तिकारी कार्ययोजनाको कार्यान्वयन र विकास**

माथि हामीले दक्षिणपन्थी नवसंशोधनवादीहरुको हर्कतलाई वैचारिक र राजनैतिक रुपमा सार्वजनिक आलोचना र भण्डाफोर गऱ्यौं । क्रान्तिकारीहरु आलोचनामा मात्र सीमित रहनु अर्को बिडम्बना र लफ्फाजी मात्र हुन पुग्दछ । त्यसकारण यसमा मात्र सीमित रहँदैनौं । तसर्थ हाम्रो तत्कालीन ठोस योजना र त्यसअनुसारको मूर्त कामको पनि पार्टी पंक्ति र समस्त क्रान्तिकारी जनसमुदायलाई विश्वस्त हुने किसिमले कार्यक्रमिक योजना पेस गर्नुपर्ने हुन्छ । यसै विषयमा सामान्य चर्चा गरिनेछ ।

भर्खरै सम्पन्न राष्ट्रिय भेलाले गरेका निर्णयहरु, नीति र कार्यक्रमहरुको आलोकमा पार्टी केन्द्रीय समितिले मूर्त कार्यक्रमिक योजनालाई अभियानात्मक रुपमा अगाडि बढाउन ठोस निर्णय लिन आवश्यक छ । अहिले वामपन्थी जनसमुदायले क्रान्ति र आमूल परिवर्तनको निशाना भुत्ते हुँदै गयो भनी व्यापक निराशा र कुण्ठा व्यक्त गरिरहेको अवस्था छ । प्रतिक्रियावादीहरुको संगठनात्मक दक्षिणपन्थी नवसंशोधनवादीहरु क्रमशः हाबी हुँदै जानुले पनि जनताको ठूलै तप्काले अब यो क्रान्तिकारी पार्टी र यसको धारले यी सबै चुनौतिहरुको सामना कसरी गर्लान् भन्ने विषय निकै नियालेर हेरिरहेका छन् । त्यसैले वस्तुगत रुपमा देखिएको अन्तरविरोध र आक्रोशलाई रणनीतिक उद्देश्यलाई ध्यान दिई दिशा किटानीका साथ कार्यनीतिक योजनाका साथ वैचारिक-राजनीतिक प्रशिक्षण आन्तरिक रुपमा परिचालन गर्न आवश्यक ठानिएको छ । त्यसैगरी बाह्य रुपमा भण्डाफोरको कार्यक्रम लैजान विभिन्न खालका अन्तरक्रिया, गोष्ठी, लेख-रचना प्रकाशन र वितरण तथा प्रचार-प्रसार, भित्ते लेखन, पर्चा आदिको माध्यमबाट जनसमुदायलाई क्रान्ति र परिवर्तनको आवश्यकता र त्यसको सम्भावना प्रष्ट्याएर आशावादी र उत्साहित गर्दै लैजानु आवश्यक ठानिएको छ । यो विषयमा हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले लिएको नीति, सिद्धान्त र योजनाले मात्र सर्वहारा आन्दोलनको तत्कालको कार्यभार नयाँ जनवादी क्रान्तिको कामलाई मूर्त र व्यवस्थित गर्दै लैजान सक्छ । पार्टीले यस दिशामा प्रकाशन, प्रचार-प्रसार र सञ्चारको क्षेत्रमा पहलकदमीका साथ कार्य सम्पादन गर्दै अघि बढेको छ। यसलाई अझै व्यापक र व्यवस्थित गरेर सिंगो पार्टी पंक्तिलाई एवम् क्रान्तिकारी जनसमुदायलाई सचेत र संगठित गर्न मद्दत गर्नेछ ।

नेपाल अहिले पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा रहेको र जनताका जनवादी अधिकार खोसिएको (प्रतिक्रियावादी संविधान जारी गरेको) जनजीविकाका समस्या भन्भन् विकराल बन्दै गएको आधारभूत समस्या समेत हल हुन नसकेको एवं राष्ट्रियता संकटग्रस्त बन्दै गएको अवस्थाबाट देशलाई मुक्त गर्न एवं यी समस्याहरु हल गर्न नयाँ जनवादी क्रान्ति गर्न अनिवार्य र अपरिहार्य भएको छ । नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूरा भैसक्यो र अब समाजवादी क्रान्ति गर्नुपर्दछ भनेर हल्ला गर्नेहरुले पुँजीवादी जनवादी क्रान्ति त छोडे छोडे, साम्यवादकै दिशामा पनि अघि बढ्ने विषय झुठो आश्वासन बाँड्नेबाहेक केही छैन । जुन कुरा यिनीहरुको साम्राज्यवादी विश्व व्यवस्थाको अभिन्न अंगको रुपमा रहेको पुरानै संसदवादी विश्व व्यवस्थाको निर्वाचनमा भाग लिएर कहिल्यै नथाक्ने क्रियाकलापले प्रतिक्रियावादकै चाकर बनेको यथार्थतालाई प्रष्ट पारेको छ ।

त्यसैले नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई हाम्रो पार्टीले अँगिकार गरेको छ । नयाँ जनवादी क्रान्तिको आधारभूत कार्यक्रमबारे पार्टीको राजनीतिक

... बाँकी ७ पेजमा

# 'देउवा–प्रचण्ड' भारतपरस्त राष्ट्रघाती गठबन्धन हो



■ सिपी गजुरेल 'गौरव', नेता, क्रान्तिकारी माओवादी

● देशभक्तिको 'तिलाठी मोडल'लाई देशैभर स्थापित गर्नुपर्दछ ● मोर्चा संघर्ष र सत्ताको साधन बन्छ

» ***पार्टीको भर्खरै सम्पन्न केन्द्रीय समितिको बैठकले गरेका महत्वपूर्ण निर्णयहरुबारे बताइदिनुस् न।***

पार्टी केन्द्रीय समितिको यो बैठकले केही महत्वपूर्ण निर्णयहरु गरेको छ। जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ - १) गत राष्ट्रिय भेलाले पार्टी केन्द्रीय समितिलाई ९५ को संख्यामा नबढाई केन्द्रीय समितिको खाली पद पूर्ति गर्ने जिम्मा दिएको थियो। छुटेका योग्य कमरेडहरुलाई थप्न केही सिट खाली राखी अन्य सिट पूरा गरिएको छ। २) पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा बनाउने राष्ट्रिय भेलाले दिएको जिम्मेवारी पूरा गरिएको छ। संघर्ष र सत्ताको साधनका रुपमा यो मोर्चाको गठन गरिएको हो। आगामी भाद्र महिनामा राष्ट्रिय भेला गरी यसलाई पूर्णता दिइने छ। ३) संगठन विस्तार र सुदृढीकरणको ठोस योजना तयार पारिएको छ। ४) जबस र मोर्चाहरुको भेला, सम्मेलन आदि तय गरिएको छ। (५) यी सबै कार्य सम्पन्न गर्दै राष्ट्रियता, जनगणतन्त्र र जनजीविकाका विषयलाई लिएर संघर्ष संचालन गर्ने योजना पनि पारित गरिएको छ।

» ***पार्टीमा आएको पछिल्लो विभाजनपछि गरिएको राष्ट्रिय भेलादेखि अहिलेसम्मको पार्टी जीवनको स्थितिलाई बैठकले कसरी मूल्यांकन गरेको छ?***

हाम्रो पार्टी केन्द्रबाट तुलनात्मकरुपमा अलि बढी र तल्ला समितिबाट एकदमै कम साथीहरु तत्कालिन एकीकृत माओवादीमा विलय हुन पुगे। त्यस घटनालाई हाम्रो पार्टीले दुई कोणबाट मूल्यांकन गरेको छ -पहिलो, यो फूटले पार्टीलाई केही मात्रामा कमजोर बनाउने काम गरेको छ। दोस्रो, माओवादी पार्टी आफैं फुटेर सकिने भयो भन्ने प्रचारका कारण पार्टी कार्यकर्ता र समर्थक वीचमा निरासा, अविश्वास र निस्कृयता बढेको छ। तेस्रो, यो फूटको सकारात्मक प्रभाव के परेको छ भने पार्टीमा भएका गलत तत्वहरुबाट पार्टी सफा भएको छ र पार्टीमा शुद्धिकरण भएको छ।

» ***क्रान्तिकारी माओवादीमाथि अहिले दायाँ र बायाँ दुवै कोणबाट वैचारिक, राजनीतिक आक्रमणहरु भइरहेका छन्। त्यसको प्रतिरक्षा र प्रतिरोध कसरी गर्न सकिएला?***

क्रान्तिकारी माओवादीमाथि दायाँ र बायाँ दुवै कोणबाट वैचारिक, राजनीतिक आक्रमण भैरहेका छन्। मुख्यतः दायाँ कोणबाट र वाम खोल ओढेको दायाँ कोणबाट यस प्रकारको आक्रमण भैरहेको छ। विश्व कम्युनिष्ट आन्दोलनमाथि ध्यान दिंदा यस प्रकारको आक्रमण संसारका सबै सच्चा कम्युनिष्ट पार्टीहरु माथि हुँदै आउने गरेको पाइन्छ। हाम्रो पार्टीले यसको प्रतिरक्षा र प्रतिरोध गर्नका लागि दुई तरिका अपनाउने योजना बनाएको छ। पहिलो, उपरोक्त ती प्रवृत्तीको जनविरोधी र क्रान्तिविरोधी चरित्रका बिरुद्ध वैचारिक, राजनीतिक संघर्ष संचालन गर्ने। दोस्रो, राष्ट्रियता, जनगणतन्त्र र जनजीविकाका विषयलाई लिएर संघर्ष गर्दै पार्टीलाई जनतामा स्थापित गराउने। हामीलाई विश्वास छ, हामी यी दुई गलत प्रवृत्तिलाई चाँडै नै परास्त गर्न सफल हुनेछौं।

» ***संयुक्त मोर्चा समिति निर्माणको आवश्यकतासम्बन्धी पार्टीको अवधारणाबारे प्रष्ट पारिदिनुस् न।***

अर्ध वा नवऔपनिवेशिक र अर्धसामन्ती राष्ट्रमा क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिकारी संयुक्त मोर्चाको निर्माण एउटा अनिवार्य आवश्यकता हो। यस प्रकारको संयुक्त मोर्चाविना क्रान्तिको पक्षमा लाखौं जनतालाई गोलबन्द गर्न र क्रान्तिमा संलग्न गराउन सम्भव हुँदैन। मुख्य दुश्मनलाई एक्लो पारेर मित्र शक्तिहरुलाई संगठित गर्न र अन्य शक्तिलाई तटस्थ राख्नका लागि पनि संयुक्त मोर्चाको ठूलो महत्व छ। जनताका दैनिक जीवनमा प्रभाव पार्ने विषयहरुमा जनतालाई साथ दिन, उनीहरु माथि आएका समस्या समाधानका निमित्त संघर्ष गर्ने माध्यमका रुपमा काम गर्न संयुक्त मोर्चा आवश्यक पर्दछ। सही विचार र नीति भएको कम्युनिष्ट पार्टी, त्यस प्रकारको पार्टीको नेतृत्वमा सेना र संयुक्त मोर्चा, यी तीन चिजलाई माओले क्रान्तिका तीन साधन र जादुगरी हतियार भन्नुभएको छ। नेपालको नयाँ जनवादी क्रान्ति पूरा हुने दिशामा अघि बढिरहेको अवस्थामा यसलाई बीचैमा तुहाउने काम त्यतिखेर कम्युनिष्ट पार्टीको नेतृत्व हत्याउन सफल भएकाहरुले नै गरे। परिणामस्वरुप क्रान्ति असफल भयो, पराजित भयो। त्यो क्रान्तिलाई पूर्णता दिन, नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा, जनगणतन्त्रको स्थापना र जनताका जनजीवीकाका समस्या समाधान गर्ने संघर्षलाई नेतृत्व दिन यस प्रकारको क्रान्तिकारी संयुक्त मोर्चा आवश्यक छ। यस प्रकारको संयुक्त मोर्चा त्यसबेला मात्र क्रान्तिकारी हुन्छ, जतिबेला यसको नेतृत्व सच्चा कम्युनिष्ट पार्टीले गर्दछ। नेपालको सन्दर्भमा, नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा बन्ने संयुक्त मोर्चा नै सच्चा अर्थमा क्रान्तिकारी संयुक्त मोर्चा हुन सक्दछ। अहिले बन्न लागेको संयुक्त मोर्चा नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा बन्ने क्रान्तिकारी संयुक्त मोर्चा हो।

» ***कतिपय मिडियाले यसलाई चुनावी मोर्चाको अर्थमा पनि टिप्पणी गरेका छन् नि?***

विगतमा भएका संविधान सभाका चुनावहरुमध्ये पहिलो संविधान सभाको निर्वाचनमा अविभाजित नेकपा (माओवादी) पार्टीले निर्वाचनमा भाग लिएर देशको सबैभन्दा ठूलो पार्टीका रुपमा निर्वाचित भएको थियो। न्यायाधिशको नेतृत्वमा सरकार बनाएर प्रायोजित गरिएको कथित "दोस्रो निर्वाचन"मा हाम्रो पार्टीले सक्रिय बहिष्कार गरेको थियो र नवसंशोधनवादी एकीकृत माओवादीले चुनावमा भाग लिएर संसदमा तेस्रो दलमा घटुवा भएको थियो। उक्त निर्वाचनले माओवादी आन्दोलनका क्रान्तिकारी र पश्चगामी धार छुट्टयाइदिएको थियो र दुई अलग धारका रुपमा स्थापित भएका छन्। अब संविधान सभाको निर्वाचन सहजै हुने अवस्था छैन। पश्चगामी राजनीतिक संविधानले नेपाल अब संसदीय व्यवस्थामा जाने घोषणा गरिसकेको छ। यो अवस्थामा पार्टीले निर्वाचनमा भाग लिने वा वहिष्कार गर्ने? भन्ने प्रश्नबारे सर्वत्र चासो छ। यसको जवाफ हालै सम्पन्न नेकपा (क्रान्तिकारी माओवादी)को राष्ट्रिय भेलाले ठोस रुपमा दिएको छ।

पुँजीवादी संसदीय व्यवस्थामा भएको निर्वाचनमा भाग लिने कि नलिने भन्ने विषय क्रान्तिकारी कम्युनिष्ट पार्टीका लागि कार्यनीतिको विषय हो। आवश्यकता अनुसार भाग लिन पनि सकिन्छ र वहिष्कार गर्न पनि सकिन्छ। यतिखेर यो पश्चगामी संविधानलाई लागु गर्ने कामको सुरुवात् नेपालमा संसद र स्थानीय निकायको निर्वाचन सम्पन्न गरेर गर्ने भन्ने पश्चगामी पार्टीहरुको योजना छ। यसका निमित्त मधेश केन्द्रीत दलको सहयोग चाहिन्छ। उनीहरु आधा त समर्थनमा गैसकेका छन्। अब सरकारमा गएपछि चाहिँ तिनीहरु समेत भएर चुनावमा जाने संभावना बढ्दछ। फेरि पनि मुख्य कुरा के हो भने भारतले बनाइदिएको प्रचण्ड नेतृत्वको सरकारले चुनाव गराउने कुरा भारतले भने अनुसार संविधानमा संशोधन गरेर संविधान तयार पार्न सक्छ कि सक्दैन भन्ने कुरामा निर्भर गर्दछ। त्यसैले निर्धारित समयमा निर्वाचन हुन्छ कि हुँदैन भन्ने कुरा निश्चित भै सकेको छैन। निर्वाचन हुने नै भयो भने निर्वाचन आयोगले दल दर्ताको सूचना जारी गर्दछ। हाम्रो राष्ट्रिय भेलाको निर्णय के छ भने यदि निर्वाचनलाई उपयोग गर्ने अवस्था आयो भने पार्टी निर्वाचन आयोगमा दर्ता गरिने छैन। यही संयुक्त मोर्चालाई दर्ता गरिने छ र यसैको मार्फत् नै निर्वाचनको उपयोग गरिने छ। त्यसकारण, यो मोर्चालाई चुनावी मोर्चाका रुपमा टिप्पणी गरिएको हुन सक्दछ। तर, यो मोर्चाको नाम केवल 'चुनावी मोर्चा' मात्र राख्नु यसकारणले पनि उपयुक्त छैन कि यसले सँधैभरि चुनावलाई उपयोग मात्र पनि गरिरहँदैन। कतिपय अवस्थामा चुनावको वहिष्कार गर्नुपर्ने अवस्था आयो भने यसले वहिष्कार पनि गर्न सक्दछ।

यसका साथै यो मोर्चा त संघर्ष र सत्ता दुवैको साधन हो। त्यसकारण यो चुनावी मोर्चा मात्र होइन।

» ***संयुक्त मोर्चाको संगठनात्मक संरचना कस्तो हुन्छ? र त्यसको अभ्यास चाहिं कसरी गरिन्छ?***

यसका समग्र पक्षका विषयमा त आगामी भाद्र महिनामा सम्पन्न हुन गइरहेको यसको प्रथम राष्ट्रिय भेलाले गर्नेछ। तथापि, यसको संगठनात्मक संरचनाको विषयमा चर्चा गर्दा यो संघर्षको साधन र सत्ताको साधन हो भन्ने मान्यतालाई आधार मानिने छ। जहाँ सत्ताका विविधरुपहरु विद्यमान हुन्छन् त्यहाँ यो मोर्चाको पनि संगठन हुनु आवश्यक हुन्छ। त्यसकारण, स्वभावैले यसको संरचना राष्ट्रिय स्तर, राज्य वा प्रदेश स्तर, जिल्ला, गाउँ विकास, गाउँ पालिका वा नगर पालिका र त्यसका वडासम्म पनि हुनु आवश्यक छ। यसको अभ्यास गर्दा जनताका आवश्यकता पुरा गर्न, जनतामा परेका अन्यायका विरुद्ध, संघर्ष गर्नका लागि तथा निर्वाचनलाई उपयोग गर्दा तल्लो भन्दा तल्लो इकाईसम्म पनि गठन गर्नका लागि यसको अभ्यास गरिन्छ। सबै तहमा प्रतिकृयावादी सत्ताको समानान्तर रुपमा यसले काम गर्दछ। यो एउटा संघर्षको साधन भएको हुनाले र विद्यमान् प्रतिकृयावादी सत्ताले जनतामा गरेका उत्पीडनको विरोधमा तलैसम्म संघर्ष संचालन गर्नुपर्ने भएकोले यसको संरचना तलैसम्म निर्माण गर्ने र यसलाई सही अर्थमा संघर्षको साधन र सत्ताको साधनका रुपमा अघि बढाउने प्रयत्न गरिने छ।

» ***जनयुद्धकालमा तत्कालीन नेकपा (माओवादी)ले बनाएको संयुक्त क्रान्तिकारी जनपरिषद् र यसमा के भिन्नता छ?***

जनयुद्धका दौरानमा तत्कालीन नेकपा (माओवादी)ले बनाएको संयुक्त क्रान्तिकारी परिषद्को र यो नयाँ क्रान्तिकारी मोर्चाको आधारभूत नीतिमा समानता छ। यसको अर्थ यो मोर्चा संयुक्त क्रान्तिकारी परिषद्को फोटोकपि अथवा त्यसैको निरन्तरता चाहिँ होइन। अन्तर के कुरामा छ भने त्यतिबेला पार्टीको नेतृत्वमा जनसेना पनि थियो। क्रान्तिकारी परिषद्ले मुख्यतः सत्ताको काम गरेको थियो। त्यो सत्ताको रक्षा जनमुक्ति सेनाले गरेको थियो। तर अहिले पार्टीसँग सेना छैन। मोर्चाले भर्खरै मात्र काम सुरु गर्दैछ। यो अवस्थामा यतिखेर मोर्चा सत्ताको साधन नभएर मुख्यतः संघर्षको साधन बन्ने छ। यदि सत्ताको साधन बनिहाल्यो भने पनि त्यो पहिलेको जस्तो जनसेनाले रक्षा गरेको सत्ता हुने छैन। देशको ठूलो हिस्सामा जनसरकारहरु निर्माण भैसकेका र २५ हजारभन्दा बढी जनसेना सक्रिय रुपमा काम गरिरहेको अवस्थामा देशमा महान जनयुद्ध चलिरहेको समयमा जनतामा पार्टी र क्रान्तिप्रति जुन विश्वास थियो, जुन उत्साह थियो त्यो यतिखेर छैन। परिस्थितिमा आएको यो परिवर्तनकै सापेक्षतामा मोर्चाका गतिविधि पनि अघि बढ्दै जानेछन्।

» ***यो मोर्चाले नयाँ जनवादी क्रान्तिका पक्षधर अन्य पार्टीसँग कस्तो सम्बन्ध राख्छ र एजेण्डा मिल्नेहरुसँग एकता वा सहकार्यको सम्भावना कस्तो देख्नुहुन्छ?***

यो मोर्चाले नयाँ जनवादी क्रान्तिका पक्षधरसँग मित्रतापूर्ण सम्बन्ध राख्ने छ, उनीहरुलाई मित्रशक्तिका रुपमा लिइनेछ र उनीहरुसँग नयाँ जनवादी क्रान्तिका लागि सहकार्य गर्ने नीति लिइने छ। यदि संभव छ भने उनीहरुसँग नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यमा दीर्घकालिन प्रकारको संयुक्त मोर्चा निर्माण गर्ने प्रयत्न पनि गरिने छ। मुख्य कुरा के हो भने उनीहरु वास्तवमै नयाँ जनवादी क्रान्तिका लागि इमान्दारीपूर्वक लाग्ने शक्ति हुनु पर्दछ। यसका साथै नयाँ जनवादी क्रान्तिका विषयमा स्पष्ट नभएका वा नयाँ जनवादी क्रान्तिका लागि तयार भइनसकेका शक्तिहरु र व्यक्तित्वहरुसँग पनि यो प्रतिकृयावादी व्यवस्थाका विरुद्ध संघर्ष गर्न, जनताका समस्या समाधानका लागि संघर्ष गर्न र तत्कालका लागि मिल्ने मुद्दाहरुमा एक साथ अघि बढ्नका लागि कार्यगत एकता गर्न सकिने छ। क्रान्तिकारी मोर्चाको नीति धेरै सँग मित्रता र सहकार्य गर्ने र दुश्मन शक्तिलाई एक्ल्याएर यसमाथि चोटिलो प्रहार गर्ने नीति हुनेछ।

जहाँसम्म अहिले त्यसप्रकारको संयुक्त मोर्चा, कार्यगत एकता वा सहकार्यको कुरा हो, नेकपा (क्रान्तिकारी माओवादी) बाहेक त्यस प्रकारको शक्ति देखापरेको छैन। जसले नयाँ जनवादी क्रान्तिको कुरा गरिरहेका छन्, तिनीहरुका विचार, नीति र आचरणमा समस्याहरु देखापरेका छन्। तत्कालै यसको स्वरुप नेकपा (क्रान्तिकारी माओवादी)ले नेतृत्व गरेका विभिन्न जनवर्गीय संगठन र मोर्चाहरुको सहभागिता नै मुख्य हुनेछ। कामका दौरानमा यो संयुक्त मोर्चा व्यापक बन्ने पर्याप्त आधारहरु छन्।

» ***राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुमा संघर्षलाई कसरी संगठित गर्छ मोर्चाले? र संघर्षका कस्ता कस्ता रुपहरुलाई यसले प्रयोग गर्छ?***

यतिखेर हाम्रो पार्टी, नेकपा(क्रातिकारी माओवादी) नयाँ जनवादी क्रान्तिको तयारीका कामलाई प्राथमिकतामा राखेर, समग्र योजना निर्माण गरिरहेको छ। पार्टीले संगठन विस्तार, सुदृढिकरण, जनसम्बन्धलाई व्यापक विस्तार गर्ने कामलाई प्राथमिक स्थानमा राखेको छ। यी सबै काम पार्टीले संघर्षको तयारीको निमित्त हो भन्ने स्पष्ट पारेको छ।

सामान्यतया नयाँ जनवादी क्रान्तिको तयारी र यो क्रान्ति पूरा नभएसम्म पनि राष्ट्रियता, जनगणतन्त्र र जनजीविकाका मुद्दाहरुले नै प्रमुखता पाउँदछन्। यी समस्या समाधानका लागि गरिने संघर्षले नै यतिखेर मुख्य भूमिका खेलिरहेका हुन्छन्। त्यसकारण, मोर्चाले पनि यिनै मुद्दालाई प्राथमिकतामा राख्ने कुरा स्वभाविक हो। यो संघर्षमा आम जनतालाई वा जनताको ठूलो हिस्सालाई सहभागि गराउने मोर्चाको उद्देश्य रहन्छ। जहाँसम्म संघर्षका विशिष्ट रुपहरुको प्रयोगको कुरा हो, अहिलेलाई ती कानूनी र वैधानिक नै हुन्छन्। तर, वैधानिक र अवैधानिकका वीचमा कुनै चीनियाँ पर्खाल हुँदैन। वैधानिक संघर्षमाथि यदि प्रतिकृयावादी सत्ताले हस्तक्षेप गऱ्यो भने त्यो पनि अवैधानिक जस्तो बन्न पुग्दछ। हाम्रो तर्फबाट वैधानिक संघर्षमा नै जोड दिने हो, तर संघर्ष कै क्रममा सत्ता पक्षको हरकतका कारण आउन सक्ने चुनौतिको सामना गर्नका लागि तयारी चाहिँ गरेरै जानु पर्दछ।

» ***नेकपा (क्रान्तिकारी माओवादी) नेपाली राजनीतिको वैकल्पिक शक्तिको हैसियतमा अगाडि आउने प्रयत्नमा छ। नेपाली राजनीतिका पछिल्ला घटनाक्रमलाई पार्टीले कसरी हेरेको छ?***

विचारका हिसावले, राजनीतिक दिशाका हिसावले, आचरणका हिसावले नेकपा (क्रान्तिकारी माओवादी) नेपालको वैकल्पिक राजनीतिक शक्तिका रुपमा देखा परिसकेको छ। अहिलेसम्म नेपालमा भएका राजनीतिक शक्तिमध्ये अन्य सबै एकातिर र यो पार्टी एकातिर भएको अवस्था छ। त्यसैले यो प्रतिकृयावादी सत्ता त यसको विरुद्ध लागिरहेको छ नै। अन्य पार्टीहरु पनि यसको विपक्षमा छन्। यसलाई सकेसम्म जनताका बीचमा परिचित हुन र स्थापित हुन नदिने प्रयासमा लागिरहेका छन्। त्यसैले शक्तिका हिसावले अहिले यो पार्टी वैकल्पिक शक्ति बनिसकेको भने छैन। पटक-पटक फूट व्यहोर्नु परेको र चौतर्फी हमलाको सामना गर्नुपरेका कारण चुनौतीहरु धेरै छन्। तर, यो कुरा पक्का हो कि यही पार्टी नेपालको वैकल्पिक क्रान्तिकारी शक्तिका रुपमा चाँडै नै स्थापित हुनेछ र यसले प्रतिकृयावादी शक्तिलाई विस्थापित गर्नेछ।

» ***मधेसी मोर्चा तथा संघीय गठबन्धनले प्रचण्ड सरकारसँग गरेको ३ बुँदे सहमतिले के मधेसी र आदिवासी जनजातिहरुको वास्तविक अधिकार प्राप्त हुन सक्छ? अर्थात् संविधान संशोधनले नेपालमा विद्यमान राजनीतिक संकटको समाधान दिनसक्छ?***

मधेसी मोर्चा र संघीय गठवन्धनका नेताहरुले जुन तीन बुँदे सहमति गरेका छन्, त्यसमा उनीहरुका आफ्ना प्रमुख माग सामेल छैनन्। त्यत्तिका लागि त केपी ओली नै तयार भैसकेका थिए। तर उनीहरुले ओलीसँग वार्ता गरेनन्। अहिले आएर तिनै तीन बुँदे सहमतिका आधारमा सरकारमा जान समेत लालायित भएर बसेका छन्। यसो गरेर उनीहरुले प्रचण्डकै बाटो समातेका छन्। जसरी प्रचण्डले माओवादी आन्दोलनका मागहरुप्रति विश्वासघात गरेर त्यसको मूल्यमा प्रधानमन्त्री पद लिने सौदावाजी गरे, त्यही काम मधेसी मोर्चा र संघीय गठबन्धनका नेताहरुले गर्दैछन्। यसले मधेसी आन्दोलन र संघीय गठबन्धनमा विभाजन ल्याएको छ। वास्तविकता त यो हो कि उनीहरुलाई भारतका एजेण्डा कसरी पूरा गर्ने हो भन्नेमा वढी चिन्ता छ, मधेसी र आदिवासी जनजातिहरुको अधिकारसँग होइन। हाम्रो विचारमा जनगणतन्त्र नेपालको संविधानबाट मात्र मधेसी, आदिवासी जनजातिहरुको माग सम्बोधन हुन सक्छ। यही लोकतान्त्रिक गणतन्त्रले उनीहरुका मागलाई सम्बोधन गर्न सक्दैन। त्यसकारण, संविधानको सम्बोधनको नौटंकीले नेपालको विद्यमान राजनीतिक संकटको समाधान गर्न सक्दैन। यो कुरा निश्चित हो।

» ***पछिल्ला बर्षहरुमा राष्ट्रिय स्वाधीनताको पक्षमा नेपाली जनतामा अभूतपूर्व जागरण पैदा भएको देखिन्छ। सप्तरीको तिलाठीमा त्यहाँका बासिन्दाले भारतीय हस्तक्षेपको सशक्त प्रतिरोध गरे। राष्ट्रियताको पक्षमा देखिएको यो लहरलाई क्रान्तिकारी माओवादीले कसरी लिएको छ?***

यो कुरा सत्य हो कि पछिल्ला बर्षहरुमा राष्ट्रिय स्वाधीनताको पक्षमा नेपाली जनतामा अभूतपूर्व जागरण पैदा भएको छ। यसका साथै खासगरी प्रतिकृयावादी, अवसरवादी राजनीतिक पार्टीमा राष्ट्रघात त्यसरी नै प्रकट हुने गरेको छ। देउवा-प्रचण्डमार्काको विदेशी शक्तिको दलाली गर्ने र राष्ट्रघात गर्ने गठबन्धनले त नेपालमा सत्ता संचालन नै गरिरहेको छ। यस प्रकारको अवस्थामा गत श्रावण १३, १४ गते सप्तरीको तिलाठीका देशभक्त नेपालीले जुन साहस र सौर्यको प्रदर्शन गरे, देशको एक एक इंच जमिनका लागि लड्ने ती महान् देशभक्तलाई त हामीले उच्च सम्मान गर्दै सलाम गरिसकेका छौं। हामीले देशभक्तिको तिलाठी मोडेललाई समर्थन गर्ने मात्र होइन, त्यसलाई देशैभरि स्थापित गर्नु पर्दछ र व्यवहार मै ऐक्यवद्धता कायम गर्नुपर्दछ। त्यसैगरि, नेपालको स्वास्थ क्षेत्रमा जनपक्षीय सुधारका लागि संघर्ष गरिरहेका डा.गोविन्द के.सी.ले बाढी पीडितको उपचार गर्ने स्थान तिलाठीलाई छान्नु स्वागत योग्य कुरा हो। डा. के सीजस्तै सबैले तिलाठीका जनतासँग ऐक्यवद्धताका कार्यक्रम लिएर जानु पर्दछ।

» ***भारतले अन्तर्राष्ट्रिय कानूनविपरीत दशगजा क्षेत्रमा एकतर्फीरुपमा बाँधेका बाँधका कारण तराई/मधेशमा बस्ने नेपालीहरु डुवान र कटानलगायत समस्याका कारण प्रत्येकवर्ष हजारौं नागरिक विस्थापित हुनुपर्ने स्थिति पैदा भइरहेको छ। तर राज्य मौन छ। यीलगायत भारतीय हस्तक्षेपबाट मुक्ति पाउन नेपालीहरुले के के गर्न जरुरी छ?***

माथि तपाईले जुन विषय उठाउनु भएको छ, यस्ले नेपालमाथि भारत सरकारको विस्तारवादी हस्तक्षेपलाई स्पष्ट पार्दछ। नेपाली जनताको दैनिक जीवनलाई सिधै प्रभाव पार्ने यी हस्तक्षेपबाट नेपाली जनता र नेपाल राष्ट्रलाई जोगाउने प्रमुख जिम्मेवारी त राज्यको हो। तर राज्य मौन छ। किनभने यो भारतद्वारा अप्रत्यक्षरुपमा संचालित छ। देउवा-प्रचण्ड गठबन्धन नेपालको इतिहास कै चर्चित राष्ट्रघाती भारतपरस्त गठबन्धन हो। भारतीय हस्तक्षेपबाट मुक्ति पाउनका लागि सबैभन्दा पहिले त आफ्नै देशमा शासन गरिरहेको भारतीय दलाल सत्ताका विरुद्धको संघर्षलाई जोडदार रुपमा अघि बढाउनु पर्दछ। यसका साथै भारतीय विस्तारवाद विरोधी अभियान र संघर्षमा पनि तीब्रता ल्याउनु पर्दछ। यसमा एउटा महत्वपूर्ण थप कुरा के हो भने स्वयम् भारतभित्रै भारतीय विस्तारवादका विरुद्ध संघर्ष गर्ने क्रान्तिकारी शक्तिहरु छन्, उनीहरुसँगको सम्बन्ध विकासमा जोड लगाउनु पर्दछ। हाम्रो पार्टी यी सबै काममा पहल लिने प्रयत्न गरिरहेको छ।

» ***अन्तमा, केही भन्न चाहनुहुन्छ कि?***

यतिखेर पश्चगमन र प्रतिक्रान्तिका पक्षमा हावा सृष्टि गर्न संस्थापन पक्षको मिडियाले ठूलो भूमिका खेलिरहेको छ। नेपालको राष्ट्रियता, जनगणतन्त्र र जनजीविकाको पक्षमा र यसका निमित्त संघर्ष गर्ने क्रान्तिकारी पार्टी वा शक्तिका पक्षमा उभिने मिडियाको खडेरी परेको देखिएको छ। तपाईहरुले यो खडेरीको बेलामा पनि देश र जनताको पक्षमा, क्रान्तिको पक्षमा उभिने जुन जमर्को गर्नुभएको छ, यसका निमित्त म तपाईंहरुलाई बधाई र शुभकामना दिन चाहन्छु।

# क्रान्तिकारी युवाहरुको महत्व र दायित्व



✍ चन्द्रहरि सुवेदी 'अटल'

नेपालको कम्युनिस्ट आन्दोलनमा युवाहरुको अत्यन्तै महत्वपूर्ण भूमिका रहँदै आएको छ । युवाहरुको एउटा निश्चित उमेरमा यस्तो सोच विचार आउँछ कि आफ्नो लागि भन्दा अरुको लागि बाँच्ने, हावासँगै बहने, पानीसँगै बग्ने, ढुंगा खाएपनि पचाइदिने थकाई भन्ने कुन चराको नाम हो थाहै नहुने, रातदिन एउटै बनाएर खट्ने, दौडधुप, भेटघाट, छलफल गर्ने, नयाँ कुरा सिक्न भोक लागिरहने, यस्तो बेलामा युवाहरुलाई संगठित गर्ने र देश, जनता, पार्टी र क्रान्तिको काममा लगाउने हो भने जुनसुकै संगठन र पार्टीले धेरै प्रगति र विकास गर्न सक्छ । युवाहरुको यही प्रगतिशील गुणकै कारण संसारमा त के छ थाहा छैन नेपालमा चाहिं एउटा भनाई प्रचलित छ - २५ वर्षसम्म कम्युनिस्ट भएन भने त्यो मानिस होइन र २५ वर्ष कटेपछि कम्युनिस्ट भयो भने त्यो पनि मानिस होइन । यो भनाई पञ्चायत कालमा पञ्चहरु र कांग्रेसहरुहरुले आफ्ना छोराछोरीलाई आफ्नो सिद्धान्तमा हिडाउन नसकेपछिको पीडा हो । स्कुल क्याम्पस जताततै युवा कम्युनिस्टहरु अखिलले जित्ने भएपछि यस्तो भनाई प्रचलित भएको हो । भिन्न सन्दर्भमा भिन्न रुप र शब्दमा सायद आफ्नो देशको सन्दर्भमा यस्ता भनाईहरु हुन्छन् । युवाहरुको यही गुणलाई ध्यानमा राख्दै लेनिनले भन्नुभएको रहेछ - असम्भव कुरालाई पनि सम्भव छ भन्ने नाकै ठोक्किने ठाडो पहाडमा पनि चढ्न सक्छु भनेर धाक लगाउने युवाहरुलाई इंगित गर्दै अलिकति गफ लडाउने अधिकार त युवाहरुलाई 'भगवान'ले पनि दिएका हुन्छन् भनेर । १५ वर्ष उमेर पूरा भएको र ४० वर्ष ननाघेको उमेर समूहका हरेक युवा युवती = युवा संगठन । सबै राजनीतिक पार्टीहरुले बनाएका हुन्छन्, युवा संगठन ।

> **युवाहरु स्वभावैले प्रगतिशील, न्यायप्रेमी, अरुको भलाई गर्ने ग्रन्थीको विकास भएको बेलामा ठीक लाइनमा हिडाउन प्रयत्न गर्नु हरेक क्रान्तिकारीहरुको कर्तव्य हुन्छ ।**



युवाहरु काँचो माटो भएकोले जसरी कुम्हालेले जुनसुकै माटोको भाँडो आकार दिएर बनाउन सक्छ, ठीक गति र दिशा दिने हो भने युवाहरुलाई त्यस्तै बनाउन सकिन्छ । अलिकति रङकिने बित्तिकै युवाहरु यही उमेरमा दुर्व्यसनी, चोर, डाँका, पकेटमार र लुटेरा पनि हुन्छन् । त्यो नकारात्मकतालाई सकारात्मकतामा बदल्दै हामीले हरेक युवालाई देश, जनता, पार्टी र क्रान्तिको काममा लगाउन जरुरी छ । युवाहरु स्वभावैले प्रगतिशील, न्यायप्रेमी, अरुको भलाई गर्ने ग्रन्थीको विकास भएको बेलामा ठीक लाइनमा हिडाउन प्रयत्न गर्नु हरेक क्रान्तिकारीहरुको कर्तव्य हुन्छ । यही उद्देश्य पूरा गर्न नेकपा (क्रान्तिकारी माओवादी) ले आजसम्मका सशस्त्र संघर्ष र लडाकु, जनआन्दोलन र सबैप्रकारका संघर्षलाई संश्लेषित गर्दै नेपाली विशेषतामा आधारित जनविद्रोहमार्फत् नयाँ जनवादी क्रान्ति पूरा गर्दै समाजवाद र साम्यवादको महायात्रामा युवाहरुलाई डोऱ्याउन क्रान्तिकारी युवा लीग (RYL) को गठन गरेको छ । यसको प्रथम एकता भेला तथा बैठक २०७२ माघ २६ गते सम्पन्न भई आगामी भदौ १४ र १५ गते दोस्रो राष्ट्रिय भेला सम्पन्न हुन गइरहेको छ । नेपालमा मालेमालाई समर्थन गर्ने सच्चा प्रगतिशील क्रान्तिकारी युवाहरुको मूल संगठन यही क्रान्तिकारी युवा लीग (RYL) हो ।

माथि व्याख्या गरिएको युवाहरुको चरित्रका आधारमा नेपाली कम्युनिस्ट आन्दोलनमा युवाहरुलाई युवा चरित्रअनुसार निकै पछिमात्र संगठित गरेको हामी पाउँछौं । सुरुमा कम्युनिस्ट पार्टी गठन गर्दा यसका संस्थापक र नेताहरु आफै युवा थिए । समग्र समाजको हिसाबले कम्युनिस्ट पार्टी नै युवाहरुको पार्टीजस्तो भएकोले पनि हुनसक्छ युवा संगठन गठन भएको पाईदैन । जब कम्युनिस्ट पार्टीको उमेर छिप्पिदै गयो, कम्युनिस्ट पार्टीका नेताहरु प्रौढ हुँदै गए त्यसपछि युवा संगठनको आवश्यकता पनि बढ्दै गयो । त्यसपछि मात्र नेपालका कम्युनिस्ट पार्टीहरुले भातृ संगठनको रुपमा युवा संगठन गठन गर्न थालेका हुन् । नेपाली कम्युनिस्ट आन्दोलनका तीन धाराध्ये रसियन धारा माझी मानन्धर वर्माको धार करिब करिब बिसर्जन भइसकेको छ । त्यसपछिका दुई धार पुष्पलाल धार र चौथो महाधिवेशन धार हो । माले वा झापाली धार अहिले मनमोहनसँग एकता गरेपछि एमालेलाई पुष्पलाल धारभन्दा पनि फरक पर्दैन । तर वैचारिक रुपमा क्रान्तिकारी माले धार माओवादी धारमै एकीकरणमा आइसकेकोले सांगठनिक धार एउटा एमाले र अर्को क्रान्तिकारी माओवादी धार हुन् । पार्टीको संस्थागत विचार वा संस्थापन विचारलाई फौजी र राजनैतिक रुपमा पार्टी र जनतामा लैजानको लागि दाहिने हातको रुपमा युवा संगठन गठन गरिएको हुन्छ । पार्टीको विपरित प्रवृत्ति 'वाम', मध्य र दक्षिण प्रवृत्तिसँग लड्नको लागि नै पार्टीले औजारको रुपमा युवा संगठनको निर्माण गर्ने गर्दछन् । त्यसकारण युवा संगठनको मुख्य कर्तव्य पार्टीको संस्थागन नीति र नेतृत्वको पक्षमा दह्रोसँग उभिदै पार्टीको फौजी र राजनीतिक लाइनको अनुशरण गर्ने र लागु गर्ने हो । क्रान्तिकारी युवा लीग एउटा राजनैतिक संगठन हो । यसले पार्टीको नीति र नेतृत्वको पक्षमा दह्रोसँग उभिदै देशैभर संगठनको जालो विस्तार गर्ने हो ।

क्रान्तिकारी माओवादीको मूल धारको रुपमा रहेको नेकपा (चौथो महाधिवेशन) हुँदा मोहनविक्रम सिंहको नेतृत्व हुँदा प्रचण्डको नेतृत्वमा अखिल नेपाल युवक संघ गठन भएको थियो । यसले क्रान्तिकारी युवाहरुलाई व्यापक रुपमा संगठित गर्दै क्याम्पस क्याम्पसमा युवाको इकाई बनाउने, वाम, मध्य र दक्षिण प्रवृत्तिका विशेषता खुट्याउँदै अध्ययन सामग्री बनाएर व्यापक स्कुलिङ र प्रशिक्षण चलाउने गाउँ गाउँका हलि गोठाला युवाहरुलाई संगठित गर्दै जुडो कराँते र लाठीको प्रशिक्षण दिलाउँदै शोषकहरुका विरुद्ध व्यापक अभियान चलायो । त्यो युवक संगठन यति सक्रिय भयो कि त्यो नै पछि पार्टी बन्न आइपुग्यो । मोहन वैद्य बाहेक पछिल्लो कोर संगठनमा एकपटक युवक संघको अध्यक्ष हुन पुगेका प्रचण्ड, बादल, देव गुरुङ पार्टीको नेतृत्वदायी तहमा आइपुगे भने यसमा काम गर्ने अधिकांश नेताहरु पार्टीको केन्द्रीय समितिमा आइपुगे । त्यसकारण युवा संगठन भनेको कम्युनिस्ट कार्यकर्ता र नेता उत्पादन गर्ने फ्याक्ट्री पनि हो । युवाहरु स्वभावैले रुढिवाद, पछौटे उत्पादन प्रणाली, संसदवाद, संशोधनवाद विरोधी हुने हुँदा कम्युनिस्ट पार्टीलाई निरन्तरता दिन, क्रान्तिकारी बनाइराख्न, यसलाई अविछिन्न उत्तराधिकारी बनाईराख्न निरन्तर गतिशील र प्रवाहित गराई राख्नुपर्दछ । युवा संगठन विश्व कम्युनिस्ट आन्दोलनमा दुई किसिमका स्वाभाव र उद्देश्यअनुसार गठन भएको पाउँछौं । एउटा जनसंगठनको रुपमा व्यापक युवाहरुलाई राजनैतिक र वैचारिक रुपले प्रशिक्षित गर्दै जनआन्दोलनको समुद्र उठाउन क्रियाशील गराउने यो अलि बढी लेनिनको नेतृत्वमा रुसमा र अर्को पार्टीको सहायक संगठनको रुपमा योङ कम्युनिस्ट लीगको रुपमा माओको नेतृत्वमा चीनमा नेपालमा युवक संघलाई पछि नाम बदलेर योङ कम्युनिस्ट लीग भूमिगत रुपमा र युवा लीग खुला रुपमा जनयुद्धको तयारीको बेलामा गठन गरेर परिचालित भएका थिए । जनयुद्ध सुरु भएपछि सम्पूर्ण युवाहरु मिलिसिया र जनमुक्ति सेनामा आइपुगेकोले छुट्टै युवा संगठनको जरुरी भएन । वाइसिएललाई स्थगित गरिएको थियो । जनयुद्ध र जनआन्दोलनपछि पार्टीको विद्रोहको लाइनमा वाइसिएलले एकपटक फेरि तहल्का मच्चायो । जब एमाओवादी संशोधनवाद र नवसंशोधनवादमा पतन भयो, वाइसिएल पनि अरु संसदवादी पार्टीहरुका युवा संगठन जस्तै चुनाव जिताउने र बुथ कब्जा गर्ने संगठनमा बदलियो । त्यसपछि विद्रोह गरेर नेकपा-माओवादी र नेकपा (एकीकृत)बीच एकता भएपछि क्रान्तिकारी माओवादीको भातृ संगठनको रुपमा क्रान्तिकारी युवा लीग कार्यरत छ ।

नेपाली विशेषतामा जनविद्रोहको लाइनलाई लागू गर्न सम्पूर्ण क्रान्तिकारी मालेमावादलाई समर्थन गर्ने युवाहरुलाई क्रान्तिकारी युवा लीगमा धैर्यता, लगनशीलता, निरन्तरता र गतिशीलताका साथ संगठित गर्दै अगाडि बढाउनु पर्दछ । एशिया अफ्रिका र ल्याटिन अमेरिकी देशहरु अहिले पनि उत्पीडित देशहरु हुन् । उत्पादन पद्धतिका हिसाबले अहिले पनि सामन्ती उत्पादन पद्धति विद्यमान छ भने साम्राज्यवादी विस्तारवादी उत्पीडन झन् बढेको छ । त्यसकारण सामन्तवाद साम्राज्यवाद विरोधी क्रान्ति नयाँ जनवादी क्रान्ति यी देशका मूल प्रवृत्ति हुन् । नयाँ जनवाद, समाजवाद, साम्यवादको यात्रामा निरन्तर युवाहरुलाई हिडाउनु युवा क्रान्तिकारीहरुको दायित्व हो । यही दायित्वलाई पूरा गर्न नै क्रान्तिकारी युवा लीगको गठन भएको हो । हामीले युवाहरुलाई सदस्य बनाउँदा उदात्त भावना भएका, वर्ग दुश्मनप्रति घृणा भाव भएका, परिवारको मन जितेर संगठनको काममा समय निकाल्न सक्ने, समाजमा राम्रो मानिस भनेर चिनिएको पारिवारिक उल्झन कम भएको व्यक्तिलाई संगठित गर्दै नेतृत्वमा विकास गर्न सकियोस् भन्ने कुरालाई ख्याल गर्नुपर्दछ । अब पुराना संसदवादी, नवसंशोधनवादी, सुधारवादी युवाहरु एकपटक लेखिसकेका फोहोर कागजमा परिणत भइसके । त्यसलाई मेटाएर सफा कागज बन्न गाह्रो हुन्छ । केही पनि नलेखिएको सफा कागज जस्ता युवाहरुलाई खोज्ने र सदस्य बनाउँदै मालेमावाद प्रशिक्षित गराउँदै अगाडि बढाउनु पर्दछ । घर परिवारको बोझ नहुने संवेदनशील कुराले तुरुन्तै प्रभाव पार्ने "सल्यानको तिते फापर चितवनको तोरी एकैनास बनाउनुछ डाँडाकाँडा फोरी" भन्ने गीत जस्तो समाजमा भएका शोषकहरुको डाँडाकाँडालाई सम्म पारेर सबैलाई बराबर सम्म पार्ने साम्यवादी उदात्त विचारबाट युवाहरुलाई छिटै आकर्षित पार्न सकिने र पर्ने भएकोले युवाहरुलाई बढीभन्दा बढी संगठित गरेर भावी साम्यवादी आन्दोलनलाई गति दिनुपर्दछ । त्यसकारण लेनिनले युवाहरुलाई इंगित गर्दै भन्नुभएको थियो - "आम रुपमा सबै युवकहरु र खास गरिकन कम्युनिस्ट युवक संघहरु तथा अन्य जुनसुकै संगठनहरुको कार्य केवल एक शब्दद्वारा व्यक्त गर्न सकिन्छ, त्यो शब्द हो 'सिक्नु' ।" हो, युवाहरुमा सिक्नको लागि भोक हुनुपर्दछ । आफूले सिक्ने र सिकेका कुराहरु अरुलाई सिकाउने गरेर हातेमालो गर्दै हामी अगाडि बढ्नुपर्दछ ।

नेपालमा प्रतिक्रान्ति भएको छ । हिजोका क्रान्तिकारीहरु आज भूतपूर्व क्रान्तिकारी भएका छन् । १९०५ मा रुसमा प्रतिक्रान्ति भएपछि निराशा, भागदौड, कुण्ठा, अश्लिलता व्याप्त भएको थियो । अहिले नेपाली समाज झण्डै झण्डै त्यस्तै अवस्थाबाट गुज्रिएको छ । युवाहरु संगठित हुनेभन्दा पलायन हुने, देश छोडेर हिंड्ने, विदेश गएर उतै बसोबास गर्ने गरिरहेका छन् । यो पनि ठिक छैन, उ पनि ठिक छैन, ठीक के हो त्यो पनि थाहा छैन भन्ने अज्ञयवादले छोएको छ । यो क्षणिक कुरा हो । १९१७ को आसपास संसारको एकतिहाई भूभाग मुक्त भएर साम्यवादी संसार भएको थियो । १९४५ देखि १९५९ को दशकमा विश्वमा अर्को उभार आयो र एक तिहाई भूभाग साम्यवादी संसारमा परिणत भयो । अहिले समाजवादी देश एउटा पनि देश नभएपनि संसार एउटा गाउँजस्तो भएको छ । एउटा गाउँको खबर तुरुन्तै संसारभर फैलने र संसारभरको कुरा तुरुन्तै एउटा गाउँमा पुग्ने भएकोले आगामी विश्व मुक्ति आन्दोलनको उभारले संसारलाई एकैचोटी मुक्त पार्नेछ । महान् माओले भनेझैं कि क्रान्तिले तेस्रो विश्वयुद्धलाई रोक्नेछ, कि तेस्रो विश्वयुद्धले क्रान्ति जन्माउनेछ भन्ने कुरा लागु हुनेछ । कम्युनिस्ट सिद्धान्त जन्मिएको जम्मा १६८ वर्ष भयो । त्यसैले १० हजार वर्ष पुरानो सामन्तवाद हजार वर्ष पुरानो संसदवादको दाँजोमा हाम्रो कम्युनिस्ट पार्टी विचार अझै बच्चा छ । त्यसैले महान् एंगेल्सले भन्नुभएको थियो - "सामन्त र पुँजीपतिहरुले हामी कम्युनिस्टहरुको विचार र संगठनलाई बच्चाहरुको पार्टी र बच्चाहरुको विचार भन्छन्, हामीले त्यसलाई स्वीकार गर्छौं । वृद्धहरुको पहिला मृत्यु हुन्छ र बच्चाहरुको भविष्य हुन्छ । भावी संसार हामी कम्युनिस्टहरुको हो" भन्नुभएको छ । क्रान्तिकारी युवा लीग कम्युनिस्ट दर्शन मान्ने युवाहरुको संगठन भएकोले हामी सबैको भविष्य छ । सामन्तवाद र पुँजीवादजस्तो उच्च र मरणासन्न अवस्था साम्राज्यवाद हो । इतिहासमा पुरिनेछ र हाम्रो सुनौलो बिहानीको यात्रा निरन्तर अगाडि बढ्ने छ, साम्यवादसम्म ।

---

◆ झर्रोटर्रो — ✍ कैलुब्राह

## छेपारोलाई अजिङ्गरको सन्देश

'हेलो प्रिय अनुज !'

'हजुर मालिक ! कोटीकोटी प्रणाम प्रभु । आज्ञा होस् प्रभु, के मनसुवा थियो होला ?'

'सवसे पहले तो अपना मुल्क को मुखिया पदमा नियुक्त भएछौ, धेरै धरै बधाई र कार्य सफलताको शुभकामना बतवाइरहेछु । और क्या नाम त्यता धेरै अलमलिने काममा नलाग्नू । मैले यता पाटीको व्यवस्था गर्ने छु, तुरुन्त खानका लागि आउनू । फेरी पहिला जस्तो उत्ताउलो नहुनू । बढ्ता चलाखी गरेर उत्तरतरफको भोज खानतिर नलाग्नू । त्यसको नतिजा नराम्रो होला । असमयमै हात धुनु पर्ला । खयाल गर्नू । इधर मैदान के तरफ घाम ज्यादा लाग्छ, तापौला हँ । तिमी अपना घर नबनाउने छेपारा पऱ्यौ । दिनभर घाम तापेर सुत्छौ, और रात परेपछि छटपटिन्छौ । हाँ सुनो, तुम सेवका पेडमा हैन काँटेका पैड मे चढि रहेछौ, इतना आसान छैन काँटेका पैड मे बैठना ।'

'हस् हजुर, मबाट पुरानो गल्ती दोहोरिने छैन ख्वामित । उतिबेला पनि मैले चिलगारीबाट उत्रेपछि कुरा त मिलाएकै हुँ । हजुरलाई अलि सम्झना भएनछ कि मालिक ।'

'हाँ हाँ व तो मुझे पता छ । लेकिन म अभि तुमको शुभकामना दिइरहेछु ध्यान से सुनो । जवाफ वबाफ को कोइ जरुरत छैन । केवल सुनो मात्र ।'

'जी प्रभु सुनिरहेको छु, आज्ञा होस् के गर्नु पऱ्यो मैले हजुर ।'

'इस बख्त हमिले तराइतरफका भ्यागुता, छिप्कली, चुहा और कक्रोच सभिको तुमको समर्थन कर्ना आदेश करेको छु । अब उनलोग क्या क्या चाहन्छन् व पूरा कर्ना । व सभि हमारे लोग छ । और मैने पहले तुमारे घरमे आए बख्त बताएको थिएँ, पानी और जवानी पाहाड मे रहन सक्तैन । उस भनाइको बहुत ध्यान से ग्रहण कर्नू । मैने बहुत दूर दूर को विषय मे सोच समझ् करेर बताएको हो । हमारे सन्तान आने वाले कुछ कालखण्ड मे पानी नपाएर छट्पटिएर मर्ने छन् । इसलिए तुमारेतरफ से बहनेवाले पानी मे हमारा इकलौता हक छ । और हमारे यहाँ बडे बडे सेठ छन् । उनका घर मे चौकिदारी कर्ने, बरतन साफ कर्ने, कपडे धुलाने के खातिर जवानीका जरुरत पर्छ । और कोठीवठी मे लडकीको काम भी बहुत छ । व सब तुमको भेजना पर्छ । तिसरे मुल्क मे ज्यादा जवानी को भेजना छोडो । यहाँ तो भिसावसा को कोई लफडा पनि तो छैन हाँ । तुम और हमारे तरफ रोटीबेटी का बहुत पुराने सम्बन्ध पनि तो छ । व तो तुमिले तो बताएको थियो ।'

'हो हजुर, मैले नै बताएको हो । कस्तो सम्झिराख्नु भएको रहेछ, धन्यवाद हजुर ।'

'हेलो'

'जी हाँ, सुनिरहेको छु मालिक ।'

'ध्यान से सुनो, तुम तो छेपारो हो, ज्यादा रङ बदल्ने का काम नाकर्नू हाँ । व तुमारे शरीर मे बचेखुचेको लाल रङ छ न, व तो अब् तुरन्त हटाउनू, उसका कोइ काम छैन । उसका धाकधक्कु भी तुरन्त मिटाउनू । और तुम तो बातवात भी तो ज्यादा से ज्यादा अदल बदल करिलिन्छौ । ज्यादा मुह चलाने काम बन्द कर्नू हाँ । ठण्डा दिमाग से काम लिनु पर्छ । यो जनजुद्धको समय होइन । समझ लियौ ? और अपना सगोत्री के तरफ लम्बाचौडा हात नाकर्नू । इस बख्त जिसके साथ ले रहेछौ उसका धोखाधडी नादिनू । नहि तो आने वाले चुनाव मे बुरी हालात भुगतनु पर्ला । आजतक तुमिले बहुतै रङ बदली सकेछौ । बदलते बदलते अभि ठिक जगमा आएछौ । अब् उसी मे ठहर्ना जरुरी छ । देर से हुवा दुरुस्त हुवा ।

और क्या नाम इस बख्त आइएसआइ ने कोसी बैरेजको तोड्ने धम्की दिएछ । उसको तुम सुरक्षा कर्ना सक्तेनौ । हमारे तरफ से सुरक्षा प्रबन्ध मिलाने व्यवस्था मे सहयोग कर्नू । उधर तिलाठीके उग्रवादीको मारमार के हड्डी नरम करदिनू । उनका दवाइ वबाइ मे किञ्चित भी सहयोग नाकर्नू । उनलोग ने हमारे तरफका काम मे दखल दिइ रहेछन् ।

और देखो, व द्रुत मार्गके वात छ न, व भी हमारे लोगको देनेका प्रवन्ध मिलाउनू । उसका थोड बहुत कमिसन तुमको भी मिल्छ हाँ । चुनाव मे तो तुमिको भी जरुरत पर्छ हैन । और तुमारे गुँडके भितर हमारे आदमी बहुत छन् । सभिको हमिले छिपकली बनाएर बैठाए छु । हमारे दुतावाससे उनको खानपिन मिलि रहेछ । तुमिको गतिविधि सबै हमको तुरुन्त सुचना मिलिजान्छ । तुमारे गुँड के हर कोने कोने मे सिसि कैमेरा फिट करेर हमारे गुँडमे स्क्रिन राखिलिएको छ हाँ । तुमीले जे खान्छौ, जहाँ जान्छौ, जिसजिस से बातचित कर्छौ सबै कुरा हमको पता चलि जान्छ । तुमारे गुँडका द्वारका चावी तो हमारे हाथ मे तो छ । अब् तुमारा राष्ट्रवाद वाष्ट्रवादका मुखौडा सभी खुलेको छ । ज्यादा नखरेवाजी कर्छौ भने तो कुमाई वालेका हविगत मे फसिहाल्छौ ।

अन्तमे एक बात ध्यान से सुनो भाइ । व क्या है की भोलेनाथ के पुजारी, वर्दीवाले प्रमुख और कामकाज मे अङ्कुश लगानेवाले अदुआखेती वाले को हटाने का कोइ खेल नाखेलनू हाँ । व सब् हमारे आदमी छन् । उत्तर के तरफ नजर लगाने चेष्टा बिलकुल भी नाकर्नू । जो भी कर्ना चाहन्छौ हमारे सुझाव व निर्देशन बेगर कुछ भी नाकर्नू । अजिङ्गरको अच्छा तरिका से पहचान कर्नू । हलचल इधरउधर कर्ना कोसिस कऱ्यो भने एक सास मे निलिदिन्छु हाँ । आगे हमारे आशिर्वाद छ, तुमारे कल्याण होस् । बाँकी देखा जायगा ।'

१९ साउन २०७३

kailubraha73@gmail.com

# राष्ट्र हाँकेका विश्वका शक्तिशाली महिलाहरु

- **पहिलो महिला राष्ट्रपति अर्जेन्टिनाकी इसाबेल अघि नै तीन महिला राष्ट्राध्यक्ष**
- **सिरिमाओ बन्दरानायके विश्वकै पहिलो महिला प्रधानमन्त्री**
- **एउटा परिवार जहाँ, आमा र बाबु प्रधानमन्त्री, छोरी राष्ट्रपति भाई सभामुख**
- **बेनजिर भुट्टो विश्वकै पहिलो मुस्लिम महिला प्रधानमन्त्री**

केशरमणि कटुवाल

नेपाल वर्तमान विश्वको एउटा मात्रै यस्तो देश हो, जहाँ राष्ट्रप्रमुख, न्यायपालिका प्रमुख र व्यवस्थापिका प्रमुखमा महिला आसिन छन् अर्थात नेपालका प्रमुख पाँच पद मध्ये तीन पद महिलाको हातमा छ।

विद्या भण्डारी नेपालको दोस्रो र पहिलो महिला राष्ट्रपति हुन् भने सुशीला कार्की नेपालको २६ औं र पहिलो महिला प्रधानन्यायधीस तथा ओनसरी घर्ती नेपालको पहिलो महिला सभामुख छन् । नेपालको ६६ वर्ष लामो प्रजातान्त्रिक इतिहासमा करिब ३० वर्ष लामो निरंकुश पञ्चायती व्यवस्था र ३६ वर्षे बहुदलीय व्यवस्था भएपनि संसदीय व्यवस्थाको लामो अभ्यास हुन नपाएकाले पनि यसको इतिहास सरल छ । संसारका विभिन्न देशमा राष्ट्र तथा सरकार प्रमुख भएर देश हाक्ने थोरै महिलाको सूचीमा नेपालकी राष्ट्रपति विद्या भण्डारीको नाम पनि अंकित छ।

नेपालले हालसम्म महिला प्रधानमन्त्री पाउन नसकेपनि हाल मुख्य तीन पदमा महिला आसिन हुनु आफैंमा आधा आकाश ढाकेका महिलाका लागि मात्रै नभई समग्र महिला आन्दोलन र मुक्तिका लागि संघर्ष गर्नेहरुका लागि गौरव र गर्वको विषय हो । विश्वमा महिला राष्ट्रपति र प्रधानमन्त्रीका रुपमा धैरै महिलाहरुले अहिले आफ्नो भूमिका निभाइहेपनि विभिन्न देशका न्यायिक र संसदीय संरचनाका कारण कति जना प्रधानन्यायधीस र सभामुख छन् भन्ने वास्तविक तथ्यांक पाउन कठिन छ भएपनि यी दुवै संरचनामा महिलाहरुको उल्लेख्य सहभागिता छ । हाल नेपालबाहेक अर्को एसियाली राष्ट्र फिलिपिन्समा महिला प्रधानन्यायधीस मारिया सेरेनोले त्यहाँको न्यायपालिका हाँकिरहेकी छन्।

यसअघि श्रीलंकामा सिरानी बन्दरानायके त्यहाँको पहिलो महिला प्रधानन्यायधीस बनेकी थिइन् । उनले सन् २०११ देखि सन् २०१३ सम्म श्रीलंकाको न्यायपालिका हाँकिन । तर तत्कालीन राष्ट्रपति महिन्दा राजापाक्षेको कार्यकालमा उनीमाथि महाअभियोग लगाएर हटाइयो । उनीमाथि लागेको महाअभियोग गैरकानुनी भएको २८ जनवरी २०१५ मा पुष्टि भयो र उनी २९ जनवरीमा पदबाट सम्मानजनक विदाई पाइन । उनी श्रीलंकाकी ४३ औं प्रधानन्यायाधीस थिइन् । विश्व इतिहासमा सक्षम महिला नेतृको कुनै कमी नभएपनि हरेक देशको सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक आदि कारणले गर्दा महिलाहरुले नेतृत्वतहमा उल्लेखनीय भूमिका पाउन सकेका छैनन ।

**विश्व इतिहासमा महिला राष्ट्राध्यक्ष**

पहिलो महिला राष्ट्रपति बनाउने देश अर्जेन्टिना हो । आफ्ना पति राष्ट्रपति जुवान पेरानको कार्यकाल अवधिमा नै निधन भएपछि उनकी पत्नी इसाबेल मार्टिनेज डे पेरोनले सन् १९७४ को जुलाइ देखि १९७६ को मार्चसम्म राष्ट्रपतिको पद सम्हालेकी थिइन् । उनी विश्वको पहिलो महिला राष्ट्रपति भएपनि निर्वाचित राष्ट्रपति भने होइनन् । निर्वाचित राष्ट्रपति हुने पहिलो महिला भने आइसल्याण्डकी भिग्दिश फिनबोगस्टिरले भएकी थिइन् । उनी सन् १९८० देखि १९९६ सम्म आइसल्याण्डको राष्ट्रपति बनेकी थिइन् ।

विश्व इतिहासमा हालसम्म सबैभन्दा धैरै पटक महिला राष्ट्रपति भएको देश स्वीटजरल्याण्ड हो । जहाँ ६ जना महिला राष्ट्रपति बनिसकेका छन् । जनवरी १, १९९९ मा रुथ ड्रेइफस् त्यहाँको पहिलो महिला राष्ट्रपति बनेकी थिइन् । त्यसपछि, सन् २००७, २०१०, २०११ र २०१२ मा पनि महिला राष्ट्रपतिहरुले देश हाँकेका छन् । सन् २०१५ को जनवरीमा छैटौं राष्ट्रपति बनेकी सिमोनेट्टा सोमारुगा स्विट्जरल्याण्डलाई नेतृत्व प्रदान गर्ने पछिल्लो महिला राष्ट्रपति हुन् ।

अर्जेन्टिना, चिली, माल्टा, फिलिपिन्स्, लाइबेरिया र आयरल्याण्डमा पनि २-२ जना महिला राष्ट्रपतिले नेतृत्व गर्ने अवसर पाएका छन् भने हाल नेपालसहित थुप्रै देशमा महिला राष्ट्रपति छन् । यसैगरी ५ वटा देशमा रानी तथा राष्ट्राध्यक्षको जिम्मेवारी महिलाले निभाइरहेका छन् । त्यसैगरी ब्राजिलकी वर्तमान राष्ट्रपति डिल्मा रुसेफ पनि शक्तिशाली र चर्चित राष्ट्रपति हुन् तर हाल उनीमाथि महाअभियोगको प्रस्तावमा निरन्तर छलफल चलिरहेको छ र १८० दिनका लागि निलम्बन गरिएको छ ।

भारतमा २००७ मा पहिलो महिला राष्ट्रपति प्रतिभा पाटिलले देशको नेतृत्व गरिन् भने श्रीलंकामा सन् १९९४ मा चन्द्रिका कुमारातुङ्गालाई महिला राष्ट्रप्रमुखको रुपमा कार्यभार सम्हालेकी थिइन् । उनी श्रीलंकामा लामो राजनीतिक इतिहास बोकेको परिवारमा जन्मिइन् र उनको परिवारमा देशको सर्वोच्च पदमा पुग्ने कीर्तिमान नै बन्यो । उनका बाबु र आमा प्रधानमन्त्री बने भने उनी प्रधानमन्त्री र राष्ट्रपति दुवै बनिन् । त्यतिमात्रै होइन उनका भाई सभामुख र मन्त्री बन्न भ्याए । जर्मन चान्सलर एन्जेला मर्केल राष्ट्रप्रमुखहरुमध्ये सबैभन्दा बढी समय कार्यभार सम्हालेकी नेतृ मध्ये एक हुन् । सन् २००५ को नोभेम्बरमा उनी राष्ट्रप्रमुख बनेकी थिइन् ।

निर्वाचित र मनोनित राष्ट्राध्यक्षहरुको इतिहास यस्तो भएपनि अर्जेन्टिनाकी राष्ट्रपति इसाबेलभन्दा अघि पनि महिलाले देशको सर्वोच्च पदमा पुग्ने इतिहास बनाएका छन् । कतिपय महिलाहरु राष्ट्रले उपनिबेस कायम गरेको स्थानमा गर्भनरको रुपमा जिम्मेवार लिएर समेत काम गरेका छन् । सबैभन्दा पहिला महिला राष्ट्राध्यक्ष बन्ने गौरव खेर्तेक आन्चिमा तोकालाई प्राप्त छ । तुभान/सोभियत राजनीतिज्ञ रहेकी उनले सन् १९४० देखि सन् १९४४ सम्म तन्नु तुभा अर्थात जनवादी गणतन्त्र तुभानको राष्ट्राध्यक्षको जिम्मेवारी सम्हालेकी थिइन । तर, यो देश सोभियत संघमा गाभिएपछि उनको पद समाप्त भयो र आज पनि यो क्षेत्र रसियामा पर्दछ । उनको सन् २००८ मा नोभेम्बर ४ मा ९६ वर्षको उमेरमा निधन भयो ।

यसैगरी मंगोलियाकी सुखबार्तयन यन्ज्मा संसारको दोस्रो महिला राष्ट्राध्यक्ष हुन् । उनी क्रान्तिकारी नेता दामिन सुखबातरकी श्रीमती हुन् । उनले मंगोलियालाई १९५३ देखि ५४ सम्म नेतृत्व प्रदान गरेकी थिइन् । उनको सन् १९६३ मा ७० वर्षको उमेरमा निधन भयो ।

कुनै समय चिनियाँ राजनीतिमा मुख्य भूमिका निभाएकी संग चिंग-लिंग अर्थात संग क्विलिंग सन यात् सेनकी दोस्री पत्नी हुन् । उनले कार्यकारी सहअध्यक्षको रुपमा चीनमा सन् १९६८ देखि १९७२ सम्म कार्यभार सम्हालेकी थिइन् । उनी सन् १९८१ मा १२ दिन चीनको मानार्थ अध्यक्ष भइन् । १६ मे मा उनलाई मानार्था अध्यक्षको उपाधी दिइएको थियो तर २८ मे मा उनको निधन भयो । उनलाई 'आधुनिक चीनकी आमा' को रुपमा सम्मान गरिन्छ । सन् १९४९ मा चिनियाँ क्रान्ति पूरा भएपछि उनी उपराष्ट्रपति जस्तो गरिमामय पदमा आसिन भएर ठूलो योगदान गरिन् । तर चिनियाँ सांस्कृतिक क्रान्तिका समयमा उनको धैरै आलोचना भयो । उनी सन् १९७६ देखि १९७८ सम्म चिनियाँ नेशनल पिपुल्स कंग्रेसको स्थायी समितिको अध्यक्ष समेत भईन् ।

पुरुषप्रदान समाजको उल्झनलाई चिर्दै शक्तिमा पुग्न सफल महिलाहरुको कुरा गर्दा माथि उल्लेखित नाम छुटाउन मिल्दैन । तर उनीहरुको राजनीतिक जीवनको उत्थान र पतन तथा उनीहरुले जीवनकालमा गरेका कार्यहरुको वर्णन त्यति धैरै पाइदैन । त्यसैले हामी पहिलो महिला राष्ट्रपतिका रुपमा अर्जेन्टिनाकी इसाबेल मार्टिनेजलाई नै मान्दछौं । किनभने त्यसअघि सत्तामा पुगेका तीनै जना महिलालाई राष्ट्रपति 'प्रेसिडेन्ट' को रुपमा नभई राष्ट्राध्यक्ष 'हेड अफ दि स्टेट' को रुपमा ब्याख्या गरिएको छ ।

**वर्तमान विश्वमा महिला नेतृत्व**

वर्तमान विश्वमा नेपाल बाहेक २२ जना महिलाले राष्ट्रको प्रमुख भूमिकामा रहेर काम गरिरहेका छन् अर्थात २२ जना महिलाले ती देश हाँकिरहेका छन् । इतिहास हेर्दा भने ३६ जना महिला राष्ट्रपति बनिसकेका छन् । जसमा २३ जना निर्वाचित र ८ जना मनोनित रहेका छन् । यतिबेला नेपालसहित दक्षिण कोरिया, जर्मनी, ब्राजिल, ताइवान, चिली, क्रोएसिया, लाइबेरिया, लिथुवानिया, ट्रिनिडाड एण्ड टोबागो, कोसोभो, जमाइका, स्लोभेनिया, सेनेगल, साइप्रसलगायतका देशमा महिला राष्ट्र तथा सरकारप्रमुख छन् । जर्मन चान्सलर एन्जेला मर्केल वर्तमानमा सबैभन्दा शक्तिशाली महिलामा पर्छिन । पछिल्ला केही वर्षयताका रेकर्डहरुलाई हेर्ने हो भने हरेक समय २० भन्दा बढी देशमा महिलाले नेतृत्व गरिरहेका छन् । सन् २०१४ को मार्च महिनामा यो संख्या २२ थियो । अहिले पनि त्यो भन्दा कमी भएको छैन ।











वर्तमान महिला नेतृहरुको कुरा गर्दा छुटाउनै नसकिने अर्को नाम हो बेलायती महारानी एलिजावेथ द्वितीय । उनले अप्रत्यक्ष रुपमा बेलायतको नेतृत्व प्रदान गरिरहेकी छन् । बेलायतमा राजतन्त्रलाई अत्यन्तै आदर्शको रुपमा लिने हुनाले उनको स्थानपनि उच्च छ । यसैगरी महारानी मार्गरेट द्वितीयले डेनमार्कको नेतृत्व गरिरहेकी छन् । उनी त्यहाँको सेनाको सुप्रिम कमाण्डर समेत हुन् । यी दुवै महारानीहरु पूर्वजहरुको विरासत धान्दै आइरहेका जन्मसिद्ध शक्तिशाली पदमा आसिन महिला हुन् ।

सेन्ट लुसियाकी नेतृ गर्भनर जनरल डा.डेम सी पियरलेट्टे लुइजीले भने आफ्नो जीवनकालमा शिक्षिका, प्रशासक, उपप्रधानध्यापक, हुदै सेन्ट लुसिया कलेजको प्रमुख भएर समेत काम गरेकी थिइन् । उनले हाल सेन्ट लुसियलाई नेतृत्व प्रदान गरिरहेकी छन् ।

जर्मन चान्सलर एन्जेला मर्केल, लाइबेरियाकी राष्ट्रपति एलेन जोनसन सिरलेफ, दक्षिण कोरियाकी राष्ट्रपति पार्क गुन हेई, ग्रानाडाकी गर्भनर जनरल डेम सेसिले ला ग्रेनाडे, नर्वेकी प्रधानमन्त्री इर्ना सलवर्गले हाल आफ्नो देश हाँकिरहेका छन् । वर्तमान समयमा आफ्नो सशक्त भूमिका स्थापित गर्ने नेतृमा बंगलादेशकी शेख हसिना वाजेद, माल्टाकी राष्ट्रपति मारिए लुइजे कोलेरियो पेरेजा, क्रोएसियाकी राष्ट्रपति कोलिन्डा ग्राबार किट्रोभिक, नामिबियाकी प्रधानमन्त्री सारा कुगोंगेल्वा अमाधिला, मौरिससकी राष्ट्रपति अमिनाह गुरिब-फकिमसमेत हुन् ।

यस्तै विश्वकै पहिलो निर्वाचित काला जातिकी राष्ट्रपतिको रुपमा इलेन जोनसन सिर्लिफको नाम अंकित छ । उनी अफ्रिका महादेशकै पहिलो निर्वाचित राष्ट्राध्यक्ष समेत हुन् । यस्तै सन् २०१४ मा 'देश बचाउनका लागि' नारा लिएर उदाएकी थिइन्, मध्य अफ्रिकी गणतन्त्रकी राष्ट्रपति क्याथरिन साम्बा-पान्जा । यस्तै अर्जेन्टिनाको सत्तामा लामो समय बसेकी राष्ट्रपति क्रिष्टिना फर्नान्डेज पहिलो निर्वाचित र पुनर्निर्वाचित हुने महिला राष्ट्रपति पनि हुन् ।

यसैगरी नेपालकी राष्ट्रपति विद्या भण्डारी पनि वर्तनमा विश्वका शक्तिशाली महिलाको सूचीमा पर्छिन । नेकपा एमालेकी पूर्व उपाध्यक्ष समेत रहेकी उनी यसअघि जनसंख्या तथा वातावरण र रक्षामन्त्री समेत भइसकेकी छिन् । यसैगरी म्यानमारकी स्टेट काउन्सिलर तथा त्यहाँको नेशनल लिग फर डेमोक्रेसीकी नेतृ आङ साङ सुकी प्रजातन्त्रका लागि लामो संघर्ष गरेकी नेतृ हुन् । गत वर्ष भएको निर्वाचनमा उनको पार्टीले ८० प्रतिशत भोट पाएको थियो । विदेशी नागरिकता लिएका छोराछोरीका बाबुआमा समेत त्यहाँको राष्ट्रपति हुन नपाउने कानुनअनुसार उनका लागि प्रधानमन्त्री सरहको पद सिर्जना गरेर राखिएको हो । नोबेल शान्ति पुरस्कार विजेता समेत रहेकी सुकी त्यहाँको राष्ट्रपति कार्यलयकी मन्त्री तथा विदेशमन्त्रीको भूमिकामा छिन् । उनलाई त्यहाँको सैनिक सरकारले सन् १९८८ देखि २०११ सम्म घरमै नजरबन्दमा राखेको थियो ।

विश्वकै शक्तिशाली राष्ट्र अमेरिकामा पहिलो पटक महिला राष्ट्रपतिको उम्मेदवार बन्दा विश्वमा धैरै महिलाहरु आफ्नो देशको सर्वोच्च पदमा पुगिसकेका छन् । निर्वाचनको माध्यमबाट सर्वोच्च पदमा पुग्ने प्रजातान्त्रिक प्रक्रिया अपनाएरै महिलाहरुले आफूलाई अब्बल सावित गरेका छन् । बेलायतमा मार्गरेट थ्याचरपछि भर्खरै थेरेसा मे दोस्रो महिला प्रधानमन्त्रीका रुपमा उदाएकी छन् । 'आइरन लेडी' को उपमा पाएकी थ्याचरले समयअनुसार आफूलाई बलबान सावित गर्न सफल बनिन् । तर उनी पनि विश्वकै पहिलो महिला प्रधानमन्त्री भने होइनन् ।

विश्वकी पहिलो महिला प्रधानमन्त्री श्रीलंकाकी सिरिमाओ बन्दरानायके हुन् भने भारतकी इन्दिरा गान्धी विश्वकै दोस्रो महिला प्रधानमन्त्री बन्न सफल भएकी थिइन् । महिला राष्ट्रपति र प्रधानमन्त्री दुवै पाईसकेको श्रीलंकामा भने अर्को पनि रेकर्ड छ । जहाँ आमा प्रधानमन्त्री र छोरी राष्ट्रपति भए । बन्दरानायके १९९४ देखि २००० सम्म प्रधानमन्त्री बनिन् भने उनकी छोरी चन्द्रिका बन्दरानायके कुमारातुंगा राष्ट्रपति थिइन् । त्यसअघि उनी नै प्रधानमन्त्री थिइन् । तर उनले जम्मा ८७ दिन मात्रै प्रधानमन्त्रीको पद सम्हालिन र विश्वकै पहिलो महिला प्रधानमन्त्री सिरिमाओ बन्दरायकेकी छोरी कुमारातुंगा राष्ट्रपति बनिन् । सोही बेला तेस्रो पटक प्रधानमन्त्री बनेकी बन्दरानायकेको १० अक्टोबर सन् २००० मा ८४ वर्षको उमेरमा निधन भयो । यो संसारकै दर्लभ एक रेकड पनि हो । चन्द्रिका राजनीतिक परिवारमा जन्मिइन र सोही अनुसार अघि बढिन । उनका बाबु सोलोमोन बन्दरानायके उनी जन्मिदा मन्त्री थिए र पनि प्रधानमन्त्री बने । चन्द्रिकाका भाई अनुरा बन्दरानायके त्यहाँको संसदका पूर्व सभामुख र पूर्वमन्त्री थिए । तर उनको सन् २००८ मा निधन भइसकेको छ ।

यद्यपि विश्वको पहिलो महिला प्रधानमन्त्री सिरिमाओ बन्दरानायके भएपनि उनीभन्दा अघि पनि एक महिला प्रधानमन्त्री सरहको स्थानमा पुगेकी थिइन् । युक्रेनकी नेतृ वेन्हैया बोह्डानिभ्ना पिपुल्स कमिस्नर बनेकी थिइन् । कुनै समय त्यहाँको कार्यकारी प्रमुखका रुपमा यो पद रहेपनि सोभियत संघको स्थापनाको समयमा उनको पद धरापमा पर्न गयो । उनको बारेमा त्यतिधैरै प्रमाणित तथ्यांक भेटिदैन । तर पहिलो महिला प्रधानमन्त्री बन्दरानायकेसँगै संसारमा ७२ जना महिला प्रधानमन्त्री बनिसकेका छन् । तिनीहरुमध्ये धैरै जना दोहोरिएर पनि प्रधानमन्त्री बने । बन्दरानायके आफ्नो जीवनकालमा तीन पटक प्रधानमन्त्री बन्न सफल भएकी थिइन् भने इन्दिरा गान्धी दुई पटक प्रधानमन्त्री बनिन् । हालसम्म सबैभन्दा पछि प्रधानमन्त्री बन्ने बेलायतकी थेरेसा मे हुन् ।

**सत्तामा मुस्लिम महिला**

मुस्लिम धर्मावलम्बी महिलाहरु बुर्का लगाउने र अत्यन्त्रै पुरातनवादी संस्कारमा हुर्कन बाध्य पारिदै आएका थुप्रै घटनाहरु हामीले सुन्ने गरेका छौं । इस्लामिक कानुनमा पनि महिलाको स्थान निकै तल राखेको हामी पाउँदछौं । तर कतिपय मुस्लिम महिलाहरु त्यो सानो घेरालाई तोडेर राजनीतिक नेतृत्वमा पुगेका छन् । इन्डोनेसियामा मेघावती सुकार्नोपुत्री सन् २००० देखि २००४ सम्म राष्ट्रपति बनेर राष्ट्रलाई नेतृत्व प्रदान गरिन् । यस्तै कोशोभोमा अतिफेते जाहजागाले त्यहाँको चौथो राष्ट्रपति र पहिलो महिला राष्ट्रपतिको रुपमा कार्य गरिन् भने रोजा ओतुनवाएभा किर्गिस्तानको तेस्रो राष्ट्रपति बनिन् ।

हालसम्म चार जना मुस्लिम राष्ट्रका महिला आफ्नो देशको प्रधानमन्त्रीको पदमा पुग्न सफल बनेका छन् । यसरी प्रधानमन्त्री बन्नेमा पाकिस्तानी पूर्व प्रधानमन्त्री स्व.बेनजिर भुट्टो, बंगलादेशकी बेगम खालिदा जिया र शेख हसिना वाजेद तथा टर्कीकी पूर्वप्रधानमन्त्री तान्सु सिलेर आफ्नो देशका प्रधानमन्त्री बन्न सफल भए । तान्सु सुन्नी मुस्लिम परिवारमा जन्मिएकी महिला हुन् । उनले सन् १९९३ देखि सन् १९९६ सम्म टर्कीमा प्रधानमन्त्रीको पद सम्हालेकी थिइन् । यसैगरी दुई पटक पाकिस्तानकी प्रधानमन्त्री बन्न सफल बेनजिर भुट्टो पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकर अली भुट्टोकी छोरी हुन् । जुल्फिकर पाकिस्तानको ९ नौं प्रधानमन्त्री थिए भने भुट्टो ११ औं र १३ औं प्रधानमन्त्री बनेकी थिइन् । उनी पाकिस्तानको मात्रै होइन संसारकै पहिलो मुस्लिम महिला प्रधानमन्त्री हुन् ।

यस्तै बंगालादेशमा दुई मुस्मिल महिलाले प्रधानमन्त्रीको पद सम्हालिसकेका छन् । वेगम खालिदा जिया बंगलादेशको पहिलो महिला प्रधानमन्त्री र संसारकै दोस्रो मुस्लिम महिला प्रधानमन्त्री हुन् । उनीपछि बंगलादेशमा शेख हसिना वाजेद प्रधानमन्त्री बनिन् । बंगलादेशको अवामी लिगलाई सन् १९८१ देखि नेतृत्व गर्दै आएकी उनी विश्वको चौथो मुस्लिम महिला प्रधानमन्त्री हुन् । मुस्लिम महिलाहरुमा केही देशमा मन्त्री बन्न सफल भएका छन् । अफगानिस्तानमा कुब्रा नुरजाई पहिलो महिला मन्त्री हुन् भने मसाउदा जलाल सन् २००२ मा हमिद कारजाईसँग राष्ट्रपतिमा पराजित भएकी थिइन् । यस्तै आजरा जफारी अफगानिस्तानमा मेयर बन्न सफल भइन् ।

यसरी हेर्दा विश्वमा महिलाहरुको सम्मानजनक र सबल उपस्थिति छ । आज विश्वमा जुन समतामुलक समाज निर्माणको सोच हामीले बोकेका छौं, त्यसका लागि एक दुई महिला सत्ता वा शक्तिमा पुगेर होइन समग्र विकासको प्रक्रियामा सामेत भएर/गराएर मात्रै सम्भव छ । संसारलाई नेतृत्व प्रदान गर्ने भनेको लिंग पहिचानले होइन सबल र उत्कृष्ठ चेतनास्तरले नै हो । आजसम्मको इतिहासलाई सरसर्ती केलाएर हेर्दा ७२ जना महिला प्रधानमन्त्री र ३६ जना राष्ट्रपति अनी केही राष्ट्राध्यक्षहरु बनेको देखिन्छ । त्यतिमात्रै होइन केही प्रधानन्यायधीस र मन्त्री तथा सरकारी उच्च ओहादामा अवश्य पुगेका छन् । तर, के यो समतामूलक राष्ट्र निर्माणका लागि पर्याप्त छ त ? विहानीले दिनको झल्को दिन्छ भनेजस्तै आज हामीले गर्ने क्रियाकलापले भोलिको झल्को दिइरहेको हुन्छ । नेपालीमा एउटा भनाई छ, बाबु शिक्षित भएमा व्यक्ति शिक्षित बन्छ तर आमा शिक्षित भएमा सिंगो परिवार शिक्षित बन्छ । हामीले सिंगो परिवार, समाज राष्ट्रका महिलालाई शिक्षित बनाउन सक्यौ भने सिंगो देशलाई शिक्षित बनाउन सक्छौ र प्रगतिपथमा लम्किन सक्छौ । तसर्थ आज महिला नेतृत्व विकास हरेक देशको पहिलो प्राथमिकतामा रहन सक्यो भने हामीले भोलिका दिनमा महिला नेतृत्व यसरी गन्नु पर्दैन र हरेक क्षेत्रमा प्रतिस्पर्धा गरेर अघि बढ्न सक्ने सामर्थ्यको विकास हुनसक्छ ।

# माओवादी सौन्दर्य दृष्टि

चैतन्य

अघिल्लो अंकको बाँकी ...

**ख) सौन्दर्य-चिन्तनको सिद्धान्त :**

माओवादी सौन्दर्य-चिन्तनको सिद्धान्तका मूल विशेषता यी हुन् :

**पक्षधरताको सिद्धान्त :**

"साहित्य कला कसका लागि ?" यो प्रश्नलाई माओले साहित्य र कलाको आधारभूत सिद्धान्तको प्रश्न बताउनुभएको छ । यो पक्षधरताको सवालसँग जोडिएको प्रश्न हो र यसको हल लेनिनबाट भइसकेको छ । परन्तु, माओले त्यसलाई अझै परिस्कृत तुल्याउने काम गर्नुभएको छ। जनताका लागि लेख्ने भनेको के र त्यो कसरी लेख्ने- यी दुवै सवाललाई उहाँले साहित्यको केन्द्रीय सवालका रुपमा लिनुभएको छ । साहित्य र कलामा गैरपक्षधरताको वकालत गर्ने तमाम गलत चिन्तनमाथि प्रहार गर्दै उहाँ भन्नुहुन्छ, "वास्तवमा कला कलाका लागि सिद्धान्त माने कला तथा राजनीतिको समानान्तर रहने वा त्यसबाट स्वतन्त्र रहने कला नामका कुनै चीज छैनन्, लेनिनका शब्दमा ती सम्पूर्ण क्रान्तिकारी मेसिनका दाँती र पेच समान छन् ।"५

सम्पूर्ण क्रान्तिकारी मेसिनका अंगका रुपमा साहित्य र कलालाई कसरी जोड्ने ? दुश्मनलाई नष्ट गर्ने र जनतालाई प्रशिक्षित तथा गोलबन्द गर्ने शक्तिशाली हतियारका रुपमा तिनको विकास कसरी गर्ने ? यी उद्देश्य प्राप्तिका लागि उहाँले लेखक-कलाकारसँग सम्बन्धित वर्गदृष्टिविन्दु रुभान, दर्शक, पाठक र अध्ययनका समस्याहरुको विश्लेषण गरी सही समाधान प्रस्तुत गर्नुभयो ।

**प्रतिबिम्बनको सिद्धान्त :**

साहित्य र कलालाई उहाँले सामाजिक जीवनको प्रतिबिम्ब बताउनुभयो र जनताको जीवनलाई कच्चामालको खानीको रुपमा लिदै त्यो अप्रशोधित भए पनि अत्यन्तै सजीव, समृद्ध र मौलिक हुने कुरा स्पष्ट पार्नुभयो । मानिस जीवनलाई हेरेर मात्र किन सन्तुष्ट हुन सक्तैनन् र कला साहित्यको माग गर्छन् ? उहाँले भन्नुभयो, "यद्यपि ती दुवै सुन्दर हुन्छन्, परन्तु साहित्यिक रचनाहरु र कलाकृतिहरुमा प्रतिबिम्बित हुने मानव जीवन दैनिक वास्तविक जीवन भन्दा बढी उँचो धरातलमा, बढी तीव्र, बढी घनीभूत, बढी विशिष्टतापूर्ण, आदर्शको बढी नजिक तथा त्यसैले अझ बढी व्यापक प्रभाववाला हुन सक्तछ र त्यो त्यस्तो हुन पनि पर्दछ ।"६ माओको यस भनाइमा यथार्थ र कलाबीचको द्वन्द्वात्मक सम्बन्ध राम्रोसँग स्पष्ट भएको छ । यहाँ कस्तो छ होइन, कस्तो हुनुपर्छ भन्ने कुराको निकै राम्रो जवाफ दिइएको छ । यहाँनेर माओले ज्ञानको- त्यसैले सौन्दर्य-चिन्तनको पनि- दुई छलाङ सिद्धान्त राम्रोसँग लागू गर्नुभएको छ ।

**कला मूल्यको मापदण्डको सिद्धान्त :**

माओ भन्नुहुन्छ, "कला-साहित्यको समालोचनाका दुई मापदण्ड हुन्छन्- राजनीतिक र कलात्मक ।"७ यी दुईमा उहाँले पहिलोलाई प्रधान र दोस्रोलाई गौण बताउनुभएको छ । यसो किन ? उहाँ भन्नुहुन्छ- सबै वर्ग समाजमा सबै वर्ग यसै गर्छन् । कलात्मक प्रतिभाको दृष्टिले जतिसुकै उँचो भए पनि सर्वहारावर्गका कलाकृतिका निम्ति पुँजीपतिवर्गको सदा ढोका बन्द हुन्छ । त्यस्तै विषयवस्तु जति प्रतिक्रियावादी हुन्छ र जसको कलात्मक प्रतिभा जति नै उँचो हुन्छ, त्यो कृति जनताका निम्ति त्यत्तिकै जहरिलो हुन्छ । त्यसलाई लत्याउन त्यत्तिकै जरुरी हुन्छ । वस्तु र कलाबीचको यो अन्तर्विरोधलाई उहाँले ह्रासकालीन शोषकवर्गीय कला-साहित्यको "एक विशेषता" बताउनुभएको छ ।

असल र खराबबीचको अन्तरलाई कसरी छुट्याउने त्यस निम्ति उहाँले प्रयोजन र परिणाम- आम जनताको सेवा गर्ने प्रयोजन र जनताद्वारा समर्पित हुने परिणाम- बीचको द्वन्द्वात्मक एकतालाई आधार बनाउनुभएको छ ।

कलात्मक मापदण्डको चर्चा गर्ने सन्दर्भमा उहाँले स्तरीयता र लोकप्रचलनको द्वन्द्वात्मक एकतामा जोड दिनुभएको छ । यो कलाको सम्प्रेषण सिद्धान्तसँग सम्बन्धित प्रश्न हो र यसलाई उहाँले जनताको सेवा गर्ने प्रयोजन र जनताद्वारा समर्पित हुने परिणामसँग जोड्नुभएको छ ।

कुनै वस्तु किन सुन्दर मानिन्छ ? यसको जवाफमा उहाँले भौतिकवादी उपयोगितावादी- "सर्वहारा क्रान्तिकारी उपयोगितावादी" दृष्टि अवलम्बन गर्नुभएको छ । यसलाई पनि सरलता र स्तरीयताको प्रश्नसँग जोड्नुभएको छ । यथार्थवादी सौन्दर्य चिन्तकहरुले जीवनपरक कलालाई श्रमसँग जोड्ने गरेका छन् । मार्क्सले कलाको विकासमा श्रमको महत्वपूर्ण भूमिका रहने कुरा बताउनुभएको छ । चेर्नी शेव्स्कीले- सुन्दर जीवन नै हो भनेका छन् । परन्तु, प्रश्न छ- वस्तुलाई सौन्दर्य सुखसँग जोड्ने तत्व के हो, त्यो अवश्यै उपयोगिता हो । जुन वस्तु जीवनोपयोगी छ त्यही नै सुन्दर हुन्छ र वस्तुमा जीवनको उपयोगिता सृष्टि गर्ने मूल तत्व श्रम नै हो । सौन्दर्यसम्बन्धी माओको सर्वहारा क्रान्तिकारी उपयोगितावाद ठीक यसै कुरामा आधारित छ । त्यसैले त माओ भन्नुहुन्छ- "जनताको मौलिक आवश्यकता 'रेशमी कपडामा बढी बुट्टा' होइन । अपितु जाडोको बेला चाहिने दाउरा (इन्धन) हो ।" एकातिर असहनीय दुःख-दर्द र गरीवी अर्कोतिर विशाल वैभव र मान्छेद्वारा मान्छेको डरलाग्दो शोषण- यो स्थितिमा जनताको निम्ति जीवनोपयोगी वस्तु क्रान्ति नै बन्दछ र त्यसनिम्ति राजनीतिकै, पक्षधरताकै आवश्यकता पर्दछ । ठीक यसैकारण माओले राजनीतिक मापदण्डलाई कला-मूल्यको प्रधान मापदण्ड मान्न पुग्नुभएको हो ।

परन्तु, यस सन्दर्भमा उहाँले कलात्मक मापदण्ड पटक्कै उपेक्षा गर्नुभएको छैन । प्रतिक्रियावादी राजनीतिक विषयवस्तुलाई कलात्मक ढंगले प्रस्तुत गर्ने रुपवादी शैलीका साथै प्रगतिशील राजनीतिक चिन्तनलाई पोस्टरवाजी वा नारावाजी शैलीमा प्रस्तुत गर्ने चिन्तनको पनि पूरा विरोध गर्नुभएको छ । निष्कर्षमा माओ भन्नुहुन्छ, "हामी जुन चीजको माग गर्दछौं, त्यो हो- राजनीति र कलाको एकता, विषयवस्तु र रुपको एकता, क्रान्तिकारी राजनीतिक विषयवस्तु र यथासम्भव बढी पूर्ण कलात्मक रुपको एकता ।" यसरी सारमा जुन कृतिमा विषयवस्तु र रुपबीच यसप्रकारको द्वन्द्वात्मक एकता कायम गरिएको हुन्छ, त्यही नै माओको दृष्टिमा सुन्दर कृति हो ।

माओले कला समालोचनाका यी दुवै मापदण्डहरुलाई अमूर्त तथा अपरिवर्तनशील मान्ने चिन्तनको विरोध गर्दै ती मूर्त एवम् परिवर्तनशील हुने कुरा बताउनुभएको छ ।

**सृजनशीलताको वर्गीय सिद्धान्त :**

माओले जनपक्षधर लेखक कलाकारहरुका निम्ति मार्क्सवादको अध्ययन आवश्यक भएको कुरा बताउनुभयो । यससन्दर्भमा उहाँले मार्क्सवादको अध्ययनले कलाकारहरुको सृजनशील मूडलाई नष्ट गरिदिन्छ भन्ने चिन्तनमाथि कडा प्रहार गर्दै दुई कुरा स्पष्ट पार्नुभयो । पहिलो, मार्क्सवाद र यथार्थवादबीचको सम्बन्ध र दोस्रो, सिर्जनात्मक मूडको वर्गचरित्र । उहाँले भन्नुभयो, "साहित्यिक र कलात्मक सृजनको कार्यमा मार्क्सवादले यथार्थवादलाई हटाएर त्यसको स्थान लिन सक्तैन, अपितु त्यसलाई आफूभित्र समावेश गर्दछ, ठीक त्यसरी जसरी त्यसले भौतिक विज्ञानमा परमाणु र विद्युतसम्बन्धी सिद्धान्तहरुलाई हटाएर त्यसको ठाउँ लिन सक्तैन, अपितु तिनलाई आफूभित्र समावेश गर्दछ ।"८ यसको अर्थ के ? मार्क्सवाद प्रकृति, समाज र चिन्तनका आम नियमहरुको अध्ययन गर्ने एक सामान्य विज्ञान हो, तर जब कि यथार्थवाद कलाका वस्तुवादी नियमहरुको सौन्दर्यपरक ढंगले अध्ययन गर्ने एक विशिष्ट विज्ञान । जस्तो कि परमाणु विद्युत अणुसम्बन्धी नियमको अध्ययन गर्ने भौतिक विज्ञान एक विशिष्ट विज्ञान हो । मार्क्सवाद सामान्य हो, चिन्तनका अन्य शाखा विशिष्ट हुन् । सामान्य हुनुको हैसियतले मार्क्सवाद चिन्तनको विशिष्ट शाखा यथार्थवादलाई आफूभित्र समेट्न समर्थ छ, परन्तु यथार्थवादको आफ्नै विशिष्ट हैसियत हुनुको कारण त्यसको सत्य अपहरण गर्न सक्तैन, त्यसलाई हटाएर त्यसको स्थान लिन असमर्थ छ ।

अब आउँछ- सिर्जनात्मक मूडसँग गाँसिएको मार्क्सवादको अध्ययनको कुरा । माओको दृष्टिमा मार्क्सवादको अध्ययन गर्नुको अर्थ संसार, समाज र कला-साहित्यलाई द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणले हेर्नु हो, न कि कुनै कलाकृतिमा दर्शनशास्त्रका भाषण छाँट्न हिंड्नु । "उसो भए के मार्क्सवादले सिर्जनात्मक मूड नष्ट गरिदिदैन ?" माओ भन्नुहुन्छ, "हो, गरिदिन्छ । त्यसले पक्कै हरेक यस्तो सिर्जनात्मक मूडलाई- जुन सामन्ती, पुँजीवादी, निम्नपुँजीवादी, उदारतावादी, व्यक्तिवादी, शून्यवादी, 'कला कलाका लागि' सिद्धान्त मान्ने अभिजातवर्गीय, पतनशील अथवा निराशावादी र हरेक त्यस्तो सिर्जनात्मक मूडलाई जुन विशाल जनसमुदाय र सर्वहारावर्गको होइन, नष्ट गरिदिन्छ ।" यसरी स्पष्ट छ, माओले सिर्जनात्मक मूडको प्रश्नलाई वर्गीय अर्थमा ग्रहण गर्नुभएको छ र यसप्रकारका तमाम विजातीय तत्वहरुमाथि कडा सैद्धान्तिक प्रहार गर्दै ती सबलाई नष्ट गरेर नै नयाँ चीजहरुको रचना गर्न सकिने कुरा बताउनुभएको छ ।

**भावात्मक रुपान्तरणको सिद्धान्त :**

माओले क्रान्तिकारी कला-साहित्यको निर्माणका निम्ति अन्य वर्गबाट आएका बुद्धिजीवीहरुको पुनःसंस्कार गर्नुपर्ने कुरामाथि विशेष प्रकाश पार्नुभएको छ । पुनःसंस्कारको अर्थ के ? उहाँले भन्नुभएको छ, "यसको अर्थ हो भावनात्मक रुपान्तरण, एक वर्गबाट अर्को वर्गमा रुपान्तरण ।" यस प्रकारको रुपान्तरण लेखक-कलाकार र जनता दुबैका निम्ति हो । माओवादी सौन्दर्यदृष्टिअनुरुप यस सिद्धान्तको यसरी व्याख्या गर्न सकिन्छः-

**पहिलो**, ज्ञानको दुई छलाङ्को सिद्धान्तका आधारमा । लेखक-कलाकारको जब भावात्मक रुपान्तरण हुन्छ, त्यो बेला उनीहरुले सामाजिक जीवनबाट प्राप्त सामग्रीलाई क्रान्तिकारी ढंगले प्रतिबिम्बित गर्छन् र त्यसरी निर्मित कृतिहरुले जनताको भावनात्मक परिवर्तनमा पनि राम्रो मद्दत पुऱ्याउँछन् । जनजीवनबाट कलाकार र कलाकारबाट जनजीवन- यो प्रक्रिया निरन्तर उच्च रुपमा विकसित हुँदै जान्छ ।

**दोस्रो**, विपरीतहरुको एकता र संघर्षका आधारमा । सत्य-असत्य, असल-खराब, सुन्दर-असुन्दर, प्रेम-घृणा, उत्साह-अनुत्साह आदि वस्तुमा विपरीत पहलुहरुबीच संघर्ष चलिरहन्छ र ती खास अवस्थामा एकअर्कोमा बदलिन्छन् । जस्तो कि माओ स्वयम्को भनाइअनुसार पहिले उहाँले पुँजीपति र निम्नपुँजीपति वर्गका बुद्धिजीवीहरुलाई सफा-सुग्घर ठान्नुहुन्थ्यो, तर जबपछि उहाँ सचेत बन्नुभयो, त्यो बेला उहाँलाई ती बुद्धिजीवीभन्दा माटो र गोबरले लत्पतिएका किसानहरु नै सफा-सुग्घर हुन् भन्ने स्पष्ट भयो ।

**तेस्रो**, व्यक्तिको समूहमा, विशेषको सामान्यमा रुपान्तरणको आधारमा । जब दर्शक-पाठकहरु कलाकृतिको रसास्वादन गर्छन्, त्यो बेला उनीहरुका विशिष्टता सामूहिकतामा रुपान्तरित हुन्छन् । लेखक, कलाकार र पाठक दर्शकबीच तादाम्य हुन्छ । यहाँ पुँजीवादी व्यक्तिगत 'म' होइन, सर्वहारावादी "हामी"को सामूहिक भावधारा पैदा हुन्छ । क्रान्तिकारी वर्गचेतना जागृत हुन्छ । अनि त जनता एक दिल एवम् एकजुट भएर दुश्मनका विरुद्ध लड्दछन् ।

यसरी भावात्मक रुपान्तरणबाट जुन आनन्द प्राप्त हुन्छन् त्यो वर्गीय आनन्द हो । सच्चा सौन्दर्यानुभूति भनेको यही हो र यो एक सामूहिक आनन्द हो । माओको भावात्मक रुपान्तरणको यो सिद्धान्त मार्क्सवादी-लेनिनवादी सौन्दर्य-चिन्तनको क्षेत्रमा एक महान् उपलब्धि हो ।

**माओवादी सौन्दर्य-चिन्तनको महत्त्व :**

यद्यपि मार्क्स र लेनिनपछि सौन्दर्य-चिन्तनको व्याख्या र विकास गर्ने काममा अनेकौं चिन्तकहरुको अवश्य नै निकै महत्वको भूमिका रहिआएको छ, परन्तु यसलाई नयाँ आयाम दिने काममा माओको योगदान नै निकै उच्च रहेको छ ।

बुर्जुवा विचारकहरुले मार्क्सवादी सौन्दर्य-चिन्तनमाथि यो गम्भीर आरोप लगाउँदै आएका छन् कि त्यसले सौन्दर्यशास्त्रको उपेक्षा गर्दछ । यसप्रकारका आरोपहरुबाट कयौं निम्नपुँजीवादी बुद्धिजीवीहरु र दक्षिणपन्थी संशोधनवादीहरु निकै तर्सदै आएका छन् । त्यसप्रकारका आरोपको सशक्त खण्डन गर्दै एलिक वेष्ट भन्छन्- "मार्क्सवादले सौन्दर्यशास्त्रको उपेक्षा गर्दैन, त्यसले सौन्दर्यानुभवको रुपान्तरण गर्दछ ।"१० ठीक यसरी नै लेनिनको पक्षधरताको सिद्धान्तमाथि लगाइएका नानातरहका आरोपहरुको खण्डन गर्दै एक चिन्तकले त्यसप्रकारको प्रतिबद्धतालाई "व्यक्तिवादबाट मुक्त भएर समाजवादप्रति ग्रहणशील हुने स्थिति" बताएका छन् । साथै उनले लेनिनको यस सिद्धान्तको "मुक्तदशा, रशदशा वा साधारणीकरणको सिद्धान्तसँग तुलना गर्दै" प्रतिबद्धताका क्षणहरु कलात्मक अनुभव या रसात्मक अनुभवहरुका सर्वाधिक निकट हुने" कुरा पनि स्पष्ट पारेका छन् । यसरी मार्क्सीय सौन्दर्य-चिन्तनको माओवादसम्म विकास हुँदा एकातिर यसले मानव जातिले आर्जन गरेका यस क्षेत्रका सर्वोत्तम सिद्धान्तहरुलाई पचाएर आफूमा समेटेको छ भने अर्कोतिर तमाम विषालु भारपात र अवैज्ञानिक कुराहरुलाई पूरै मिल्काइदिएको छ । यसरी यी सब कुराबाट के स्पष्ट हुन्छ भने मार्क्सवादले वैज्ञानिक सौन्दर्यशास्त्र होइन, आदर्शवाद एवम् अधिभूतवादमा आधारित बुर्जुवा सौन्दर्यशास्त्रको उपेक्षा गरेको छ, त्यसका विरुद्ध खडा भएको छ ।

आज नेपाली कला-साहित्यको क्षेत्रमा एकातिर सामन्ती तथा पुँजीवादी प्रतिक्रियावादी विचारधारा र अर्कोतिर मार्क्सवादी-लेनिनवादी-माओवादी विचारधाराबीच भीषण संघर्ष चलिरहेको छ । यस संघर्षमा दक्षिणपन्थी संशोधनवादी धाराले दोस्रो धारामाथि हमला गर्दै पहिलो धारालाई साथ दिइरहेको छ । निम्नपुँजीवादी बुद्धिजीवीहरुको एउटा तप्का पक्षधरता तथा राजनीतिक मापदण्डलाई प्रधानता दिने क्रान्तिकारी मान्यताबाट भयभीत हुँदै कथित सृजनात्मक मूडको सुरक्षाको ग्यारेण्टी खोजिरहेको छ । यो स्थितिमा मित्रहरुलाई गोलबन्द गरी प्रतिक्रियावादी तथा दक्षिणपन्थी संशोधनवादी धाराका विरुद्ध संघर्ष चलाउँदै वर्गसंघर्षको धर्तीबाट क्रान्तिकारी कला आन्दोलनको विकास गर्नु सच्चा कम्युनिस्ट तथा क्रान्तिकारी कलाकर्मीहरुका लागि प्रधान ऐतिहासिक दायित्व बन्न गएको छ । यस निम्ति सर्वप्रथम आफ्नै पुनः संस्कार गर्नु अर्थात् स्वयम्को भावात्मक रुपान्तरण गर्नु एक जरुरी शर्त हो ।

**फूटनोट :**

५. मा.सं. रचनाएँ, ग्रन्थ- ३, पृ. १४९
६. मा.सं. रचनाएँ, ग्रन्थ- ३, पृ. १४९
७. मा.सं. रचनाएँ, ग्रन्थ- ३, पृ. १५३
८ मा.सं. रचनाएँ, ग्रन्थ- ३, पृ. १६६
९. मार्क्सवादी सौन्दर्यशास्त्र, पृ. २२३
१०. मार्क्सवादी सौन्दर्यशास्त्र, पृ. १६१

---

कविता

## नेताको मति र जनताको दुर्गती



■ इन्दिरा अधिकारी

समय काल परिस्थिति
भएछन् सबै खराब
उन्नति प्रगतिको ढोका खोल्नु त कता कता
दर्दनाक दैवी प्रकोप मात्र जताजता
हिमाल पहाड तराई छैन कतै खाली
सँगसँगै आयो पहिरो र बाढी
बगायो पशुपंक्षी धनजन
डुबायो सबै लगाएको बाली
जनताको घर भयो पानी पानी
नेताहरु खेल्छन् कुर्सी तानी तानी
कहिले उघ्रेलान बन्द ढकनी यिनका
नातागोता सबै सुरक्षित छन् तिनका
के को पीर अनि यिनलाई
मुर्ख हामी छौं त्यहाँ पुऱ्याउने तिनलाई
पूरै बस्तीहरु डुबान पहिरोमा परेका छन्
गुम्नु सबै गुमिसक्यो
बचेका ज्यान बचाउन अन्तै सरेका छन्
हजारौं हजार बासहरु उठे अनगिन्ती
हाम्रा नेताहरु भने सँधै कुर्सीका जन्ती
अब त नेतालाई मात्र कति गर्ने गाली
श्रमजीवी वर्गहरु जाग अब उठ
लखेट तिनलाई कुर्सी फाली फाली
नीति निर्माणकर्ता श्रमजीवीहरुलाई बनाऊ
प्रत्येक घुम्तिमा गई किसान र मजदुरलाई
जगाऊ
पीडादायी घाउहरुमा मल्हम लगाऊ
हातेमालो गर्दै दुःखमा एकताको घन्टी बजाऊ

पहाड सबै पहिरोले बगायो
तराई जति पानीले डुबायो
लालाबाला युवक वृद्ध सबको विजोग गरायो
गास बास कपासको नैसर्गिक अधिकार हरायो
लौन लौ यो समयले के गरायो
आकाशवाणी आयो नेताले सुने कुर्सी करायो
कुर्सीतिरै दौडे उनीहरुले देखेनन् जनताको
दुर्गती
सतिको श्राप परेको देशमा
सुध्रेन कहिल्यै नेताको मति

●●●

## प्रचण्ड सरकार, ... ...

एमालेले पटकपटक सरकारको नेतृत्व गरेको छ । इतिहासले बताउँछ कि एमालेकै नेताहरु मन्त्रीहरु भ्रष्टाचारमा मुछिएका छन् । स्वयं एमालेले नै एक नम्बर भ्रष्टाचारी भनेर घोषणा गरेको वामदेवजस्ता व्यक्तिहरु त्यो पार्टीको नेतृत्व तहमा छन् । मुख्य प्रतिपक्षीको विगत र अहिलेको चरित्र हेर्दा पनि भ्रष्टाचार विरुद्ध कदम चाल्नेवाला छैनन् । यसको उल्टो भ्रष्टाचार, अनियमितता गर्नमा यिनीहरु सत्तापक्ष प्रतिपक्षको बिचमा सहमति हुन्छ । यो विषयमा उनीहरु एकमत हुन्छन् । एउटा सानो उदाहरणको रुपमा साउन १६ मा प्रकाशित नयाँ पत्रिकाको समाचारलाई लिन सकिन्छ । नयाँ पत्रिकाले एक वर्षमा राज्यको ढुकुटीबाट आफ्ना कार्यकर्ता र पहुँचवालालाई १५ करोड ५४ लाख ३२ हजार रुपैंया बाँडेको समाचार छापेको छ । यी पाउनेहरुमा मुख्यत: कांग्रेस, एमाले र माओवादी केन्द्रका व्यक्तिहरु नै छन् । जस्तो कांग्रेस केन्द्रिय सदस्य गोविन्द भट्टराई, एमाले नेता सोमनाथ अधिकारी र माओवादी केन्द्रका सांसद महेन्द्र बहादुर शाहीलाई ५/५ लाख रुपैंया दिइएको छ । मिलेर कसरी खान्छन् भन्ने यो एउटा सानो उदाहरण हो ।

लोकमानसिंह कार्कीलाई अख्तियार अनुसन्धान आयोगको अध्यक्षमा नियुक्त गर्ने अहिलेका सत्ता पक्ष र प्रतिपक्ष भनिने पार्टीहरु नै हुन् । लोकमानको नियुक्तिको विषयलाई लिएर जनस्तरमा व्यापक विरोध भएको थियो । अहिले लोकमान कार्कीले आफ्नो अधिकारको सीमाभन्दा बाहिर गएर काम गरेको कुनै न कुनै रुपमा भ्रष्टाचार गरेको भनेर व्यापक कुरा उठिरहेको छ । संसदमा यो विषयमा प्रस्ताव नै दर्ता भएको छ । तर त्यो विषयलाई यी पार्टीहरुले गम्भीरतापूर्वक लिएका छैनन् । संसदहरुले मुख खोलेका छैनन् । विकास निर्माणको काममा विशेषत: निर्वाचन क्षेत्रमा दिइने १ करोड रुपैंयामा व्यापक अनियमितता भइरहेको छ भन्ने कुरा उठिरहेको छ र त्यसैको डरले लोकमानको विषयमा सांसदहरुले मुख खोल्दैनन् भन्ने कुरा पनि चर्चामा आएको छ ।

यसप्रकारको स्थितिमा सरकार प्रतिपक्षी र संसदहरुबाट भ्रष्टाचार नियन्त्रण र निर्मूल पार्ने काम अघि बढ्छ भन्ने ठाउँ छैन । त्यो अवस्थामा भ्रष्टाचारीहरुको विरुद्ध जनस्तरबाट आन्दोलन चलाउन आजको आवश्यकता हो । डा.गोविन्द के.सी.ले भ्रष्टाचार र माफिया विरुद्ध जुन आन्दोलन चलाएका छन् त्यसमा ऐक्यबद्धता जाहेर गर्नैपर्दछ । अब भ्रष्टाचारको विरुद्ध विरोध गर्ने पार्टीहरुले यस विषयमा पहल गर्नै पर्दछ । भ्रष्टाचारीहरुको पहिचान गर्ने, तिनीहरुलाई सार्वजनिक गर्ने र त्यसभन्दा माथिको जनकारबाहीको कामहरु बढाएर मात्र भ्रष्टाचार नियन्त्रण गर्न सकिनेछ ।

**राष्ट्रियताको प्रश्न**

नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि भारतीय विस्तारवादी शासकहरुबाट नै निरन्तर रुपमा हस्तक्षेप भइरहेको छ । संविधान घोषणा भएपछि मोदी सरकारबाट अघोषित नाकाबन्दी त्यसको एउटा उदाहरण हो । एकातिर भारतीय विस्तारवादी शासकहरुले आफ्नो विस्तारवादको स्वार्थ पूरा गर्न नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने र अर्कोतिर पद पाउन र पाएको पद जोगाईराख्न विदेशी शक्ति केन्द्र खासगरी भारतीय विस्तारवादको दलाली गर्ने नेपालका शासकहरुको चरित्रले गर्दा नेपालको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अत्यन्त गम्भीर भएर आएको हो । साम्राज्यवादी विस्तारवादी शक्तिहरुले आफ्नो स्वार्थ लागु गर्न कुनैपनि देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्न प्रयास गर्ने कुरा स्वाभाविक हुन्छ । किनकि त्यो उनीहरुको नीति अन्तर्गतको कुरा हो । तर बाहिर राष्ट्रिय स्वाधीनताको सार्वभौमिकताको ठूला कुरा गर्ने भित्रभित्रै तिनै विस्तारवादी साम्राज्यवादी शक्तिहरुको दलाली गर्ने नेता तथा पार्टीहरु नै नेपाली राष्ट्रियताको लागि सबभन्दा ठूलो खतरा हो । त्यसकारण हामी ती दलालहरुको पहिचान गर्ने, तिनीहरुलाई जनताको बिचमा चिनाउने र तिनीहरुको भण्डाफोर गर्ने काम नै महत्वपूर्ण काम हुन्छ ।

नेपाल बहुजाति, बहुभाषी र बहुधार्मिक देश हो । यी सबै जाति, भाषा र धर्महरुको बिचमा एकता कायम भएमा नै नेपालको आन्तरिक राष्ट्रियता बलियो र सुदृढ हुनेछ । त्यसको लागि सबै जाति, भाषा र धर्मको बिचमा समानताको आवश्यकता पर्दछ । राज्यमा कुनै एउटा जाति, एउटा भाषा वा एउटा धर्मको पहुँच बलियो बनाउन खोजियो भने त्यसले उनीहरुबीचको एकतालाई कमजोर बनाउँछ । त्यसकारण उनीहरुको बिचको एकता बलियो बनाउनको लागि नै पहिचान र सामर्थ्यको आधारमा संघीय संरचना बनाउन नेपालमा आवश्यक छ ।

माथि उल्लेखित भ्रष्टाचार र राष्ट्रियताका सवालहरुमा नेपाली कांग्रेसको भूमिका नरकारात्मक छ । भारतीय विस्तारवादी सत्तासँग असमान सन्धि सम्झौता गर्ने कुरामा नेकाको नै मुख्य भूमिका छ । कोशी, गण्डकी, महाकाली आदि राष्ट्रघाती सन्धि सम्झौता नेकाको सरकारको पालामा नै भएको हो । मगर र थारुहरुको कलस्टरलाई छिन्न भिन्न पार्नमा पनि नेताको महत्वपूर्ण भूमिका छ । शब्दमा विरोध गरेजस्तो देखिएता पनि सारमा माओवादी केन्द्रको पनि खासै फरक व्यवहार र नीति देखिएको छैन । जनयुद्ध कालमा पनि प्रचण्डले भित्रभित्र भारतीय शासकहरुसँग साँठगाँठ गर्ने बाहिर भारतीय हस्तक्षेपविरुद्ध लड्ने भन्दै सुरुङ खन्न लगाएको यथार्थ अब छर्लङ्ग भइसकेको छ । एमाओवादी सरकारमा भएकै बेला विप्पाजस्तो राष्ट्रघाती सम्झौता भयो । यी सबै तथ्यहरुले माओवादी केन्द्र पनि आफू सत्तामा आउनका लागि भारतीय विस्तारवादी सत्ताको दलाली गर्छ भन्दा अन्यथा हुँदैन । थारु र मगरहरुको कलस्ट छिन्नभिन्न पार्दा पनि उसले आफ्नो अडान लिन सकेन । अब रह्यो प्रमुख प्रतिपक्षी एमालेको भूमिका । एमालेको भूमिका पनि नेका र माकेको भूमिका भन्दा आधार भूत रुपमा कुनै भिन्नता छैन । संविधान घोषणा गर्ने क्रममा भारतीय शासकसँग एमालेको केही तसल पऱ्यो । संविधान छिटो घोषणा गर्नमा ओली छिटो प्रधानमन्त्री हुने कुराले मुख्य काम गरेको थियो । त्यसकारण भारतले असहमति राख्दा राख्दै पनि ओली संविधान घोषणा गर्ने पक्षमा गए । यो प्रश्नमा एमाले ठिकै देखिएपनि समग्र मूल्यांकन गर्दा एमाले पनि भारतीय विस्तारवादी शासकको दलाली गर्ने कुरामा पछि परेको छैन । त्यसको ज्वलन्त उदाहरण कांग्रेस एमाले र माओवादी केन्द्र मिलेर अपर कर्णाली भारतीय कम्पनी जिएमआरलाई दिनु हो । यो कार्य ठूलो राष्ट्रघाती कार्य हो । यो काममा सत्तापक्ष र प्रतिपक्ष एकमत छन् ।

भारतयि प्रधानमन्त्री मोदीको स्वार्थ भनेको नेपाललाई हिन्दु राज्य घोषणा गराउन हो । एमाले पनि धर्म निरपेक्षता राख्ने कुराबाट पछि हट्न खोजेकै हो । आदिवादी जनजाति, अन्य धर्मालम्बीको आन्दोलनका कारणले उनीहरु पछि हट्न बाध्य भएका छन् । नेकाको एउटा पक्षले नेपाललाई हिन्दु राज्य बनाउनुपर्छ भनेर खुमबहादुर खड्काको नेतृत्वमा आभियानै चलाइरहेको छ । यी समग्र कुरालाई ध्यानमा राख्दा नेपालको राष्ट्रियता झन् खतरामा पर्ने त भयो नै धर्म निरपेक्षता पनि हट्ने त होइन ? भन्ने प्रश्न खडा भएको छ । नेपाललाई पुन: हिन्दु राष्ट्र बनाउन माओवादी केन्द्र उपयोग हुने त होइन ? भनेर प्रश्न गर्ने ठाउँ छ ।

सारमा अहिले सत्तापक्ष र प्रमुख प्रतिपक्षबाट राष्ट्रिय स्वाधीनताको रक्षा हुन्छ भनेर ढुक्क हुने ठाउँ छैन । त्यसकारण विप्पा सम्झौता अपर कर्णाली सम्झौताको खोजीको लागि जनस्तरबाट नै आन्दोलन गर्न जरुरी छ । हामीले त्यसको लागि चारैतिर पहल गर्नुपर्दछ । हामीले यो तात्कालीक जनजीविका र राष्ट्रियतासित जोडिएका प्रश्नहरुलाई लिएर आन्दोलन गर्दै जानुपर्दछ र आन्दोलनलाई संसदीय राजनीतिको घेराभित्र सिमित गर्ने होइन यो संसदीय व्यवस्थालाई ध्वस्त पारेर जनताको जनवादी अधिनायकत्व भएको नयाँ जनवादी व्यवस्था ल्याउन आन्दोलनलाई अगाडि बढाउनु पर्दछ ।

## अवसरवाद विरुद्धको ... ...

प्रतिवेदनमा व्याख्या गरेअनुरुप मूल कार्यभार जनवादको स्थापना अर्थात् नयाँ जनवादी राज्यसत्ता प्राप्त गर्नु अर्को राष्ट्रिय स्वाधीनताको रक्षा अर्थात् साम्राज्यवाद-विस्तारवादबाट मुक्त गर्नु नै हो । त्यसलाई प्राप्त गर्न हाम्रो पाार्टीको भर्खर सम्पन्न राष्ट्रिय भेलाले पारित गरेको नेपाली मौलिक विशेषतासहितको जनविद्रोहको कार्यदिशालाई व्यापक बहस छलफलका साथ स्पष्ट गर्दै लगेको छ । यसलाई अझै समृद्ध गर्न पार्टीले राष्ट्रिय सम्मेलनको आयोजना पनि गर्दै आएको हो, परन्तु वाम खोल ओढेको विप्लव प्रवृत्ति र दक्षिणपन्थी नवसंशोधनवादी आत्मसमर्पणवादी बादल गुटले यसमा छलफल बहस नै गर्न चाहेनन् र पार्टीबाट अलग भइसकेका छन् । हामी यसलाई मेहनतका साथ अघि बढाउन चाहन्छौं । सो अनुरुप सम्मेलनबारे पार्टीले योजनावद्ध ठोस कार्यक्रमको निश्चित गरेको छ । नेपाली क्रान्तिको राजनीतिक र सामरिक कार्यदिशालाई थप समृद्ध गर्न राष्ट्रिय रुपमा नेपाली समाजको विकास तथा अन्तर्राष्ट्रिय परिस्थितिको व्यापक अध्ययनको पनि आवश्यकता महशुस गरी पार्टी र क्रान्तिको कामलाई समग्र क्षेत्रमा छलाङ्ग लिन राष्ट्रिय सम्मेलनको आयोजना गरिएको हो । यसलाई त्यसै उचाईबाट ग्रहण गर्न आवश्यक छ ।

क्रान्तिको समग्र कामलाई अघि बढाउन माओले भनेझैं क्रान्तिका तीन जादुगरी हतियारको प्रयोग पार्टीले कसरी गर्न चाहन्छ भन्ने विषय महत्वपूर्ण हो । पार्टी खुला भएपछि मूल नेतृत्वले क्रान्तिप्रतिको धोकाधडीले क्रान्तिको दौरानमा निर्माण भएका संरचनाहरु, क्रान्तिकारी पार्टी जनमुक्ति सेना र स्थानीय सत्ता परित्याग वा भत्किसकेका छन् । त्यसको निर्माणमा पर्याप्त ध्यान केन्द्रित गर्न जरुरी छ । पार्टी चुस्त दुरुस्त र ठीक ठाक भएमा अन्य संगठनको निर्माण गर्न सकिन्छ । क्रान्तिको लागि क्रान्तिकारी पार्टी निर्माणको काम सबैभन्दा जटिल तर अनिवार्य शर्त हो । त्यो कसरी बन्छ त ? यसबारे पार्टीले गरेका अभ्यासहरु, वर्गसंघर्ष र अन्तरसंघर्षको दौरान प्राप्त गरेका अनुभवबाट शिक्षा लिंदै यसबारे ठोस नीतिसहित योजनावद्ध ढंगले लाग्न आवश्यक छ । पार्टी खुला भएपछि संसदीय कार्यशैलीमा फस्दै गएको छ । त्यसलाई मेहनतका साथ निश्चित मूल्य मान्यतामा परिचालन गर्न कठोर अनुशासनलाई सहज पालना गर्नसक्ने पंक्तिको रुपमा लैजान सकिन्छ वा सकिन्न त्यसमा भर पर्दछ । त्यसो गर्न सक्नुपर्दछ । पार्टी र क्रान्तिका लागि मुख्यत: सर्वहारा वर्गीय स्वेच्छिक अनुशासन र जिम्मेवारीवोध मुख्य हो, तरपनि त्यसबारे आवश्यक अनुगमन, आचारसंहिता निर्माण, त्यसको परिचालन, सहयोग, निर्देशनको पालना, निरन्तर क्रान्तिप्रतिको लगाव र जनवादी केन्द्रियता आदिबारे विशेष कडाईसाथ लाग्नै पर्दछ । अन्यथा पार्टी भजनेहरुको जत्थामा बदलिन सक्छ । जसले क्रान्तिका सबै कामलाई चौपट पारिदिन्छ । पार्टी निर्माणमा सबभन्दा पहिला विचार, राजनीति र कार्यशैलीप्रतिको स्पष्टता आवश्यक छ । पार्टीले निम्न समस्याहरुलाई पार्टी निर्माणको मुख्य विषय बनाएको छ । जसको बारेमा यथेष्ट ध्यान पुगेन भने बोल्सेभिक पार्टी बन्न सक्दैन । निम्न पुँजीवादी चिन्तन र प्रवृत्ति, विजातीय तत्व र प्रवृत्ति, जनवादी केन्द्रीयताको प्रयोग, केन्द्रिकृत नेतृत्व निर्माण, उदारवाद, मनोगतवाद, क्रियाशीलता र जिम्मेवारीबोध, आत्मालोचना आलोचना र आर्थिक व्यवस्थापनका समस्या आदिलाई जोड दिएको छ । यसबारेको बहस, छलफल र सबैप्रकारका समस्या विरुद्ध संघर्ष गरेर स्पष्टतासहित सही कार्यान्वयनको बाटोमा अघि बढ्न सकिन्छ । माओले भनेझैं जनशैली, सामूहिक र टिमवद्धताको विकासलाई कार्यशैलीको व्यवहारिकतामा उतार्न आवश्यक देखिन्छ । दोस्रो जुझारु टिमको निर्माण र त्यसको वर्गसंघर्षको योजनावद्ध विकाससँगै प्रारम्भदेखि नै लैजानु पर्दछ । यसबारे पार्टीले आवश्यक नीति निर्माण र सोअनुरुप परिचालन गर्दै जाँदा विकसित गर्दै लैजाने कुरा हो ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नहरुलाई लिएर सामन्तवाद, साम्राज्यवाद र विस्तारवादविरोधी संयुक्त मोर्चा निर्माणको प्रश्नलाई पार्टीले गम्भीरतापूर्वक लिएको छ । हाललाई यो मोर्चाले कति व्यापक क्षेत्र उत्पीडित जनसमुदाय जोड्छ वा समेट्छ त्यो भने संघर्षको विकासको मूर्त र व्यवस्थित उठानले निर्धारण गर्नेछ । तथापि संयुक्त मोर्चालाई संघर्ष र सत्ताको साधनको रुपमा बुझ्नु पर्दछ । यसले केन्द्रीय र स्थानीय सबै स्तरमा क्रमशः विकल्पको रुपमा आफ्नो कार्यलाई स्थापित गर्दै लैजाने छ ।

विगतमा महान् जनयुद्ध र उत्पीडित जनसमुदायले उठाएका एजेण्डाहरु संघर्षकै रुपमा प्राप्त गरेका उपलब्धिहरुको रक्षा र स्थापित गर्ने प्रश्नलाई जग मान्दै पछिल्लो चरणमा पैदा भएका संकटहरुलाई ख्याल गर्दै संयुक्त मोर्चाको माध्यमबाट जनआन्दोलन र जनपरिचालनलाई अगाडि बढाउनु पर्दछ । प्रतिक्रियावादी संविधानको विरोध र भण्डाफोर, सन् १९५० लगायतका सबै असमान सन्धि सम्झौताहरुको खारेजी, माथिल्लो कर्णाली परियोजना, अरुण-३ लगायतका जलस्रोत सम्बन्धी सम्झौताहरुको खारेजी, सीमा अतिक्रमण, अन्तर र्राष्ट्रिय मूल्य मान्यताविपरीत नेपाल-भारत सीमा क्षेत्रमा भारतीय विस्तारवादी शासकद्वारा निर्माण र निर्माणाधीन बाँधहरुको खारेजी लगायतका राष्ट्रियतासम्बन्धी संघर्षको योजना पर्दछन् । यसका साथै जनताका सरोकारका विषयहरु- महंगी, भ्रष्टाचार, कालोबजारी, तस्करी सबै वेथितिको विरोध, यस्तै जनताका जनजीविकाका जल्दाबल्दा समस्यालाई लिएर संघर्ष सञ्चालन गर्ने स्थिति । आवश्यकतामाथि ध्यान दिंदै क्रमशः प्रतिरोध संघर्षमा विकसित गर्न ध्यान दिनु आवश्यक छ । यी सबै संघर्षहरु केन्द्रीय तथा स्थानीय आधारमा संयुक्त वा एकल संघर्षको रुपमा लैजानु पर्दछ ।

पार्टीले विचार संगठन र त्यसको सापेक्षतामा संघर्षका कार्यक्रमहरु तथा आर्थिक विषयलाई मुख्य जोड दिएको छ । माथि उल्लेखित विषयमा हामीले केही चर्चा गऱ्यौं । त्यसलाई ठिक ढंगले सञ्चालन गर्न आर्थिक नीतिलाई जोडेर लैजान नसक्दा पार्टी र आन्दोलन संकटमा पर्ने गरेको छ । हामी यस्तै अवस्थाबाट गुज्रिरहेका छौं । आन्दोलनको क्रम सँगसँगै स्वतन्त्र अर्थतन्त्र निर्माणको प्रश्नमा स्वतन्त्र र आत्मनिर्भर अर्थनीति निर्धारण गर्न आवश्यक भएको छ । यस विषयमा पार्टीले आर्थिक व्यवस्थापन समिति बनाएको छ, त्यसले स्पष्ट अवधारणाको विकास गरी केन्द्रीय निकायमा पेस गर्नेछ । त्यसको आधारमा समग्र आर्थिक क्षेत्रको काम अगाडि बढाउने र आवश्यकता अनुसार यसलाई परिस्कृत गरेर समग्र अर्थनीतिको विकासमा टेवा पुऱ्याउनु पर्नेछ । जसले कार्यकर्ता व्यवस्थापन (मुख्यतः पूर्णकालीन) आन्दोलनलाई सहयोग एवं क्रान्तिकारी जनसमुदायलाई उत्साहित गर्ने दिशातिर लैजान मद्दत गर्नेछ ।

अन्त्यमा, संशोधनवाद र अवसरवादलाई पराजित नगरी क्रान्तिले विजय हासिल गर्न सक्दैन । त्यसको लागि पार्टीले नीति निर्णय र कार्यक्रमिक योजनालाई सबै तहका नेता कार्यकर्ता र क्रान्तिकारी जनसमुदायमा लागु गर्ने प्रतिबद्धतालाई सक्रियतापूर्वक व्यवहारमा उतार्न अत्यावश्यक छ । आन्तरिक रुपमा देखा पर्ने कमीकमजोरीलाई तत्काल समाधानमा ध्यान दिनुपर्दछ । बाह्य रुपमा वर्गसंघर्षको कामलाई श्रृङ्खलावद्ध माथि उठाउन सबै प्रकारका तयारीमा ध्यान केन्द्रित गर्न सके पार्टीले नयाँ जनवादी क्रान्तिको कार्यभारलाई सुनिश्चित गर्नसक्छ । वस्तुगत किसिमले त्यो सम्भावना बढेको छ । आत्मगत तयारीलाई सचेत ढंगले संकेन्द्रित गरौं । त्यसैगरी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नमा मूर्त, व्यवहारिक र समसामयिक विषयलाई छनोट गरी यथासम्भव संयुक्त संघर्ष उठाउने वा एकल ढंगले भएपनि चोटिलो संघर्ष विकास गर्ने गरी लागौं । सर्वहारा र उत्पीडित समुदायले जितिछाड्नेछ ।

**टिप्पणी**

१.राजनीतिक प्रतिवेदन २०६९ पेज ३७

२.अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन कि एकता, पृ.२३ प्रगति प्रकाशन मस्को -१९६७

## अहिलेको सरकारबाट ...

जनाए । उनले भने, "अपरकर्णाली जस्तो प्रोजेक्ट भारतलाई दिने निर्णय सरकारले खारेज गरेन भने भाद्र २४ गते देशव्यापी रुपमा विरोधको कार्यक्रम लैजान्छौं ।"

अध्यक्ष बैद्यले अहिले सुकुम्बासीहरुको समस्या पनि जटिल बन्दै गएकोले यो समस्यालाई राज्यले तत्काल सुकुम्वासी आयोग बनाएर हल गरोस् भन्दै सरकारले आनाकानी गऱ्यो भने क्रान्तिकारी माओवादी चुप लागेर नबस्ने बताए ।

## अनेतारामुमोको संयोजकमा निमा लामा

**ललितपुर ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय संयोजकमा निमा दोर्जे लामा चयन हुनुभएको छ । शनिबार ललितपुरको कुपण्डोलमा बसेको सो मोर्चाको केन्द्रीय समितिको बैठकले लामालाई संयोजकमा चयन गरेको हो । बैठकले एक जना सल्लाहकार समेत ११ जनाको सचिवालय गठन गर्दै ३५ जनाको राष्ट्रिय भेला आयोजक समिति चयन गरेको छ । जसमा सल्लाहकार सानु तामाङ'फुर्नङ्गेल', सचिवालय सदस्यहरुमा दिलबहादुर घिसिङ'फुर्वा', दलबहादुर तामाङ, सागर तामाङ, सुरेश तामाङ, पदम तामाङ, मंग तामाङ, नरेन्द्र तामाङ, हजारसिंह तामाङ र कान्छामान थिङ रहेका छन् ।

मोर्चाले दौभरि जिल्लाका भेला सम्पन्न गरी चाँडै राष्ट्रिय भेला सम्पन्न गर्ने निर्णय गरेको छ ।

## अनेकिरामुमो नेवा संयोजकमा गंगादेवी राई

**ललितपुर ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चाको नेवा राज्य संयोजकमा गंगादेवी राईलाई चयन गरिएको छ । १९ साउनमा ललितपुरको कुपण्डोलमा भएको मोर्चाको एक भेलाले मोर्चाको केन्द्रीय सचिव समेत रहेकी राईलाई नेवा राज्यको संयोजकमा चयन गरेको हो । उक्त भेलाले राईको संयोजकत्वमा २१ सदस्सीय राज्य समिति चयन गरेको छ । समितिका सदस्यहरुमा कमल राई, उत्तरकुमार राई, वालकुमार सुनुवार राई, समेन्द्र राई, कल्पना राई, बसन्त कुमारी राई, सीतादेवी राई, ज्ञानेन्द्र राई, सोनाम राईलगायत रहेका छन् । बाँकी ७ सदस्य पछि थप्ने निर्णय गरेको सो मोर्चाको भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य एवम् जातीय मामिला विभाग प्रमुख नगेन्द्र राईले प्रमुख आथित्यता ग्रहण गरेका थिए भने पार्टीका सम्पर्क जिल्ला संगठन समितिका सह-संयोजक हरिकृष्ण गजुरेललगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी माओवादी निकट शिक्षक संगठनको अध्यक्षमा विजयरत्न बज्राचार्य

**चितवन ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल प्रगतिशिल शिक्षक संगठनको अध्यक्षमा विजयरत्न बज्राचार्य निर्वाचित भएकका छन् । शनिबार संगठनको चितवनको भरतपुरमा भएको केन्द्रीय विस्तारित बैठकले बज्राचार्यलाई अध्यक्षमा निर्वाचित गरेको हो । यसअघि उनी संगठनको महासचिव थिए । विस्तारित बैठकले दुई अंक नबढाई केन्द्रीय सदस्यहरुको थप गर्ने म्याण्डेट लिदै हाललाई ७२ सदस्सीय केन्द्रीय समिति बनाएको छ । संगठनले ३ उपाध्यक्ष, १ महासचिव, ३ सचिव र १ कोषाध्यक्ष गरी ९ सदस्सीय पदाधिकारी टिम र २४ जनाको केन्द्रीय सचिवालय गठन गरेको छ ।

विस्तारित बैठकले सपना राजस्थला, तर्कबहादुर थापा मगर, उमानाथ ढकाललाई उपाध्यक्ष बनाएको छ भने महासचिवमा टंकराम अधिकारी र सचिवहरुमा गोरखबहादुर रोका, हरि एसी, मधुसुधन पौडेललाई निर्वाचित गरेको छ । नारायण लम्साललाई कोषाध्यक्षमा चयन गरिएको छ । सो विस्तारित बैठकमा पार्टी अध्यक्ष मोहन वैद्य'किरण' र नेता हरिभक्त कँडेल' प्रतिक'को विशेष उपस्थित रहेको संगठनका अध्यक्ष बज्राचार्यले जानकारी दिए ।

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**
सुनिल लामा - ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

# आलोपालो

## प्रचण्ड–देउवा–उपेन्द्रको गठजोड र राष्ट्रिय स्वाधीनता



■ हर्क ब.शाही

कथित दोस्रो संविधानसभाबाट निम्दो हैसियत उकास्नका लागि प्रचण्डले ओली, बिजुक्छे, मैनालीसँग मिलेर सरकार बनाए। त्यसबेला प्रतिपक्षमा बसेको नेपाली कांग्रेसले कम्युनिष्टहरुको सरकार पनि भन्यो। तर सरकारमा बस्ने वामपन्थी र कम्युनिष्ट पार्टीले भने कम्युनिष्ट सरकार नभई राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने सरकार हो भनेर जनतामा भ्रम छरे। सरकारमा सामेल नभएका देव गुरुङले त राष्ट्रिय स्वाधीनताका लागि राष्ट्रिय आत्मसमर्पणवादीका नाइके प्रचण्डसँग एकता गर्नुपर्छ भन्ने विषयमा अन्तरवार्ता, लेख, कार्यकर्तालाई कोच गर्दा राष्ट्रिय स्वाधीनतालाई थेगो नै बनाउन पुगे।

नेपालका कम्युनिष्ट पार्टीमा व्यक्तिवाद हावी छ। कुनबेला कुन शब्द प्रयोग गर्दा आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न सकिन्छ, त्यही शब्द प्रयोग गर्ने चाकडी र अवसरवादी तरिका प्रयोग गर्ने गरेका छन्। त्यस्ता शब्दहरु प्रयोग गरेर अरुलाई मुर्ख बनाउन खोज्दा आफै मुर्ख भएको भने ती स्वाँठहरुले थाहा पाउँदैनन्।

वामपन्थी, राप्रपालगायतका पार्टीहरुको गठबन्धन सरकार बनेपछि पुष्पकमल दाहाल र प्रम केपी ओलीबीचमा को बढी कथित राष्ट्रवादी हुने भनेर होडबाजी नै चल्यो। कसले के भन्छ भन्ने कुरामा भन्दा कसले के गर्छ भन्ने सवाललाई जनताले प्रमुखता दिन्छन्। कांग्रेस र मधेसीलाई भारतपरस्त भन्ने माके आफ्नै हालीमुहालीको सरकार ढालेर मधेसी र कांग्रेससँग गठबन्धन गरेर के गर्न खोज्दैछ भन्ने विषयले अवश्य पनि चर्चा पाएको छ, चासो बढाएको छ। यसले प्रष्ट पारेको छ- माओवादी केन्द्र र नेका वा मधेसीबीचमा विचार र राजनीतिमा त्यति धेरै दुरी छैन। उनीहरुका रणनीति र कार्यनीति मिलेका छन्।

वर्तमान अवस्था असाधारण छ। एकातिर देशमा प्राकृतिक प्रकोपले गर्दा बाढीपीडित र भूकम्प पीडितका समस्या ज्युँका त्युँ छन्। राष्ट्रिय स्वाधीनता र जनजीविकाका सवालहरु झन्झन् जटिल हुँदै गइराखेका छन्। महंगी, कालोबजारी, कमिसनखोर, भ्रष्टाचार क्यान्सरजस्तै फैलिएर गएका छन्। नीति निर्माण गर्ने तहका माके सभासद्समेत मानव तस्करीमा संलग्न भएको खबरले माकेभित्रको मात्र होइन, सबै संसदवादी पार्टीहरुको यथार्थलाई बुझ्न सजिलो बनाएको छ। यसबारे संसदवादी दलहरु खासै संवेदनशील छैनन्। उनीहरुको लागि यी सामान्य र स्वभाविक घटना भइसके।

संसदका तीन ठूला दलीय सिण्डिकेटले विशीको इशारामा दोस्रो संविधानसभाबाट संविधान घोषणा गरेपनि मधेसी, थारु, जनजाति, दलित, महिलालगायत तल्लो वर्गका हक अधिकार सुनिश्चित गर्न नसकेको भनेर आधाभन्दा बढी जनता यो एक थान संविधानको विरोधमा छन्। तर सत्ताको लुँचाचुँडीमा लागेका दलहरु यो सवालमा उदासिन छन्। उनीहरु समस्या सुल्झाउनभन्दा बल्झाउन लागिपरेका छन्। यसरी समस्या बल्झाउन ठूला दलका दलाल नेताहरु सक्रिए छन्। उनीहरु विदेशीको डिजाइनमा मुलुकलाई निरन्तर अस्थीरतातर्फ धकेल्न चाहन्छन्।

जबसम्म यो देशका ठूला दल भन्नेहरु देश र जनतालाई मुख्य मानेर देशमा भएका समस्याहरु आफ्नै देशभित्रकै छलफलबाट सुल्झाउने संस्कारको विकास गर्दैनन्, त्योबेलासम्म नेपाल स्वतन्त्र हुन सक्दैन। हामीले हाम्रो परनिर्भरता आफैले बढाएका हौं। हामीसँग भएका साधनस्रोतको आफैले विकास गरेर देशभित्रै उत्पादन बढाएर रोजगारी सिर्जना गर्नुपर्नेमा देशका साधन स्रोत कमिशन खाएर जनतालाई रोजगारी दिने नाममा र विप्रेषण संकलन गर्ने नाममा म्यानपावर खोलेर देशका युवायुवतीलाई २१ औं शताब्दीको डिङ हाक्दै भेडाबाख्रा जस्तै बिक्री गर्न पुग्यौं। अब देश नराम्रोसँग दलदलमा फँसिसकेको छ। मधेसको वास्तविक जनता धेरै पीडित छन्। मधेसी जनताको नामबाट देशलाई विखण्डन गर्ने तत्वदेखि हामी सावधान हुनै पर्दछ। कहिले सडकबाट देश विखण्डनको प्रयास हुन्छ भने अब सरकारमा गएर पनि त्यस्तो प्रयास जारी रहन सक्छ।

नेपाल आज यस्तो कठिन अवस्थाबाट गुज्रिरहेको छ। त्यसको सही अवतरण खाँचो छ। अगाडिबाट ब्वाँसो धपाउँदा पछाडिबाट बाघ पस्ने खतरा छ। त्यसको एकमात्र समाधान भनेकै प्रगतिशील देशभक्त शक्तिको गठबन्धन खाँचो छ। अहिलेको सत्ता परिवर्तनको सवाललाई हेर्दा विदेशीको इशाराबाट यसको योजना बनाइरहेको हो भन्ने सहजै आँकलन गर्न सकिन्छ। भारतीय विस्तारवादले दक्षिण एसियामै बितण्डा मच्चाइरहेको छ। विषेश गरेर नेपालको वर्तमान अवस्थामा भारतीय हस्तक्षेप धेरै बढ्न गएको देखिन्छ। मुख्यतः भारतीयहरुको चासो भनेकै नेपालको जलस्रोत माथि छ। सकभर नेपाललाई भारतमा नै बिलय गराउने उसको मुख्य योजना हो। त्यसो हुन नसके नेपाल तराईको २२ जिल्ला फुटाएर तराई अलग देश बनाएर पाकिस्तानलाई फुटाएर बंगलादेश बनाएजस्तै त्यहाँ आफ्ना प्रतिनिधि मात्र बनाउने उसको उद्देश्य छ। त्यो पूरा हुन नसकेपछि सरकारमा गएर नेपालको जलस्रोतमाथि पीडीए/पीटीए लागु गर्ने उदेश्यबाट यो पछिल्लो गठबन्धन प्रेरित छ। हरेक पार्टीमा रहेका देशभक्त, वामपन्थी, प्रगतिशील व्यक्तिहरुको गठबन्धनले मात्र नेपाल र नेपालीको गौरव, राष्ट्रिय स्वाधीनता जोगाउन सक्छ। हामीले माओवादी केन्द्रको विगत र वर्तमानका बारेमा नेतृत्वको विचार, राजनीतिका बारेमा घामजत्तिकै छर्लङ्ग छ। परिवर्तनकामी विचारबाट यो विचलित भइसकेको छ। यसले पहिला त क्रान्तिकारी विचारलाई निमिट्यान्न पार्न खोज्दैछ। कम्युनिष्ट विचारलाई भ्रष्टीकरण गर्ने प्रयासतिर अघि बढिरहेको छ। काउत्स्की र वर्नस्टीन मध्यपन्थी बाटोतिर यिनीहरु डोहोर्‍याइएका छन्। प्रजातान्त्रिक समाजवाद नीतिसँग पनि यसको वैचारिक मेल खान्छ। तर कार्यशैली पद्धतिगत हिसाबले यसको कतै पनि मेल खाँदैन। यसले राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा विश्वास गुमाइसकेको छ। एक जना साथीले प्रचण्डको कार्यशैलीको आलोचना गर्दा 'सैतानले जिउँदोमा पनि सुख दिँदैन, मरेपछि पनि सुख दिँदैन' भन्नुहुन्थ्यो र पछि त उहाँपनि त्यही सैतानको घरभित्र पस्न पुग्नुभयो। उहाँकै शब्द सापटी लिएर भन्नुपर्दा सैतानकै घरभित्र पस्दा उहाँलाई कति तर्साउँदो हो ? एकपटक सोध्न मन लागेको छ।

नेपालका कम्युनिष्ट नामधारी पार्टीलाई संसदवादको लत लागि सकेको छ। त्यो संसदीय फोहोरी खेलमा फँसेर देश र जनतालाई धोका दिनु, शक्ति राष्ट्रको दलाली गरेर सत्तामा जान खोज्नु उनीहरुको खेती नै भएको छ। तर पनि खात्रो राष्ट्रवादको अभिमान गरिरहेका हुन्छन्। केपी ओलीले त्यही गरे, गरिरहेका छन्।

यतिखेरको अवस्थामा जनविश्वासलाई व्यवहारबाटै जित्नसक्ने क्रान्तिकारी राष्ट्रवादी र अन्तर ाष्ट्रियवादी नेतृत्वको आवश्यकता खट्किएको छ। त्यसको साहस, हिम्मत क्रान्तिकारी नेतृत्व, विचार, संगठनको सेटको आवश्यकता परिसकेको छ। लाखौं जनतालाई साथ लिएर देशलाई मुक्त गर्नु वीरहरुको काम हो। अब नेपाली जनता र राष्ट्रको बारेमा को बलभद्र, अम्मरसिंह थापा, भिमदत्त बन्ने र को लेण्डुप दोर्जे बन्ने भन्ने परीक्षाको घडी आइपुगेको छ। देशको सार्वभौम सत्ता, क्षेत्रीय अखण्डता, स्वाधीनता, स्वतन्त्रताका लागि खुट्टा कमाउन हुँदैन नेपाली जनता साथ दिन तयार छन्। नेपाली जनता राष्ट्रवादी भएको ज्वलन्त उदाहरण सप्तरी जिल्लाको तिलाठीमा अन्तर्राष्ट्रिय कानुन विपरीत भारतले एकलौटी रुपमा स्वेच्छाचारी तरिकाले बनाएको बाँध नेपाली तराईबासी वीर जनताले भत्काई दिएकालाई लिन सकिन्छ। राष्ट्रवादी ओठेभक्तिको औकात तिलाठी घटना उजागर गरिदिएको छ। अब नेपाली राष्ट्रवादी जनता भारतीय विस्तारवादविरुद्ध आफैं उठ्नेछन्। नेपालका सरकारमा बस्नेहरुले राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता र स्वाधीनताका लागि चुँसम्म पनि बोल्न कहिल्यै सकेन। अब जनता सरकारको मुख ताकेर बस्ने छैनन्। तिलाठीबाट थालनी भएको राष्ट्रिय स्वाधीनता र क्षेत्रीय अखण्डताको आन्दोलन देशभरि फैलिने छ। नेपालको माथिल्लो पहाडी क्षेत्रमा जलासययुक्त परियोजना बनाउन नदिने र सीमा क्षेत्रमा बाँध बनाउने र पर्खाल लगाउने भारतीय विस्तारवादको ज्यादतीविरुद्ध नेपाली राष्ट्रवादी देशभक्त जनताले तिलाठीका जनताबाट स्वाधीनता र स्वाभिमानको पाठ सिकौं ! तिलाठीबासी वीर नेपालीलाई मेरो पनि सलाम !

## भारतीय ज्यादतीका ...

शनिबारदेखि तिलाठी गाविसमा आफ्नो शिबिर संचालन गरेका छन्।

तिलाठीमा राखिएको स्वास्थ्य शिबिर दुई दिनसम्म चल्नेछ। सप्तरी उद्योग बाणिज्य संघको समन्वय तथा स्थानीय युवाहरुको सहयोगमा डा. केसी नेतृत्वको टोलीले शनिवार बाढी प्रभावित गाविस तिलाठीमा स्वास्थ्य उपचार शिविर सञ्चालन गरेका छन्। डा. केसीले तिलाठीका साथै रम्पुरा मल्हनियाँ, बिषहरिया, सकरपुरा गाविसका बाढीपीडितहरुसँग भेट गर्दै समस्या बुझेका छन्।

## क्रान्तिकारी माओवादीले ...

सल्लाहकार समितिमा पनि कतिपय कमरेडहरूलाई थपगरी समावेश गरिएको जनाएको छ।

### स्थानीय निकायबारे

सरकारद्वारा राज्य पुनर्संरचनाअन्तर्गत स्थानीय रूपमा प्रस्तावित सीमाङ्कनको प्रक्रिया अगाडि बढाइएको विषयमा क्रान्तिकारी माओवादीले आफ्नो धारणा सार्वजनिक गर्दै भनेको छ, "

(क) गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समानुपातिक प्रतिनिधित्व लगायतका कतिपय विषय आङ्शिक तथा मात्रात्मक रूपमा सकारात्मक रहेपनि समग्रमा वर्तमान संविधानले पुरानै राज्यसत्ताको संरक्षण गरेकोले त्यसप्रति हाम्रो पार्टीद्वारा असहमति तथा विरोध प्रकट गरिएको,

(ख) सरकारद्वारा जारी सीमाङ्कनको प्रक्रियाले सम्बन्धित पक्षको पहिचान, पहुँच तथा प्रतिनिधित्व गर्न नसक्ने देखिएको एवम् त्यो सङ्घीयताको मान्यता विपरीत हुन गएको,

(ग) त्यसमा जिल्ला एवम् वडाहरूलाई यथावतै राख्ने अवधारणा गलत देखिएको,

(घ) सो प्रस्तावमा यान्त्रिक रूपमा जनसङ्ख्या तोकिएको एवम् त्यसले भूगोलतर्फ ध्यान दिन नसकेको र,

(ङ) स्थानीय निकायलाई अनावश्यक रूपमा ठूलो बनाइएकोले जनतालाई काम गर्न गाह्रो हुने देखिएको स्थितिमाथि आवश्यक ध्यान दिँदै सम्बन्धित निकायमा आफ्नो विरोध तथा असहमति राख्ने निर्णय गरेको छ।

### कमाण्डस्तरीय प्रशिक्षण हुने

बैठक सकिएलगत्तै नेकपा (क्रान्तिकारी माओवादी)का नेताहरु क माण्डस्तरीय प्रशिक्षणमा जुटेका छन्। प्राप्त जानकारी अनुसार मध्य कमाण्डको प्रशिक्षण साउन ३०मा काठमाडौंमा राखिएको छ भने भाद्र १ गते पूर्वी कमाण्डको प्रशिक्षण सुनसरीको इटहरीमा राखिएको छ। त्यसैगरी भाद्र ८ गते मध्यपश्चिमी कमाण्डको प्रशिक्षण बुटबलमा राखिएको छ भने सुदूरपश्चिम कमाण्डको प्रशिक्षण भाद्र १० मा बाँकेको नेपालगञ्जमा राखिएको छ। यो प्रशिक्षणमा ती कमाण्डमा पर्ने राज्यहरुमा काम गर्ने राज्यस्तरका कार्यकर्ताहरुको सहभागिता रहने जनाइएको छ।

## अखिल क्रान्तिकारीको १६ बुँदे माग

◆ वर्गदृष्टि संवाददाता/चितवन

नेकपा (क्रान्तिकारी माओवादी) को भातृ संगठन अखिल क्रान्तिकारी चितवन जिल्ला समितिले शैक्षिक सुधारका विभिन्न १६ बुँदे मागपत्र पेश गरेको छ।

अखिल क्रान्तिकारी चितवनले संगठनका जिल्ला अध्यक्ष अमृत चापागाईको नेतृत्वमा जिल्ला शिक्षा अधिकारीलाई भेटेर १६ बुँदे मागपत्र बुझाएको हो।

राणाकालीन समयमा पढ्नका लागि राणा या राजा परिवारमा नै जन्मिनुपर्ने अवस्था जस्तो २१ औं शताब्दीमा गणतन्त्र स्थापना भइसकेपछि पनि शिक्षा जस्तो मौलिक अधिकारमा राज्य गम्भीर बन्न नसकेको र शिक्षामा भइरहेको निजीकरण र व्यापारिकरणको विरोध मागपत्रमा गरिएको छ।

क्रान्तिकारीले उच्चमाध्यमिक शिक्षालाई अनिवार्य र निःशुल्क गर्न, संशोधित शिक्षा ऐन लागू गर्न, सामुदायिक उच्चमाविको भौतिक पूर्वाधारको विकास गर्न, निजी क्षेत्रलाई क्रमशः राष्ट्रियकरण गर्दै लैजाने र सहकारी तथा ट्रष्ट मोडेलमा सञ्चालन गर्ने व्यवस्था गर्न, निजी क्षेत्रमा सञ्चालित शिक्षण संस्थामा भौतिक पूर्वाधार निर्माणका लागि विशेष प्राथमिकता दिन माग गरेको छ।

यसैगरी विनादर्ता सञ्चालित विद्यालय तथा कन्सलटेन्सी खारेज गर्न, सरकारी विद्यालयमा नियमित अनुमगन, विदेशीनाम राखेर सञ्चालन गरिएका विद्यालयको नाम परिवर्तन गराउन, विद्यार्थीले चाहेको शिक्षण संस्थामा सहज स्थानान्तरणको व्यवस्था गर्न, भूकम्पमा अभिभावक गुमाएकालाई छात्राबाससहित निःशुल्क शिक्षाको ग्यारेन्टी गर्न पनि अखिल क्रान्तिकारीले माग गरेको छ।

## जनयुद्धका सहिदमाथि ...

पटक र क्रान्तिकारी जनपरिषदको नेतृत्व गरेका डा.बाबुराम भट्टराई एक पटक प्रधानमन्त्री भइसकेका छन्। त्यस्तै, जनयुद्धमा जनसेनाको नेतृत्व गरेका नन्दबहादुर पुन पासाङ उपराष्ट्रपति र दर्जनौं नेता मन्त्री तथा सयौं सांसद बनिसकेका छन्। तर, उनीहरुको प्राथमिकतामा सहिद, घाइते, बेपत्ता र अंगभंग भएका पर्दैनन्।

बरु उनीहरुले गर्ने गरेका राजनीतिक नियुक्तिमा पनि सहिद, घाइते, वेपत्ताका परिवारभन्दा उनीहरुकै आसेपासे र निर्वाचनमा पैसा खर्च गरिदिने धनाढ्यले स्थान पाउने गरेका छन्।

पहिलो संविधान सभाको निर्वाचनपछि बनेको प्रचण्ड नेतृत्वको सरकारले १ लाख, बाबुराम भट्टराई प्रधानमन्त्री भएको समयमा दुई लाख र सुशील कोइराला नेतृत्वमा सरकार रहेका बेला १ लाख रुपैयाँ दिइएपनि त्यो रकम समेत सबैले पाउन नसकेको गुनासो सुनिने गरेको छ। बाँकी रकम दिने विषयमा भने सरकारमै रहेर पनि माके र उसका मन्त्रीहरुले आवाज उठाउने गरेका छैनन्।

केही समयअघि केपी ओली नेतृत्वको सरकारले थप दुई लाख रकम उपलब्ध गराउने निर्णय गरेपनि त्यसको बारेमा थप निर्णय भएको छैन। १० वर्षे जनयुद्धपछि शान्ति प्रक्रियाको समयमा भएको सहमति अनुसार त्यसपछि भएका विभिन्न आन्दोलनमा मारिएकालाई सहिद घोषणा गरिएपनि जनयुद्धका सहिद परिवारको हकमा भने लामो समयसम्म दलहरुबीच सहिद मान्ने या नमान्ने भन्नेमा नै विवाद भएको थियो।

त्यसपछि जनयुद्धका क्रममा मारिएकालाई सहिद घोषणा गरि राहत उपलब्ध गराउँन तत्कालीन सात दल र माओवादीबीच सहमति भएपनि त्यसलाई कार्यान्वयनमा लैजान माओवादीकै नेताहरु उदासिन बनेका कारण सहिद परिवार झनै विचल्लीमा पारेका छन्।

१० वर्षे जनयुद्धका क्रममा परिवारको नेतृत्व गर्ने, चेतनशील र अभिभावकीय भूमिकामा रहेका व्यक्ति नै बढी मारिएका र बेपत्ता पारिएका छन्। शान्तिप्रक्रिया सँगै राज्य र माओवादी पार्टीले अभिभावकत्व ग्रहण गर्ने र उनीहरुलाई राहत प्रदान गर्न भन्दा पनि सत्ताको लुछाचुँडीमा नै आफूलाई केन्द्रित गर्दा सहिद परिवारको चुल्हो बल्न धौधौ परेको हो।

यसैबीच, गत सातामात्रै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड दोस्रो पटक प्रधानमन्त्री बन्नुअघि मधेसवादी दलसँग भएको तीन बुँदे सम्झौता अनुसार मधेस आन्दोलनका सहिद परिवारलाई १० लाखका दरले तत्कालै राहत उपलब्ध गराउने, घाइतेको उपचार खर्च निकासा गर्ने लगायतका सहमति भएको छ। तरजनयुद्धका सहिद, घाइते, वेपत्ताको बारेमा एक शब्द पनि उल्लेख गरिएको छैन।

जनयुद्धपछि अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलनका क्रममा मारिएकाका परिवारले राहत पाइसक्दा पनि जनयुद्धमा प्रचण्डलगायतका नेतालाई बचाउन आफ्नो ज्यानको बाजी थाप्ने सहिदका परिवारले अझै राहत नपाउनु बिडम्बना नै हो।

राज्यको यस्तो विभेदकारी नीति र संसदवादी माओवादीको सत्तामा जान जस्तोसुकै सम्झौतापनि गर्ने नीतिले जनयुद्धका क्रममा मारिएका सहिदको अपमान र घोर अन्याय भएको सहिद परिवारले महसुस गर्न थालेका छन्।

जनअधिकार प्राप्तिका लागि भएको १० वर्षे जनयुद्धकै कारण आज देशमा नाम मात्रैको भएपनि गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक, समावेशीता लागू भएको छ तर सोही आन्दोलनमा मारिने सहिदप्रति गरिएको विभेदले परिवर्तनलाई नै गिज्याइरहेको प्रतीत हुन थालेको छ।

पछिल्लो समयमा मधेस आन्दोलनका क्रममा ज्यान गुमाएका तथा घाइतेहरुको नाममा मधेसवादी दलका नेताहरुले पार्टीका खातामा रकम उपलब्ध गराउँन माग गरेका छन्। यसले राज्यबाट प्राप्त हुने सो रकममाथि संस्थागत भ्रष्टाचार हुने सम्भावना अझ बढेको छ।

यसअघि जनसेनालाई दिने रकम तत्कालीन एमाओवादीले आफ्नो खातामार्फत् वितरण गरेको थियो। जनसेनाको टाउको गनेर लिएको सो पैसामा जनसेनाकै केही तत्कालीन कमाण्डरले भ्रष्टाचार गरेको भन्दै एमाओवादी विभाजित भएर नेकपा-माओवादी गठन भएको केहीसमयपछि भृकुटीमण्डपमा भएको विस्तारित बैठकका क्रममा कुर्सी हानाहान नै भएको थियो।

जनसेनाको पैसाका विषयमा चरम विवाद भएपछि पोष्टबहादुर बोगटी र अमिक शेरचनको नेतृत्वमा बेग्लाबेग्लै छानविन आयोग बनेका थिए। बोगटीको निधन भइसकेको छ भने शेरचन अझै माकेको नेतृत्व तहमा नै छन्। तर दुवै आयोगको प्रतिवेदनलाई अहिलेसम्म सार्वजनिक गरिएको छैन।

## प्रचण्डसँग भारत ...

यसैगरी उत्तरी छिमेकी मुलुक चीनले पनि नेपालको सत्ता परिवर्तनको विषयमा पहिलो पटक विदेशमन्त्रालयबाट नै विज्ञप्ती जारी गरेको छ। यसअघि चीनले नेपालमा सरकार परिवर्तनको विषयमा विज्ञप्ती जारी गर्ने गरेको थिएन। चिनियाँ विदेशमन्त्रालयले जारी गरेको विज्ञप्तीमा नेपालमा हुने सत्ता परिवर्तनले दुई देशबीचको सम्बन्धमा कुनै असर नगर्ने जनाएको छ। तर, नेपालको राजनीतिमा प्रचण्ड झुकाव कता हुन्छ भन्ने कुराले ठूलो महत्व राख्नेछ।

नेपालको संसदबाट प्रचण्ड प्रधानमन्त्रीमा निर्वाचित हुनेवित्तिकै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई ज्ञापन गर्दै भारत भ्रमणमा आउन आग्रह गरिसकेका छन् भने त्यसको भोलिपल्ट बिहानै भारतीय राजदूत रञ्जित रेले प्रचण्ड निवासमै गएर बधाईसहित मोदीको निम्तो हस्तान्तरण गरेका थिए।

प्रचण्ड प्रधानमन्त्री बनेपछि चिनियाँ राजदूत यु चुन्ताईले पनि प्रचण्डलाई भेटेर बधाई दिएका थिए। उनले प्रचण्डलाई बधाई दिए र पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि उनको बालकोटस्थित निवासमा नै गएर भेटवार्ता गरेका छन्। भेटमा द्विपक्षीय हित तथा आपसी चासोको विषयमा कुराकानी भएको बताइएको छ।

प्रधानमन्त्रीमा निर्वाचित प्रचण्डलाई चीन र भारतसँगै दक्षिण एसियाली मुलुकहरु पाकिस्तान, भुटानका प्रधानमन्त्रीले पनि बधाई दिएका छन् भने अन्य देशबाट समेत शुभकामना आउने क्रम जारी नै छ।

तर दक्षिणी छिमेकीबाट शुभकामना र बधाईसँगै आएको महावाणीको बारेमा भने केही खुलेको छैन। तर, नेपालको राजनीतिमा प्रत्यक्ष र परोक्ष रुपमा हस्तक्षेपकारी भूमिका खेल्दै आएको भारतले आफ्नो अनुकूल संविधान नआएको भन्दै सार्वजनिक असन्तुष्टि मात्रै जनाएन मधेसवादी दलको आवरणमा नाकाबन्दी नै गर्न पुग्यो।

ओली सरकार ढाल्नका लागि कम्मर कसेर लागेको भारतले केही महिनाअघि दिल्लीमा नै बोलाएर माकेका अध्यक्ष प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवासँग छलफल गरेको थियो। नेपालमाथि गत वर्षको असोजदेखि औपचारिक रुपमा पछि परेको दिल्लीले झण्डै नौं महिना लामो प्रयासपछि आफ्नो हात माथि पार्न सफल भएको छ। यसले राष्ट्रवादी शक्ति र सार्वभौमिकता र स्वाधीनताको पक्षमा रहेका शक्तिहरुका लागि भने अर्को आशंका पैदा गरिदिएको छ।

प्रधानमन्त्रीका लागि आफ्नो उम्मेदवारी प्रस्तुत गर्दा प्रचण्डले निवर्तमान प्रधानमन्त्री केपी ओलीसमक्ष फास्ट ट्रयाक सहितका राष्ट्रिय गौरवका आयोजना सरकारले नै बनाउने तर स्रोत देखाइदिन आग्रह गरेका थिए। केही समयअघि फास्ट ट्रयाक निर्माणका लागि भारतलाई जिम्मा दिने विषयमा आफ्नो भनाई राखेपछि कांग्रेस सभापति देउवाले विज्ञप्ति नै जारी गरेर त्यसको खण्डन गरेका थिए।

अहिले आएर प्रचण्डले स्रोत नभएको बाहानामा फेरि पनि फास्ट ट्रयाक, काठमाडौं तराई द्रुतमार्गलगायतका आयोजना भारतलाई सुम्पिने संकेत गरेका छन्। यसो भयो भने राष्ट्रघाती कदम चाल्नेमा उनले अर्को ईंटा थप्नेछन्।

प्रकाशक : रामसिंह बुढाथोकी, प्रधान सम्पादक : कुमार शाह, सम्पादक : इन्द्र राउत, सहसम्पादक : केशरमणि कटुवाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं